# नेपाली बाल साहित्यमा श्याम प्रसाद शर्माको योगदान

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक
शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय
विभागको एम.ए. दोस्रो वर्षको
दसौँ पत्रको प्रयोजनका
लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी
सीता मिश्र
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्व विद्यालय
कीर्तिपुर

२०७०

## शोध निर्देशको मन्तव्य

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत एम.ए. दोस्रो वर्षकी छात्रा सीता मिश्रले **"नेपाली बाल साहित्यमा श्याम प्रसाद शर्माको योगदान"** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । लगनशीलता र परिश्रमपूर्वक तयार पार्नु भएको यो शोधपत्रप्रति म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.........................................

प्रा.डा. जीवेन्द्र देव गिरी

(शोध निर्देशक)

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर

मिति : २०७०/५/

**त्रिभुवन विश्व विद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको शैक्षिक सत्र २०६६/६७ की छात्रा सीता मिश्रले स्नातकोत्तर तह नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **'नेपाली बाल साहित्यमा श्याम प्रसाद शर्माको योगदान'** शीर्षकको शोध पत्र मूल्याङ्कन समितिद्वारा आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कनका समिति**

| **क.सं.** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|
| १. | प्रा.डा. देवी प्रसाद गौतम<br>(विभागीय प्रमुख) | ................................... |
| २. | प्रा.डा. जीवेन्द्र देव गिरी<br>(शोध निर्देशक) | ................................... |
| ३. | उपप्रा. कर्णाखर खतिवडा<br>(बाह्य परीक्षक) | ................................... |

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र '**नेपाली बाल साहित्यमा श्याम प्रसाद शर्माको योगदान**' मैले त्रिभुवन विश्व विद्यालय नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा.डा. जीवेन्द्र देव गिरीज्यूका निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्रका तयारीमा आफ्नो कार्य व्यस्तताका बिचमा पनि अमूल्य समय दिई उचित सल्लाह, सुझाव तथा मार्ग निर्देशन प्रदान गरी यसलाई मूर्त रूप दिन अभिप्रेरित गर्नु हुने शोध निर्देशक श्रद्धेय गुरुप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोध प्रस्तावलाई विभागीय स्वीकृति दिई शोध कार्य गर्ने सुअवसर प्रदान गर्नु भएकामा विभागीय प्रमुख प्रा.डा. देवी प्रसाद गौतम ज्यूप्रति म आभारी छु । शोधकार्य तयारी गर्ने क्रममा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि.वि. केन्द्रीय पुस्तकालय, नेपाली केन्द्रीय विभागको विभागीय पुस्तकालय र कर्मचारीहरूप्रति आभार प्रकट गर्दछु । शोधपत्र तयार गर्ने क्रममा आवश्यक सामग्री र सरसल्लाह दिनु हुने शोध नायक श्याम प्रसाद शर्मा र उहाँकी छोरी सम्झनाप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

मलाई व्यावहारिक र आर्थिक रूपमा सहयोग गरी यस अवस्थासम्म ल्याई सदा आशीर्वचन प्रदान गर्नुहुने मेरा पूजनीय माता पिता खीनमाया मिश्र र पुष्प मिश्र साथै दाजु भाउजु डा. विष्णु प्रसाद मिश्र र डा. अनामिका मिश्रप्रति म ऋणी बनेकी छु । साथै टाइपमा सहयोग गर्नुहुने युनिभर्सल इन्स्टिच्युटका जनकबहादुर सामरी, दाजु दीपक निरौला र विभिन्न क्षेत्रमा सहयोग गर्ने मित्रहरू कल्पना रेग्मी, निलम महरा र अन्य सम्पूर्ण मित्रहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा आवश्यक मूल्याङ्कनका लागि प्रस्तुत शोधपत्र नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र : २०६६/०६७
क्रमाङ्क सङ्ख्या : २५१
त्रि.वि.वि. दर्ता नं. : ६-२-२-१६६३-२००५

..................................
**सीता मिश्र**
त्रिभुवन विश्व विद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं ।

# विषय सूची

१. परिच्छेद एक: शोध परिचय — पृष्ठ सङ्ख्या

१.१ विषय परिचय १

१.२ समस्या कथन २

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधको औचित्य र महत्त्व ६

१.६ अध्ययनको सीमा ६

१.७ सामग्री सङ्कलन विधि ७

१.८ शोध विधि ७

१.९ शोधपत्रको रूपरेखा ७

२. परिच्छेद दुई : श्याम प्रसाद शर्माको जीवनी र व्यक्तित्व

२.१ जीवनी ८

२.१.१ जन्म र बाल्यकाल ८

२.१.२ पारिवारिक पृष्ठभूमि र आर्थिक अवस्था ९

२.१.३ शिक्षादीक्षा ९

२.१.४ दाम्पत्य जीवन १०

२.१.५ लेखन आरम्भ ११

२.१.६ जेल जीवन १२

२.१.७ भूमिगत जीवन १२

२.१.८ भ्रमण १४

२.२ व्यक्तित्व १४

२.२.१ निजी व्यक्तित्व १४

२.२.२ सामाजिक व्यक्तित्व १५

२.२.३ राजनीतिक व्यक्तित्व १६

२.२.४ साहित्यकार व्यक्तित्व १७

२.२.४.१ निबन्धकार व्यक्तित्व १७

२.२.४.२ बाल साहित्यकार व्यक्तित्व १८

२.२.४.३ कवि तथा गीतकार व्यक्तित्व १९
२.२.४.४ डायरी लेखक व्यक्तित्व १९
२.२.४.५ अनुवादक व्यक्तित्व २०
२.२.४.६ समालोचक व्यक्तित्व २०
२.२.४५ सम्पादक व्यक्तित्व २१
२.२.६ पत्रकार व्यक्तित्व २२
२.२.७ प्रबन्धकार व्यक्तित्व २३
२.२.८ सम्मान तथा पुरस्कार २३
२.३ निष्कर्ष २६
३. परिच्छेद तिन : बाल साहित्यिक कृतिहरूको विश्लेषण
३.१ बाल साहित्यको सामान्य परिचय र परिभाषा २८
३.२ बाल साहित्यिक कृतिहरूको परिचय ३१
३.३ बाल साहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण ३१
३.३.१ बाल बालिकाको अध्ययनका निम्ति सिर्जित बाल साहित्यको विश्लेषण ३२
३.३.१.१ 'मेरी सानी साथी' बालगीत सङ्ग्रहको विश्लेषण ३३
३.३.१.२ 'हामी हुन्छौँ बलियो' बालगीत सङ्ग्रहको विश्लेषण ४८
३.३.१.३ 'हाम्रो इच्छा' बालगीत सङ्ग्रहको विश्लेषण ५६
३.३.१.४ 'राम्रो-नराम्रो' बालगीत सङ्ग्रहको विश्लेषण ७१
३.३.२ प्रौढहरूको अध्ययनका निम्ति सिर्जित बाल साहित्यिक कृतिहरूको विश्लेषण ७५
३.३.२.१ बालशिक्षा ७६
३.३.२.२ बहिनीलाई चिठी भाग १ ७७
३.३.२.३ बहिनीलाई चिठी भाग २ ७८
३.३.२.४ चीनका पुराना नीतिकथाहरू ८०
३.३.२.५ हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता ८१

३.३.२.६ केही कविता : केही गीत ८२

३.३.२.७ मेरा गीतहरू : तिम्रा स्वरहरू ८४

३.३.३ निष्कर्ष ८६

३.४ निष्कर्ष ८७

४. परिच्छेद चार : नेपाली बाल साहित्यमा योगदान

४.१ विधागत योगदान ८८

४.२ कृतिगत योगदान ८९

४.३ विषयगत योगदान ९३

४.४ प्रवृत्तिगत योगदान ९८

४.५ भाषागत योगदान १०१

४.६ लयगत योगदान १०२

४.७ संरचनागत योगदान १०३

४.८ अन्य योगदान १०४

४.९ निष्कर्ष १०५

५.परिच्छेद पाँच : उपसंहार

५.१ सारांश १०८

५.२ प्राप्ति ११४

५.३ सम्भावित शीर्षकहरू ११६

सन्दर्भ कृति सूची ११७-१२०

## सङ्क्षिप्तीकृत शब्द सूची

| | |
|---|---|
| अनु. | अनुवाद |
| इ.सं. | इस्वी संवत् |
| क्र.स. | क्रम सङ्ख्या |
| गा.वि.स. | गाँउ विकास समिति |
| दो.सं. | दोस्रो संस्करण |
| नेकपा | नेपाल कम्युनिस्ट पार्टी |
| ने.प्र.प्र. | नेपाल प्रज्ञा पतिष्ठान |
| नेबासास | नेपाल बाल साहित्य समाज |
| प्रलेस | प्रगतिशील लेखक सङ्घ |
| प्रा. | प्राध्यापक |
| पृ. | पृष्ठ |
| बी.ए. | व्याचलर अफ आर्टस् (स्नातक) |
| वि.सं. | विक्रम संवत् |
| त्रि.वि.वि. | त्रिभुवन विश्व विद्यालय |

## परिच्छेद एक
# शोध परिचय

### १.१ विषय परिचय

नेपाली साहित्यका क्षेत्रमा कलम चलाउने बहुमुखी प्रतिभाका धनी श्याम प्रसाद शर्मा वरिष्ठ बाल साहित्यकार पनि हुन् । वि.सं. १९८६ मा मकवानपुर जिल्लामा जन्मेका शर्मा वि.सं. २००१ बाट लेखन क्षेत्रमा प्रवेश गरेका हुन् । वि.सं. २००१ मा **'गाउँको सफाई'** नामक मौलिक रचना लिएर लेखनमा प्रवेश गरेका शर्माको पहिलो औपचारिक साहित्यिक रचना 'उदय' पत्रिकामा प्रकाशित हिन्दी कविताको अनुवाद **'सन्देश'** (२००२) कविता हो । शर्माको बाल साहित्यका क्षेत्रमा वि.सं. २००७ मा प्रकाशित **'बालशिक्षा'** नामक कृति  पहिलो प्रकाशित कृति हो ।

बाल साहित्यकार श्याम प्रसाद शर्माका वि.सं. २००७ देखि हाल सम्ममा लगभग एक दर्जन जति पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । साहित्यमा गद्य र पद्य दुवै विधामा कलम चलाउने शर्माले बाल साहित्यका क्षेत्रमा पनि गद्य र पद्य दुवै विधाका कृतिहरू प्रकाशित गरेका छन् । उनका हाल सम्मका बाल साहित्यिक कृतिहरूमा गद्य साहित्य अन्तर्गत **'बालशिक्षा'** (२००७), **'बहिनीलाई चिठी भाग-१'** (२००८), **'बहिनीलाई चिठी भाग २'** (२०१२), **'चीनका पुराना नीति कथाहरू'** (अनुवाद २०२४) र **'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता'** (२०४७) हुन् भने पद्य साहित्य अन्तर्गत **'मेरी सानी साथी'** (२०४३), **'केही कविता : केही गीत'** (२०४३), **'हामी हुन्छौँ बलियो'** (२०५२), **'हाम्रो इच्छा'** (२०५६), **'मेरा गीतहरू : तिम्रा स्वरहरू'** (२०६१) र **'राम्रो-नराम्रो'** (२०६६) पर्दछन् । यी बाहेक उनका विभिन्न पत्र पत्रिकाहरूमा लेख रचनाहरू प्रकाशित भएका छन् ।

विशेष गरी सामाजिक, नैतिक, व्यावहारिक, स्वास्थ्य सम्बन्धी, बाल स्वभावसँग सम्बन्धी र हकहितका विषयलाई अँगालेर रचिएका शर्माका बाल साहित्यिक रचनाहरू बाल बालिका साथै अभिभावक समेतलाई चेतनामूलक छन् ।

## १.२ समस्या कथन

नेपाली साहित्यका क्षेत्रमा कलम चलाउने एक विशिष्ट साहित्यकार श्याम प्रसाद शर्माले विविध साहित्यिक विधामा कलम चलाएका छन् । यसरी विविध विधामा कलम चलाउने शर्माका बाल साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान पाउन सकिन्छ । उनको बाल साहित्यमा योगदानको समीक्षा विभिन्न पत्र पत्रिकामा समान्य रूपमा भए पनि समग्र बाल साहित्यमा योगदानको विस्तृत अध्ययन भएको पाइदैन । सम्पूर्ण बाल साहित्य नै अन्य साहित्य भन्दा अलि पछाडि परेको देखिन्छ । त्यसैले बाल साहित्यकार श्याम प्रसाद शर्माका प्रकाशित बाल साहित्यिक कृतिहरूलाई आधार मानेर निम्न समस्याहरूको अध्ययन यस शोधपत्रमा गरिएको छ :-

१. साहित्यकार श्याम प्रसाद शर्माको जीवनी र व्यक्तित्व पक्ष के कस्तो रहेको छ ?
२. श्याम प्रसाद शर्माका बाल साहित्यक कृतिहरू के कस्ता रहेका छन् ?
३. नेपाली बाल साहित्यमा श्याम प्रसाद शर्माको योगदान के कस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

नेपाली बाल साहित्यकार श्याम प्रसाद शर्माका बाल साहित्यिक कृतिहरूका आधारमा समस्या कथनभित्र रहेर निम्न कार्य गर्नु नै यस शोधपत्रको उद्देश्य रहेको छ :-

१. श्याम प्रसाद शर्माका जीवनी र व्यक्तित्वको अध्ययन गर्नु ।
२. श्याम प्रसाद शर्माका बाल साहित्यिक कृतिहरूको परिचय, अध्ययन र विश्लेषण गर्नु ।
३. नेपाली बाल साहित्यका क्षेत्रमा श्याम प्रसाद शर्माले पुऱ्याएको योगदानको निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यकार श्याम प्रसाद शर्मा नेपाली बाल साहित्यकारका रूपमा योगदान पुऱ्याउने एक विशिष्ट प्रतिभा हुन् । शर्मा एक मात्र नभएर बहुमुखी प्रतिभाका धनी भएकाले गर्दा उनको अन्य विधा र बाल साहित्यिक कृतिहरूका बारेमा विभिन्न पत्र पत्रिका लेख

रचनाहरू र पुस्तकहरूमा टिका टिप्पणीहरू भएका छन् । तिनै टिका टिप्पणीहरूलाई नै यहाँ पूर्व कार्यको समीक्षाको रूपमा प्रस्तुत गरिएको छ :-

गौरी प्रधान, (२०४७) ले 'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता' को 'भूमिका ' मा २३ वर्ष लामो भूमिगत जीवनमा पनि प्रगतिवादी साहित्यलाई पृष्ठपोषण गर्दै आएका र बाल बालिकाका निम्ति भनेर लेखिरहेका श्याम प्रसाद शर्माले बाल बालिकाहरूलाई हुर्काउने, बढाउने, खेलाउने, पढाउने र सम्झाउने जस्ता व्यवहारोपयोगी कुरालाई सरल भाषामा व्यक्त गरेका छन् । बालकको विकासशील जीवनका निमित्त नभई नहुने कुराहरू भनेको वयस्कहरूको माया, स्याहार र समझदारी हो भन्दै कुनै मानिस कुनै बालकको आमा, बा, दाजुभाइ हुनुभन्दा पनि बालकहरूको हितका निम्ति उसले के गरेको छ भन्ने कुरा ठुलो हुन्छ र यस विषयमा श्याम प्रसादको भूमिका महत्त्वपूर्ण छ भने कुरा व्यक्त गरेकी छन् ।

घनश्याम न्यौपानै, (२०६१) ले 'मधुपर्क' पत्रिकामा 'साहित्य र राजनीतिका परिवृतमा श्याम प्रसाद' नामक लेखमा मार्क्सवादी चिन्तक र प्रगतिवादी सर्जक श्याम प्रसादको जीवनी, कृतित्व र साहित्यिक एवं राजनीतिक योगदानको चर्चा गरेका छन् । राजनीतिक धरातलमा एक वामपन्थी विचारक र चिन्तक शर्मा साहित्यिक जगतमा प्रगतिवादी स्रष्टाका रूपमा परिचित छन् । दृष्टा व्यक्तित्वमा श्याम प्रसाद पत्र साहित्य, डायरी साहित्य र बाल साहित्यका सर्जक पनि हुन् भन्दै राजनीतिलाई जमिन र साहित्यलाई औजार बनाएर जीवनको कार्यपटमा किशोर अवस्थादेखि वृद्धावस्थासम्म समान रूपले लागिरहने उनी कथनी र करणीका संवाहक हुन् भनी उनको उच्च मूल्याङ्कन गरेका छन् साथै उनका बालगीतहरू 'हाम्रो इच्छा', 'मेरी सानी साथी', 'हामी हुन्छौँ बलियो' जस्ता कृतिहरूमा उनले मूलतः बाल बालिकालाई स्वास्थ्य र सदाचार सम्बन्धी शिक्षा दिने विषयमा केन्द्रित छन् भन्ने कुरा व्यक्त गरेका छन् ।

जनक प्रसाद हुमागाईं, (२०५६) ले 'नेपाली बाल साहित्यको इतिहास' नामक पुस्तकमा बाल साहित्यका क्षेत्रमा लामो समयदेखि सक्रिय श्याम प्रसाद धेरै नेपालीका लागि एक आदर्श व्यक्तित्वका रूपमा रहेका छन् भने उनका बाल साहित्यका स्रोत बाल बालिका नै हुन् भन्ने कुरा अभिव्यक्त गरेका छन् ।

जीवेन्द्र देव गिरी, (२०६१) ले 'नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान' नामक पुस्तकमा कविता, संस्मरणात्मक निबन्धकार एवं बाल साहित्यका सैद्धान्तिक मान्यता र चिन्तनका विषयमा योगदान गर्ने साहित्यकारका रूपमा उनलाई चिनाएका छन् । नेपाली बाल पत्रिकामाभ्फ वैचारिक प्रतिवद्धतालाई साहित्यका विभिन्न विधामार्फत् छर्ने श्याम प्रसादप्रति श्रद्धा समन प्रकट गरेका छन् ।

जीवेन्द्र देव गिरी, (२०६९क) ले 'नेपाली प्रगतिवादी साहित्यका विशिष्ट आयाम' नामक पुस्तकमा 'श्याम प्रसाद : नेपाली प्रगतिवादी साहित्यका स्कुल' शीर्षकमा श्याम प्रसादका गीत र कविताहरू उद्देश्यमूलक ढङ्गले बाल बालिका र तिनका अभिभावकलाई मानसिक र शारीरिक रूपमा स्वस्थ पार्ने दिशातिर लक्षित छन् । वर्तमान समयमा यिनको प्रचार प्रसार अझ व्यापक रूपमा हुनुपर्ने हो किनकि हिजो सरल विचार फिजाउन पनि जोखिमपूर्ण थियो तर आज स्थिति परिवर्तन भएको छ । एक बाल साहित्यकारका रूपमा राष्ट्रका तमाम बाल बालिकाका मार्ग दर्शक त उनी हुँदै हुन्, कैंयन बाल साहित्यका सर्जकहरूमा पनि एक केन्द्रिय व्यक्तित्व हुन् भन्ने कुरा सबैले हृदयङ्गमन गर्न आवश्यक छ भन्ने कुरा व्यक्त गरेका छन् ।

जीवेन्द्र देव गिरी, (२०६९ख) ले 'रचनामा विवेचना' नामक पुस्तकको 'बाल साहित्य, प्रेम विवाह र महिला मुक्तिका सन्दर्भमा श्याम प्रसाद' भन्ने शीर्षकमा बाल बालिकाको सर्वाङ्गीण विकासका लागि विभिन्न पक्षहरूलाई झकझक्याउँदै स्वयं बाल साहित्यका रचनामा तल्लीन रहेका श्याम प्रसादको योगदान बाल साहित्यका सिर्जनामा मात्र नभएर तमाम सर्जकहरूलाई ऊर्जा प्रदान गर्नुमा रहेको छ भन्ने कुरा व्यक्त गरेका छन् ।

धर्मराज अधिकारी, (२०४३) ले 'श्याम प्रसाद शर्माको जीवनी र व्यक्तित्व' स्नातकोत्तर शोधपत्रमा बाल साहित्य अन्तर्गतका बालगीत सङ्ग्रहहरूमा उनको राम्रो र उल्लेखनीय योगदान भएको र बाल हकहितका कुरालाई प्राथमिकताका साथ उठाएको कुरा व्यक्त गरेका छन् ।

धर्मराज अधिकारी, (२०६९) ले 'श्याम प्रसाद शर्माको प्रबन्धगत योगदान' नामक पुस्तकमा बाल बालिका, उनीहरूका अभिभावक र शिक्षक शिक्षिकाप्रति सम्बोधन गरी लेखिएका श्याम प्रसादका रचनामा बालकहरू र उनीहरूका मानसिकताको अध्ययन गर्न

खोजिएको छ । उनीहरूलाई हाम्रो समाजले, परिवारले र राष्ट्रले नै महत्त्व दिनु पर्दछ भन्ने आशयबाट शर्माले तिनका अभिभावकहरूलाई सामाजिक दायित्वबोध गराउन खोजेका छन् भन्ने कुरा व्यक्त गरेका छन् ।

नानीमैयाँ अधिकारी, (२०६५) ले 'श्याम प्रसाद : अक्षरको अभिवादन' नामक पुस्तकको 'आँखामा राख्दा नबिझाउने व्यक्ति' लेखमा आफ्ना लेखजस्तै सरल र पुस्तकका गुनिला हरफ जस्तै ज्ञानी, दैनिक क्रियाकलाप, आनीबानी र व्यवहारमा सधैँ सजग, सचेत र केटाकेटीप्रति अति मायालु श्याम प्रसाद प्रति सम्मानभाव प्रकट गरेकी छन् ।

प्रकाशकीय हाम्रो इच्छा, (२०५६) मा बालगीतबारे "बालसुलभ मस्तिष्कमा सहज तर प्रभावकारी सन्देश दिने प्रमुख विधा हो बालगीत" भनिएको छ । मनोवैज्ञानिक तवरले चेतनाको ज्योति प्रवाह गर्ने ? स्वस्थ मनोरञ्जनका साथै असल चरित्र निर्माण गर्नेदेखि सुसंस्कृत व्यवहार गर्ने कार्यमा समेत ती बालगीतहरूको भूमिका महत्त्वपूर्ण रहन गएको ठानिएको छ । बाल साहित्यका विशिष्ट पक्षप्रति सचेत र सतर्क लेखक श्याम प्रसादको बाल बालिकामा चरित्र निर्माण गराउने, सिर्जना र रचनातर्फ जोड दिन प्रयत्न गर्ने कार्यको प्रशंसा गर्दै ज्ञान विज्ञान, गणित, वातावरण, नैतिक दृष्टान्त र असल व्यवहार र मनोरञ्जक बालगीत पस्किएकोमा उनीप्रति साधुवाद दिइएको छ ।

बद्री कोइराला, (२०६१) ले 'तरुण' पत्रिकामा 'साहित्यबाट समाज सुधार गर्न चाहने साहित्यकार' नामक लेखमा शर्माले आफ्ना पुस्तकहरूमा प्रेम विवाह, महिला, आर्थिक कारोबार, साथीभाइ र बाल बालिका लगायतका क्षेत्रमा विद्यमान समस्याहरूको घटना प्रधान हिसाबले रोचक प्रस्तुति गर्नु भएको छ भनी उल्लेख गरेका छन् ।

बासुदेव अधिकारी, (२०४७) ले 'लहर' पत्रिकामा 'युग निर्माणको पुस्तक' नामक लेखमा 'हाम्रा बाल बालिकाहरु : हाम्रो नयाँ पुस्ता' को कृति परिचयमा बाल बालिकालाई मनोवैज्ञानिक तवरबाट सपार्ने र सुधार्ने चाह राखेका लेखकले उनीहरूप्रति अभिभावकको कर्तव्य र दायित्व बोधको भावना जागृत गराएको कुरा उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदी, (२०६१) ले 'नेपाली समालोचन परम्परा र प्रवृत्ति' नामक पुस्तकको 'श्याम प्रसाद शर्मा' शीर्षकमा श्याम प्रसादका बाल साहित्यमा विद्यमान योगादनको चर्चा गर्ने क्रममा बाल चरित्र निर्माणका लागि जुटेका उनका बाल सामग्री नेपाली साहित्यको बाल पाठ्य सामग्री रचना निर्माणका क्रममा भएको मानेका छन् भन्ने कुरा व्यक्त गरेका छन् ।

शारदारमण नेपाल, (२०४७ ले 'जनमत' पत्रिकमा 'बाल बालिकाहरूका निमित्त बूढा कविताहरू' नामक लेखमा विभिन्न उपनामबाट लेख्ने श्याम प्रसादका बाल कविताहरू उद्देश्यमूलक छन्, सरल छन्, स्वभाविक र सार्थक छन् न कि उपदेशमूलक भनेर टिप्पणी गरेका छन् ।

## १.५ शोधको औचित्य र महत्त्व

नेपाली बाल साहित्यकार श्याम प्रसाद शर्मा बाल साहित्यका क्षेत्रमा कलम चलाउने एक महत्त्वपूर्ण व्यक्तित्व हुन् । नेपाली साहित्यका क्षेत्रमा र बाल बालिका माझमा उनका सबै कृतिहरू एक नवीनतम् प्राप्ति हुन् । बाल साहित्यका परम्परा र विकासमा यिनका योगदानको आफ्नै मूल्य र महत्त्व छ । अन्य विधाका तुलनामा बाल साहित्यिक क्षेत्रका प्रतिभा र उनीहरूका कृतिहरूका बारेमा त्यति मूल्याङ्कन र विश्लेषण हुन सकेको पाइदैन । त्यसैले नेपाली बाल साहित्यमा श्याम प्रसाद शर्माको योगदानको मूल्याङ्कन गर्नु र उनका बाल साहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण गर्नु नै यस शोधकार्यको औचित्य रहेको छ । कुनै पनि कुराको खोजी, अध्ययन र विश्लेषण नगरी त्यसको योगदान र विकास थाहा नहुने हुनाले र श्याम प्रसाद शर्माको बाल साहित्यमा योगदानका बारेमा जिज्ञासु पाठकहरूका लागि पनि यो शोधकार्यको महत्त्व र उपयोगिता रहेको छ ।

## १.६ अध्ययनको सीमा

बाल साहित्यकार श्याम प्रसाद शर्माका बाल साहित्य यात्राको थालनीदेखि हालसम्म पुस्तकाकार रूपमा प्रकाशित बाल साहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण गरी तिनै कृतिहरूका आधारमा उनले बाल साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको निरूपण गर्नु नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र सम्बन्धित पुस्तकहरूको अध्ययन र सम्बन्धित कृतिहरू र श्याम प्रसादका बारेमा गरिएका विभिन्न पत्र पत्रिकाको टिका टिप्पणीहरूको अध्ययनबाट तयार गरिएको हुनाले मूलतः पुस्तकालय विधिको प्रयोग गरिएको छ साथै शोध नायकसँगको भेटघाट र सम्पर्कबाट पनि सामग्री सङ्कलन गरिएको छ ।

## १.८ शोध विधि

प्रस्तुत शोधकार्यमा जीवनीपरक, कृतिपरक र समालोचनापरक कृतिहरूको सङ्कलन गरी ती सामग्रीहरूको अध्ययनबाट व्याख्यात्मक र विश्लेषणात्मक पद्धतिद्वारा शोध पत्र तयार गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । शोधपत्रको रूपरेखा निम्न प्रकारको छ :-

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : जीवनी र व्यक्तित्व

तेस्रो परिच्छेद : बाल साहित्यक कृतिहरूको अध्ययन र विश्लेषण

चौथो परिच्छेद : नेपाली बाल साहित्यमा योगदान

पाँचौ परिच्छेद : उपसहांर

सन्दर्भ कृति सूची

## परिच्छेद दुई

# श्याम प्रसाद शर्माको जीवनी र व्यक्तित्व

### २.१ जीवनी

जीवनी भनेको कुनै पनि व्यक्तिको जन्मेदेखि मृत्यु नहुन्जेलसम्म भएका र घटेका कार्य वा घटनाको विवरण हो । यसमा जन्म, बाल्यकाल, आर्थिक अवस्था, शिक्षादीक्षा देखि जीवनमा अरु जति पनि कार्य भए त्यसैलाई समेटिएको हुन्छ । श्याम प्रसाद शर्मा नेपाली साहित्य र साहित्येतर क्षेत्रमा योगदान पुऱ्याउने एक बहुमुखी व्यक्तित्व हुन् । त्यसैले उनको जन्म मिति वि.सं. १९८६ असार ६ देखि हालसम्मको अध्ययनबाट जीवनी तयार गरिएको छ । उनको जीवनी पक्षलाई अझ स्पष्ट बुझ्नका लागि विभिन्न शीर्षक र उपशीर्षकमा राखेर विभाजन गरी अध्ययन गरिएको छ ।

### २.१.१ जन्म र बाल्यकाल

श्याम प्रसाद शर्माको जन्म वि.सं. १९८६ असार ६ गते मकवानपुर जिल्लाको मन्थली गा.वि.स. अन्तर्गत सोलीथुम गाउँमा भएको हो (शोध नायकबाट प्राप्त जानकारी) । उनका पिताको नाम जोगनाथ लामिछाने 'उपाध्याय' र माताको नाम हुत कुमारी देवी लामिछाने 'उपाध्याय' हो । उनको वास्तविक नाम श्याम प्रसाद लामिछाने 'उपाध्याय' हो । पिता जोगनाथ लामिछानेकी जेठी पत्नी जीवप्रिया देवीबाट सन्तान नभएपछि उनकै बहिनी हुत कुमारी देवीसँग दोस्रो विवाह भएपछि श्याम प्रसाद लामिछानेको जन्म भएको हो । यिनै श्याम प्रसाद लामिछाने पछि साहित्य र अन्य क्षेत्रमा समेत 'श्याम प्रसाद शर्मा' नामले परिचित छन् ।

श्याम प्रसाद शर्माको ५ वर्षसम्मको बाल्यकाल जन्म स्थान सोलीथुम गाउँमै बित्छ । सोलीथुमको आयस्ताले नपुग्ने भएपछि उनका पिताले परिवार नै वीरगन्जको श्रीपुर भन्ने ठाउँमा बसाइँ सारे (अधिकारी, २०६९क : २) । वीरगन्ज गएको केही महिनामै आमाको मृत्यु भयो । आमाको मृत्युपछि उनको लालनपालनको सम्पूर्ण जिम्मा ठुली आमाले नै लिइन् । ठुली आमाको पालनपोषणबाट हुर्कर्द बढ्दै जाँदा उनी तेह्र वर्षको हुँदा बुबाको पनि मृत्यु भई टुहुरो भए पनि ठुली आमाको मातृ वात्सल्यले गर्दा कहिल्यै उनलाई टुहुरो हुनुको

अनुभव भएन । ठुली आमाको मातृस्नेहसँगै कहिले मावली घर काठमाडौं र कहिले आफ्नो घर भएको स्थान गर्दै उनको बाल्यकाल केही दुःख भए पनि सुखको साथ बित्यो (शोध नायकबाट प्राप्त जानकारी) ।

### २.१.२ पारिवारिक पृष्ठभूमि र आर्थिक अवस्था

श्याम प्रसाद शर्माका पिता जोगनाथ उपाध्याय 'लामिछाने' निम्न वित्तीय परिवारका थिए (अधिकारी, २०६९क : ४) । उनी सोलीथुमको आम्दानीले हातमुख जोर्न समस्या भएपछि वीरगन्जको गहवाटोलमा बसाइँ सर्न बाध्य हुन्छन् । उनका पिता वीरगन्जको गहवाटोलमा बहादुर शमशेर राणाको जग्गामा सुबेदार भएर बसेको पाइन्छ (वाग्ले, २०५८ : ज) ।

यसरी निम्न वित्तीय परिवारमा जन्मेका श्याम प्रसाद शर्माको जीवनमा पनि आर्थिक अवस्थाले पिरोलि रहयो । उनी आफू तेह्र वर्षका हुँदा बाबुको मृत्यु हुनुले पनि उनको आर्थिक अवस्था कहिल्यै सप्रन सकेन । बाबुको मृत्यु पछि घर व्यवहार थाम्ने सम्पूर्ण जिम्मा उनैमाथि आइ लाग्यो (न्यौपाने, २०६१ : ६२) । औपचारिक पढाइ सुरु गरेका शर्मालाई आफ्नो पढाइ र घरको आर्थिक अवस्था टार्न निकै कठिन पर्‍यो । भरपेट खान र राम्रो लाउन गाह्रो भएपछि उनी रेल स्टेसनमा गएर पत्रिका बेच्ने र वरिपरिका केटाकेटीहरूलाई ट्युसन पढाँउदै जीविका गर्न थाले (अधिकारी, २०६९क : ५)। आर्थिक अवस्था कमजोर भएकै कारण सबै घर चुहिने भएपछि घर भाडामा लगाएर उनी आफ्नै घरमा तल्लो तलामा कोठा भाडामा पनि बसे । त्यसपछि वीरगन्जमै 'सेवा-सदन' नामक पुस्तक पसल खोले । अनेक दुःख कष्ट गर्दै र अन्य आय आर्जनको कार्य गर्दै भए पनि आर्थिक अवस्था टार्दै गएका शर्माको जीवनको पछिल्लो समयमा भने केही सुख मिल्दै गएको पाइन्छ (शोध नायकबाट प्राप्त जानकारी) ।

### २.१.३ शिक्षादीक्षा

श्याम प्रसाद शर्माले अक्षरारम्भ घरमै आफ्ना पिताबाट गरेका हुन् (शोध नायकबाट प्राप्त जानकारी) । उनले पहिले घर परिवारको सल्लाह बमोजिम पैसा आर्जन गर्ने आशाले ज्योतिष विद्या पढे भने औपचारिक रूपमा दरबार हाई स्कुलमा पढ्न पुगे । पछि आफ्नै रहर

र पिताको पनि आधुनिक र अङ्ग्रेजी शिक्षा दिई योग्य तुल्याउने तथा भविष्य सम्पन्न र सुन्दर बनाउने सपनाले शर्मालाई त्रिजुद्ध हाई स्कुलमा कक्षा ४ मा उनका पिताले भर्ना गरेको पाइन्छ (न्यौपाने, २०६१ : ६२) । स्कुल पढ्दा पढ्दै राणाशाही विरोधी प्रजातान्त्रिक आन्दोलनमा भाग लिएका शर्मा पक्राउ परी जेल गए । जेलबाट छुटेर आउँदा स्कुलबाट नाम काटिइ सकेको थियो । स्कुलमा नाम काटिएपछि उनले म्याट्रिकुलेसन परीक्षा भारतको पटना विश्व विद्यालय अन्तर्गत मोतीहार केन्द्रबाट दिए तर सफल हुन सकेनन् (खनाल, २०५८ : ५) । परिवारको रेखदेख र व्यवहार धान्नुपर्ने हुनाले उनले आफ्नो औपचारिक अध्ययन यतिकैमा अन्त्य गरे (खनाल, २०५८ : ५) । उनले औपचारिक अध्ययन छाडे तापनि स्वाध्ययनबाट नै शैक्षिक र बौद्धिक विकास गर्दै ज्ञानको क्षितिजलाई फराकिलो पार्नुका साथै आफ्नै लगनशीलता र परिश्रमबाट अङ्ग्रेजीमा समेत राम्रो दक्षता हाँसिल गरेको पाइन्छ (न्यौपाने, २०६१ : ६३) । उनले प्राकृत चिकित्सा सम्बन्धी पनि अध्ययन गरेको पाइन्छ (अधिकारी, २०६९क : ४) ।

### २.१.४ दाम्पत्य जीवन

श्याम प्रसाद शर्मा चौध वर्षका हुँदा उनका मामा र आमाको करमा मावलीघर चाबहिल नजिकैकी एक कुलीन पण्डितकी छोरी पुनु वाग्ले अर्थात् जीव मञ्जरी देवीसँग वि.सं. २००० मा उनको विवाह भयो (अधिकारी, २०६९क : ९) । शर्मा परिपक्व हुँदै जाँदा जीव मञ्जरी देवीसँग विचार मिल्ने जस्तो लागेन । उनले जति साक्षर बनाउन खोजे पनि उनको व्यवहार र विचार बदल्न सकेनन् । “विवाह एक शारीरिक सम्बन्ध मात्र नभई मानसिक सम्बन्धका रूपमा पनि हुनु पर्दछ” (खनाल, २०५८ : ५) भन्ने श्याम प्रसादले वि.सं. २०१० मा कानुन बमोजिम पुनुसँग पारपाचुके गरे । पहिली श्रीमती त्याग गरि सकेका शर्माको भेट बी.ए. पास गरेकी एक सम्पन्न परिवारकी छोरी शशिकलासँग भयो । लेखिका समेत भएकी शशिकलासँगको सम्बन्ध बिस्तारै प्रेममा परिणत भयो भने केही समयपछि २०१३ फागुनमा विवाह समेत हुन पुग्यो (शर्मा, २०६६क : २०) । लेखिका शशिकला शर्मासँगको विवाहपछि वि.सं. २०१४ मा पहिलो सन्तानका रूपमा छोरी सम्झना र दोस्रो सन्तानका रूपमा छोरी सपनाको वि.सं. २०१५ मा जन्म भयो । छोरीहरू ४/५ वर्षका भएपछि आफ्नो पत्रिकाको कामले शशिकला वीरगन्जमा बस्न लागिन् । उनीहरू दुई बिच त्यही समयदेखि केही विचार नमिलेको अनुभव हुन थाल्यो । पार्टीका

कारण श्याम प्रसाद वि.सं. २०२४ देखि भूमिगत जीवनमा प्रवेश गरे भने शशिकलाले पनि दोस्रो विवाह गरिन् । यही कारणले दुई बिचको दाम्पत्य जीवन टुट्न गयो (शर्मा, २०६६क : २०) ।

भूमिगत जीवनपछि पनि शशिकला शर्मासँग उनको भेट त भयो तर मात्र लेखकको नाताले भयो । वि.सं. २०६२ मा शशिकलाको मृत्यु भयो भने श्याम प्रसाद छोरी सम्झनाको घरमा हात्तिसार काठमाडौंमा बसिरहेका छन् । यसरी श्याम प्रसाद शर्माको दाम्पत्य जीवन दुई श्रीमतीबाट पनि सफल हुन सकेन ।

### २.१.५ लेखन आरम्भ

श्याम प्रसाद शर्मा लेखन क्षेत्रका पनि एक अग्रणी व्यक्तित्व हुन् । उनी नेपाली साहित्य जगतमा प्रगतिवादी धाराका एक विशिष्ट प्रतिभा हुन् (गिरी, २०५८ : ७) । शर्माको लेखन क्षेत्रमा वि.सं. २००१ देखि उपस्थिति देखिन्छ । साहित्य र साहित्येतर दुवै क्षेत्रमा कलम चलाउने शर्माको पहिलो रचना **'गाउँको सफाई'** (२००१) नामक मौलिक रचना हो । उनको औपचारिक पहिलो साहित्यिक रचना भने हिन्दी कविताको अनुवाद उदय पत्रिकामा प्रकाशित **'सन्देश'** कविता हो (अधिकारी, २०६९क : १४) ।

बाल्यकालदेखि नै तीक्ष्ण बुद्धि भएका शर्मा आफ्ना गायत्री गुरु, शिक्षक एवं पत्रकार कृष्णचन्द्र अर्यालको शिक्षादीक्षा र निकटताले प्रेरित भएका थिए । यसै गरी वीरगन्ज त्रिजुद्ध हाई स्कुलका शिक्षकहरू लालदास र पशुपति धौमडेलबाट पनि उनले प्रेरणा पाएको देखिन्छ भने उनलाई अध्ययनको रूचि हुँदा हिन्दीका विश्व विख्यात साहित्यकार प्रेमचन्द र माहात्मा गान्धीका रचनाहरूको अध्ययन गरेर पनि उनी भित्रको प्रतिभा झन् खारिदै गएको पाइन्छ (न्यौपाने, २०६१ : ६५) । श्याम प्रसादले आफ्नो विद्यार्थी जीवनमा धेरै आर्थिक कठिनाई भोग्नु परेको थियो । उक्त कठिनाइसँग जुध्न उनले अपरिचित व्यक्तिका चिठी लेखिदिने गरेका हुनाले पनि उनको कलम पत्र लेखनबाट सिर्जनात्मक क्षेत्रतर्फ अघि बढ्न समेत सफल भएको पाइन्छ (पाण्डेय, २०५६ : १२) । यसरी साहित्यमा प्रवेश गरेका शर्माको लेखन आरम्भ साहित्येतर **'गाउँको सफाई'**, **'स्वास्थ्य रक्षा'** र साहित्यिक रचना **'सन्देश'** कविताबाट सुरु भएर **'मसानको पवित्र चित्ता'**, **'म सत्यवादी होइन'**, **'ग्राम्य शिक्षा'**, **'विपरीत बुद्धि'** जस्ता निबन्धहरू प्रकाशित हुँदै अगाडी बढ्यो (अधिकारी, २०६९क : १४) । यहीँबाट

सुरु भई निबन्ध, बालगीत, कविता, डायरी, संस्मरण र साहित्येतर विभिन्न विषयका लेख रचनाहरूमा उनको कलम चलेको छ । यसरी कलम चनाउने श्याम प्रसादको झन्डै चार दर्जन जति कृतिहरू प्रकाशित भइ सकेको पाइन्छ ।

### २.१.६ जेल जीवन

श्याम प्रसाद शर्माको राजनीतिक जीवनको प्रारम्भ साहित्यसँगै भएको हो । किशोरावस्था देखि नै उनमा सचेत र सुधारात्मक भावना थियो । सोही भावना अनुरूप राजनीतिमा लागेका शर्माले जेल जीवन समेत भोग्न बाध्य भएको पाइन्छ । तत्कालीन निरङ्कुश र जनता विरोधी राणातन्त्रबाट असन्तुष्ट र रुष्ट शर्मा भित्र विद्रोही भाव अङ्कुरण हुनु स्वभाविकै थियो । यसै परिवेशमा हुर्केका शर्मालाई अझ कृष्णलालले 'मकैको खेती' लेखेको कारण पाएको सजाय, भारतीयहरूको भारत छोडो आन्दोलन, महात्मा गान्धीको प्रभाव, उनकै घरमा वहालमा बस्ने काङ्ग्रेसको परिवारको प्रेरणा आदिबाट उनको राजनीतिक विद्रोह खारिदै गयो (न्यौपाने, २०६१ : ६४) । उनी भारतीय भूमिमा नेपाली काङ्ग्रेसको गठन भएका बेला सहभागी भई आन्दोलनमा लागे बापत पहिलो पटक वि.सं. २००४ असोज २१ गते पक्राउ परी जेल गएका थिए (शर्मा, २०५४/०५५ : १२) ।

दोस्रो पटक उनी २००५ साल माघ १३ गते आफ्नै पुस्तक पसल 'सेवा सदन' बाट पक्राउ परे । माघ १३ बाट फागुन १९ सम्म उनलाई वीरगन्ज जेल र त्यसपछि सिंह दरवार गारदमा र सदर खाना खोरमा राखी मङ्सिर २५ गते जेलमुक्त गरियो । तेस्रो पटक पनि उनलाई २००७ साल जेठ ३ गते पक्राउ गरियो । त्यतिबेला उनलाई काठमाडौंमा नजरबन्दमा राखिएको थियो (अधिकारी, २०६९ : २२) । यसपालि पनि सिंह दरबार र नक्खु जेलमा राखियो । जेल जीवनमा पनि उनले आफ्नो लेखन र सम्पादन जारी राखे तथा विभिन्न सङ्गठनहरू खोल्न छाडेनन् । यसरी उनी वि.सं. २००४ देखि वि.सं. २००७ सम्ममा तिन पटक सम्म गरेर सत्र महिना जेल जीवन भोग्न बाध्य भएको पाइन्छ (अधिकारी, २०६९ क: २०) ।

### २.१.७ भूमिगत जीवन

साहित्यिकसँगै राजनीतिक जीवनमा समेत सक्रिय रहेका श्याम प्रसादले आफ्नो जीवनकालमा भूमिगत जीवन पनि विताएका थिए । उनको आजसम्मको ८५ वर्षको उमेरमा झन्डै चौबिस वर्ष भूमिगत जीवन विताएका थिए (शोध नायकबाट प्राप्त जानकारी) । वि.सं. २००४ मा नेपाली काङ्ग्रेसमा संलग्न भएका शर्मा पछि मार्क्सवादको प्रभावमा परेर वि.सं. २००९ देखि विधिवत् कम्युनिष्ट पार्टीमा आबद्ध भएका थिए (न्यौपाने, २०६१ : ६४) । पार्टीले उनलाई सुरुमा वि.सं. २०१३ सम्म पर्सा जिल्लाको जिम्मा दिएर राख्यो । वि.सं. २०१३ सालपछि नेपाल कम्युनिष्ट पार्टीको मुखपत्रको कार्य सम्पादन गर्न उनलाई काठमाडौं बोलाइयो । यही कार्य सम्पादन गरिरहँदा उनलाई पुष्पलालले पार्टी जिम्मा लगाएर भारततिर लागे (खनाल, २०५८ : ५) । काठमाडौंमा जिल्ला कमिटी गठन गरेर बसेका शर्मासँग भेट गरेर गएका निर्मल लामालाई पक्राउ गरेको सुनेपछि शर्माको मन पनि डरायो , त्यसपछि पार्टीको सल्लाह अनुसार पार्टी छोडुँ या भूमिगत होऊँ भनि प्रश्न गर्दा पार्टीले भूमिगत हुने सल्लाह दिएपछि उनी वि.सं. २०२४ पुसबाट भूमिगत भए (कोइराला, २०६१ : ५) । उनी भूमिगत हुनुको कारण कसैले पत्नी शशिकलासँगको बेमेल ठानेको र कसैले अन्य कारण देखाएको भए पनि उनको मुख्य कारण भने राजनीति नै थियो (आचार्य, २०६६ : २७) ।

उनको २४ बर्से भूमिगत जीवनमा पनि उनलाई कुनै अप्ठ्यारो परिस्थिति आइ परेन । अनेक छद्म नाममा आफ्ना मनका भावनाहरू साहित्यका माध्यमबाट उनले प्रकाशित गरि रहे (अधिकारी, २०६५ : २७) । त्यस्तै कतिपय राजनीतिक, आर्थिक, सामाजिक विषयमा लेखिएका उनका रचनाहरू सार्वजनिक भएपछि पनि प्रकाशित भएका छन् (शर्मा, २०६१ : १०) । भूमिगत जीवनमा पनि उनी कहिल्यै निष्क्रिय रहेनन् । उनले त्यहाँ रहँदा पनि सामाजिक, राजनीतिक, साहित्यिक र सांस्कृतिक क्षेत्रमा जनताका घर आँगन र मझेरीमा पुगेर सुख दुःखमा साथ दिँदै उनीहरूलाई सचेत बनाउने कार्य गरि रहे (अधिकारी, २०६६ख : ४ ) । वि.सं. २०४६ को जन आन्दोलनबाट बहुदलीय व्यवस्थाको स्थापना भए पनि बाहिर आउने त्यति राम्रो वातावरण थिएन । वि.सं. २०४७ कार्तिक २३ गते जन सांस्कृतिक मञ्चको प्रथम सम्मेलनमा श्याम प्रसादले उद्घाटन गर्ने भनिए पनि अस्वस्थताका कारण उनी आएनन् (पराजुली, २०५३ : ३) । वि.सं. २०४७ पुस १३ गते 'उत्साह परिवार' चारुवहाल चाबहिलले राखेको सांस्कृतिक कार्यक्रममा मात्र उनी

सार्वजनिक भए (अधिकारी, २०६९क : २४) । यसरी उनको झन्डै २४ बर्से भूमिगत जीवन समाप्त भयो ।

### २.१.८ भ्रमण

हरेक सचेत र सुधारवादी नागरिकले सुधारको चाहना राखेर वा अन्य उद्देश्यले देश विदेश भ्रमण गर्नु साधारण कुरा मानिन्छ । श्याम प्रसाद शर्मा पनि बहुमुखी प्रतिभाका धनी भएका हुनाले उनले समय समयमा देश विदेशका विभिन्न ठाउँको भ्रमण गरेका छन् । उनले वि.सं. २००७ पछि काठमाडौं पूर्वका धेरैजसो तराई र पहाडका जिल्लाहरू तथा सुदूर पश्चिमका बाहेक पश्चिमका धेरैजसो जिल्लाहरू साहित्यिक कार्यक्रममा भाग लिएर भ्रमण गरेको पाइन्छ (पाण्डेय, २०५६ : १०) ।

शर्माको विदेश भ्रमणका सम्बन्धमा उनी म्याट्रिकुलेसन परीक्षा दिन गएको भारतको पटना पनि छुटाउन मिल्दैन । यसदेखि बाहेक उनी पत्रकार समेत भएका नाताले टाढा सम्म पनि पुगेका छन् । वि.सं. २०१९ मा निशस्त्रीकरण र विश्व शान्तिका लागि महाअधिबेशनमा भाग लिन उनी 'मस्को' गएका थिए । हङ्गेरीको राजधानी बुढापेस्टमा पनि पत्रकारहरूको अन्तराष्ट्रिय सङ्गठनमा भाग लिने उनी पहिलो नेपाली थिए । यसका साथै उनले सोभियत सङ्घ, चेकोस्लोभाकिया, जर्मनी आदि देशको भ्रमण गर्ने अवसर पनि पाए ( शर्मा, २०५७ : १२) । यी देश बाहेक अन्य गणतन्त्र चीन, अजरवैजान, उजबेकिस्तान, युक्रेन, बङ्गलादेश समेत गरी एक दर्जन जति देशको भ्रमण उनले गरेको पाइन्छ ( अधिकारी, २०६९क : २६) ।

## २.२ व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी श्याम प्रसाद शर्माको व्यक्तित्व विभिन्न क्षेत्रमा विस्तार भएको पाउन सकिन्छ । शर्माको व्यक्तित्वको अध्ययन गर्दा साहित्यिक र गैह्र साहित्यिक व्यक्तित्वलाई छुट्टा छुट्टै अध्ययन गर्नु सान्दर्भिक ठहर्छ । त्यसैले उनको मुख्य व्यक्तित्वलाई अलग अलग अध्ययन गरिएको छ ।

### २.२.१ निजी व्यक्तित्व

होचो कद, गोरो र हँसिलो अनुहार भएका श्याम प्रसाद सबैसँग मिठो बोल्ने, सानो-ठुलो भनी नछुट्याई समान व्यवहार गर्ने मिजासिला प्रकृतिका व्यक्ति हुन् (शोध नायकसँगको भेटघाटबाट) । कुनै किसिमको झर्को नमान्ने, सही कुराको सधैँ पक्ष लिने र सबैलाई स्नेह गर्ने निजी विशेषता भएका शर्माको विचार 'अनुकरणीय सत् कार्यलाई सधै सम्मान गर्नु पर्दछ' (विविध, २०६५ : ९५) भन्ने हो । समयको सधै ख्याल गर्ने, विचार गरेर नम्र बोल्ने, क्रोधी घमण्डीपन कहिल्यै नदेखाउने र अरुका कुरा पनि ध्यान दिएर सुन्ने उनका अनुकरणीय बानीहरू हुन् (हुमागाईं, २०४८ : ३४) । विचार र व्यवहारमा सधैँ एकरूपता राख्ने तथा लेखन र अन्य आचरणमा आफूलाई परिस्कृत पार्दै लगेमा सधैँ आस्थावान बन्न सकिन्छ भन्ने धारणा राख्ने श्याम प्रसादको व्यक्तित्व विशिष्ट प्रकारको थियो । जिज्ञासु प्रवृत्तिलाई जगाई राख्ने, आफूले जानेको कुरा अरुलाई बताउने साथै हरेक उमेर समूहका मानिसहरूबाट सिक्न सकिन्छ भन्ने उनको मान्यता रहेको थियो (अधिकारी, २०६९क : ४०) । गल्ती सबैमा हुन्छ ; त्यसलाई ढाकछोप नगरेर सच्याउने गरेमा सफल जिन्दगी बिताउन सकिन्छ भन्ने धारणाका श्याम प्रसाद सादा जीवन र उच्च विचार भएका अनुकरणीय गुणका धनी व्यक्तित्व हुन भन्न सकिन्छ ।

### २.२.२ सामाजिक व्यक्तित्व

मानिस समाजमा बस्दछ । उसले समाजमा कुनै न कुनै दायित्व निर्वाह गरेकै हुन्छ । प्रगतिवादी विचारधाराका श्याम प्रसादमा सामाजिक व्यक्तित्व पनि राम्रो पाउन सकिन्छ । सानै उमेरदेखि समाज सुधारको चाहना भएका शर्मामा सुन्दर, स्वस्थ र विज्ञान सम्मत समाजको निर्माणका लागि समाजमा व्याप्त रुढि र अन्धपरम्परालाई जरैदेखि निमिट्यान्न पार्नु पर्दछ (अधिकारी, २०६९क : ४१) भन्ने मान्यता पाइन्छ । समाज सुधार गर्ने उद्देश्यले उनले बाह्मणहरूले हलो जोत्न हुँदैन भन्ने रुढिवादी विचारलाई विरोध गर्दै वि.सं. २००९ मा मकवानपुरमा हलो जोत्ने अभियान चलाए । साथीहरूसँग मिलेर उनले गाउँमा स्कुलको स्थापना गरे । वि.सं. २०१० मा 'नेपाल शान्ति परिषद' को स्थापना गर्दै उनले समाजमा अमनचैन कायम गर्ने प्रयास पनि गरेको पाइन्छ (अधिकारी, २०६९क : ४१) ।

उनले बाह्य जीवनमा मात्र नभएर भूमिगत जीवनमा समेत समाज सुधारको सन्देश दिने तथा बाटोघाटो, पुल, स्कुल भवन निर्माण गर्न सधैं अग्रसर रहने गरेको र कहिल्यै खाली समय नबसेको पाइन्छ (अधिकारी, २०६९क : ४१) । उनले प्रेम विवाह र महिला मुक्तिका बारेमा लेखेर पनि समाज सुधारको चाहना गरेका छन् (गिरी, २०६९ख : १६) । उनले केटाकेटीको विवाहको उमेर १६ र १८ लाई मान्ने गरेको पाइन्छ । उनले दसैं तिहार जस्तो चाडपर्वमा तडक भडक मात्रै नभएर आफन्त भेटघाट र कुराकानी गरी रमाइलो गर्ने, कामको थकानबाट भएको फुर्सदको सदुपयोग गर्ने जस्ता काम गरेर तिनलाई सामान्य रूपमा लिनु पर्दछ (शर्मा, २०५४/५५ : ४७) भन्ने मान्यता राखेको पाइन्छ ।

### २.२.३ राजनीतिक व्यक्तित्व

श्याम प्रसाद शर्माको राजनीतिक जीवनको पृष्ठभूमि खास गरी सामाजिक पृष्ठभूमिमा निर्माण भएको हो । उनको अन्य भैँ राजनीतिक व्यक्तित्व पनि मुख्य व्यक्तित्व हो । सानै उमेरदेखि सचेत र सुधारात्मक भावनाका शर्मा निरङ्कुश राणा शासनदेखि असन्तुष्ट थिए । असन्तुष्टि र तत्कालिन भारतीयहरूको भारतछोडो आन्दोलनले उनलाई राजनैतिक मैदानमा आउन हौसला प्रदान गऱ्यो (न्यौपाने, २०६१ : ६४) । निरङ्कुश राणा शासन कालमा जन्मेर हुर्केका शर्मामा वि.सं. १९९७ को सहिद काण्डले पनि निकै प्रभाव पाऱ्यो (पाण्डेय, २०५६ : २२) । उनका बाल्यकालीन साथी सुवर्ण समशेरका छोरा हुनु र आफ्नो घरको कोठामा नेपाली काङ्ग्रेसको परिवार बस्नुले पनि उनको राजनीतिक चासो बढ्यो (अधिकारी, २०६९क : ४२) ।

प्रारम्भमा गान्धीवादी विचारधाराबाट प्रभावित शर्मा भारतीय भूमिमा नेपाली काङ्ग्रेसको गठन भएको बेला त्यसमा संलग्न हुन पुगे । राणा विरोधी आन्दोलनमा सहभागी भएको आरोपमा वि.सं. २००४ मा उनी जेल पनि परे (शर्मा २०५४/५५ : १२) । वि.सं. २००४ देखि २००७ सम्म तिन पटक सम्म राजनीतिक कारणले जेल परेका शर्मामा मार्क्सबादी विचारधाराले प्रभाव पाऱ्यो र वि.सं. २००९ मा नेपाल कम्युनिष्ट पार्टीमा विधिवत् प्रवेश गरे (न्यौपाने, २०५८ : ६४) । जेलमा रहँदा पनि उनी अनेक सङ्गठन खोल्दै राजनीतिक र गैह्र राजनीतिक व्यक्तिलाई प्रशिक्षण दिई रहेका हुन्थे । वि.सं. २००९ बाट उनी पर्सा जिल्लाको जिम्मा लिएर बसे । वि.सं. २०१३ देखि उनले काठमाडौं मा रहेर नेपाल कम्युनिष्ट पार्टीको मुखपत्रको सम्पादन गरे (खनाल, २०५८ : ५) । यसरी राजनीतिमा

सक्रिय शर्मा वि.सं. २०२० मा काठमाडौँमा बागमती अञ्चल समिति गठन भएपछि सचिवको भूमिका निर्वाह गर्न थाले । पछि उनका साथी निर्मल लामालाई पक्राऊ गरेको थाहा पाए पछि उनले पनि पार्टीसँग निर्णय मागे र भने म भूमिगत होऊँ या पार्टी छोडुँ ? यसमा भूमिगत हुने पार्टीको सल्लाह बमोजिम वि.सं. २०२४ पुस बाट उनले भूमिगत जीवनमा प्रवेश गरे (कोइराला, २०६१ : ५) । भूमिगत जीवनमा पनि उनले विभिन्न गुप्त सङ्गठनहरूको निर्माण गरि रहे । यसरी राजनीतिक कारणले तिन पटक सम्म जेल भोगेका र अनेक दुःखकष्ट सहँदै झन्डै २४ बर्से भूमिगत अवस्थाबाट २०४७ साल पुसमा सार्वजनिक भएर पनि बहुदलीय प्रजातन्त्र र लोकतन्त्र प्राप्तिमा उनी लागि रहे । हाल उनी कुनै पार्टीको निकट नभए पनि राष्ट्रियता र लोकतन्त्रको पक्षमा समन्वय कर्ताको रूपमा लागि रहेको देखिन्छ (शोध नायकबाट प्राप्त जानकारी) । यसरी उनले राजनीतिलाई जमिन र साहित्यलाई औजार बनाएर लागेका (न्यौपाने, २०६१ : ६८) भनेबाट उनको राजनीतिक व्यक्तित्व महत्त्वपूर्ण र उल्लेखनीय मानिन्छ ।

### २.२.४ साहित्यकार व्यक्तित्व

श्याम प्रसाद शर्माको साहित्यकार व्यक्तित्व बहुचर्चित व्यक्तित्व हो । साहित्यकार श्याम प्रसाद शर्मालाई नचिन्ने नेपालीहरू कमै होलान् । राजनीतिसँगैं हुर्किएको उनको साहित्य लेखन पनि उल्लेखनीय छ । भानुभक्तका कृति तथा कृष्णलालको 'मकैको खेती' जस्ता कृतिबाट प्रभावित भई **'गाउँको सफाई'** (२००१) मौलिक रचनाबाट लेखन यात्रामा लागेका शर्माको साहित्य लेखनको थालनी भने २००२ को 'उदय' पत्रिकामा प्रकाशित हिन्दी कविताको अनुवाद **'सन्देश'** कविताबाट भएको हो । उनले साहित्यको एकमात्र विधामा नभई निबन्ध, कविता, बालगीत, डायरी, संस्मरण, अनुवाद, समालोचना जस्ता विधामा कलम चलाएको पाइन्छ । उनका साहित्यिक व्यक्तित्वहरूमा मुख्य मुख्य व्यक्तित्वको अध्ययन निम्न अनुसार गरिएको छ ।

#### २.२.४.१ निबन्धकार व्यक्तित्व

श्याम प्रसाद शर्माको साहित्य लेखनतर्फको सफल तथा सशक्त व्यक्तित्व निबन्धकार व्यक्तित्व हो । उनी आधुनिक नेपाली निबन्ध लेखनको वि.सं. २००४ पछिको समयका प्रगतिवादी फाँटका प्रगतिशील निबन्धकार हृदयचन्द्र सिंह प्रधान पछिका निबन्धकार हुन्

(पाण्डेय, २०५६ : १६) । उनको पहिलो निबन्ध वि.सं. २००४ को 'उद्योग' पत्रिकामा प्रकाशित वस्तुपरक निबन्ध **'ग्राम्य शिक्षा'** हो भने वि.सं. २००५ मा 'उदय' पत्रिकामा प्रकाशित **'विपरीत-बुद्धि'** उनको पहिलो निजात्मक वा आत्मपरक निबन्ध हो । त्यसपछिका **'मसानको पवित्र चिता'**, **'देशभक्ति'**, **'म साम्यवादी होइन'** (२००७) जस्ता निबन्धहरू प्रारम्भिक फुटकर रचनाहरू हुन् (पाण्डेय, २०५६ : १६) ।

फुटकर निबन्ध बाहेक उनको निबन्ध सङ्ग्रह भने वि.सं. २००८ मा प्रकाशित **'बहिनीलाई चिठी भाग-१'** पहिलो पत्रात्मक निबन्ध सङ्ग्रह हो (कार्की, २०७० : ५४) । त्यस पछिका अन्य निबन्ध सङ्ग्रहहरूमा **'बहिनीलाई चिठी भाग- २'** (२०१२), **'तँ-तिमी-तपाँई-हजुर'** (२०१४), **'मेरी आमा'** (२०२३), **'धनीको पनि ओड लिने'** (२०४८), **'साथी बनाउने काइदा'** (२०४६), **'सबैको लागि घर'** (२०४९), **'उनी कति राम्री'** (२०५२), प्रकाशित छन् ( गिरी, २०६९क : १३) । यिनका निबन्धमा विशेष गरी सामाजिक कुरीति र शोषणको विरोध, रुढिवादी मान्यताको विरोध, जातीय भेदभाव अन्त्य गरी समतामूलक समाजको निर्माण गरिनु पर्ने जस्ता विषय देखिन्छन् (कार्की, २०७० : ५४) । शर्माका प्रकाशित निबन्ध संग्रहका धेरैजसो निबन्धहरूलाई समेटेर विवेक सिर्जनशील प्रकाशनले 'श्याम प्रसादका निबन्धहरू' (२०६२) नामक सङ्ग्रहका रूपमा प्रकाशित गरेको छ (गिरी, २०६९ : १३) । यिनका निबन्धहरू स्कुल र कलेजका पाठ्यक्रममा पनि समावेश गरिएका छन् । यसरी हेर्दा शर्माको निबन्धकार व्यक्तित्व सफल र महत्त्वपूर्ण देखिन्छ ।

### २.२.४.२ बाल साहित्यकार व्यक्तित्व

साहित्यका विभिन्न विधामा कलम चलाउने साहित्यकार शर्माको नाम बाल साहित्यकारका रूपमा पनि परिचित छ । 'केटाकेटीहरूलाई सानै उमेरदेखि असल काम र बानीबेहोरा सिकाउन अभिभावकहरू सधैँ प्रयत्नशील रहनु पर्दछ' (अधिकारी, २०६९ख : ८५) भन्ने मान्यता राख्ने शर्माको बाल साहित्य अन्तर्गत पनि दुई किसिमका रचना छन् - एकातिर बाल बालिकाले नै पढ्ने भने अर्कातिर बाल बालिकाकाबारे अभिभावकले पढ्ने । त्यस्तै उनका बाल साहित्य सम्बन्धी पुस्तकाकार कृतिहरू गद्य र पद्य दुबैमा पाइन्छन् । गद्य तर्फ **'बालशिक्षा'** (२००७), **'बहिनीलाई चिठी भाग-१'** (२००८), **'बहिनीलाई चिठी भाग-२'** (२०१२), **'चीनका पुराना नीतिकथा'** (अनुवाद, २०२४), **'हाम्रा बाल बालिकाहरु : हाम्रो नयाँ पुस्ता'** (२०४७) रहेका छन् भने पद्य तर्फ **'केही कविता : केही गीत'** (२०४३), **'मेरी सानी**

**साथी'** (२०४३), **'हामी हुन्छौँ बलियो'** (२०५२), **'हाम्रो इच्छा'** (२०५६), **'राम्रो-नराम्रो'** (२०६६) छन् । यिनीहरू निबन्ध, लेख, गीत र कविताका रूपमा रहेका छन् । (गिरी, २०६९) : ९) । यिनका यस बाहेक अन्य लेखहरू, कथाहरू विभिन्न पत्रिकामा प्रकाशित छन् ।

### २.२.४.३ कवि तथा गीतकार व्यक्तित्व

श्याम प्रसाद शर्माको साहित्य लेखनको आरम्भ **'सन्देश'** कविताबाट भएको हो । उनमा सानैदेखि कवितात्मक भावना थियो । भानुभक्तको जीवनीबाट प्रभावित शर्मा कवितामै चिठी पत्रहरू लेख्ने गर्दथे (पाण्डेय, २०५६ : १७) । त्यस्तै उनको दोस्रो अनूदित कविता **'कृषि उद्वार'** (२००३) पनि प्रकाशित देखिन्छ । त्यस्तै उनका कविता र गीतको मिश्रण भएका दुई वटा सङ्ग्रहहरू **'केही कविता : केही गीत'** (२०४३) र **'मेरा गीतहरू : तिम्रा स्वरहरू'** (२०४९) प्रकाशित छन् (न्यौपाने, २०६१ : ६८) । यिनका यी गीतहरूमा कतिपय बालगीत पनि छन् भने 'मेरा गीतहरू : तिम्रा स्वरहरू' जनवादी चेतले युक्त छ ( न्यौपाने, २०६१ : ६८) । त्यस्तै उनका चार वटा बालगीत प्रकाशित छन्, जुन बाल साहित्यकार व्यक्तित्वमा उल्लेख गरि सकिएको छ । उनका बालगीतहरू बाल बालिकालाई शिक्षाप्रद छन् । त्यस्तै कतिपय फुटकर कविता तथा गीतहरू पत्र पत्रिकामा पनि प्रकाशित छन् ।

### २.२.४.४ डायरी लेखक व्यक्तित्व

डायरी लेखनलाई पनि साहित्य भित्र समेटेर चर्चा गरिन्छ । १५/१६ वर्षको उमेर नपुगी वि.सं. २००० देखि नै शर्माको डायरी लेखनमा कलम चलेको पाइन्छ (अधिकारी, २०६९ : ५२) । उनका प्राप्त डायरी भने वि.सं. २००१ देखि मात्र पाइन्छ । उनका हालसम्म ७ वटा डायरीहरू प्रकाशित भएका छन् भने उनको पहिलो प्रकाशित डायरी साहित्य **'थुनुवाको डायरी'** (२०३८) हो, जुन लालित्य प्रकाशनले प्रकाशित गरेको थियो ( लुइटेल, २०६८ : घ) । त्यस्तै अन्य डायरीमा 'मेरा डायरीका पाना, १९४५-६० ' (२०६२), **'मेरा डायरीका पाना,** १९६१-६५' (२०५७), **'मेरा डायरीका पाना**, १९६६' (१९६२), **'मेरा डायरीका पाना,** १९९१' (२०६३), **'मेरा डायरीका पाना**, १९९२' (२०६८), र **'मेरा डायरीका पाना,** १९९३' (२०६८) प्रकाशित छन् (लुइटेल, २०६८ : घ) । यिनै डायरी लेखन र

प्रकाशनबाट नै शर्माले नेपाली साहित्यमा थोरै सङ्ख्यामा मात्र प्रकाशित देखिने डायरी लेखनमा थप योगदान प्रदान गरेका छन् ।

### २.२.४.५ अनुवादक व्यक्तित्व

श्याम प्रसाद शर्माका अनेक व्यक्तित्व मध्ये अनुवादक व्यक्तित्व पनि एक उल्लेखनीय व्यक्तित्व हो । श्याम प्रसाद शर्मा बहुमुखी र बहुभाषी व्यक्तित्व हुन् । उनी नेपाली, अङ्ग्रेजी, हिन्दी, नेपाल भाषा आदिका ज्ञाता थिए (अधिकारी, २०६९क : ५४) । स्वाध्यायन र लगनशीलताले गर्दा उनले अङ्ग्रेजीमा पनि राम्रो दक्षता हासिल गरेका थिए (न्यौपाने, २०६१ : ६३) । उनको साहित्य लेखनको प्रारम्भ नै अनुवाद लेखन गरिएको हिन्दी अनुवाद **'सन्देश'** कविता हो । उनको अनुवाद लेखनमा अङ्ग्रेजी अनुवाद बढी पाइन्छ ।

उनका अङ्ग्रेजीबाट नेपाली अनुवाद गरिएका कृतिहरूमा **'चीनका पुराना नीतिकथाहरू', 'गणतन्त्र चीनको संविधान', 'लिन पिआओको जनयुद्धको विजय अमर रहोस्'** जस्ता कृतिहरू पाइन्छन् (अधिकारी, २०६९क : ५४) । त्यस्तै अन्य अनुवाद गरिएका उनका रचनाहरूमा दस लेखहरूको सङ्ग्रह **'अ फ्यु बर्डस अन लिटरेचर'** र हृदयचन्द्र सिंह प्रधानको **'छोरोसित'** कविताको अङ्ग्रेजीमा अनुवाद गरेको पाइन्छ (शर्मा, २०५७ : ९,१३) । त्यस्तै अन्य अनुवाद लेखनमा नेपाल भाषामा पनि उनले अनुवाद गरेका छन् । नेपाल भाषाका ती लेखहरूमा **'बौद्ध धर्म र शान्ति'** (२०५७), **'धर्मया बारे छकुचा खँय', 'जात जातिया खँय'** आदि लेखहरू पर्दछन् (शर्मा, २०६४ : १२२) । उनको 'केही साहित्यकार र साहित्य' नामको दोस्रो संस्करणमा **'आन्तोन चेखब'** भन्ने शीर्षकमा दुई लेखहरू अङ्ग्रेजी अनुवाद छन् । यी देखि बाहेक उनले लिम्बू, भोजपुरी, चीनियाँ आदि भाषामा पनि लेख रचनाहरू अनुवाद गरेको र ती भाषाबाट पनि नेपाली अनुवाद गरेको पाइन्छ । उनको **'मेरी सानी साथी'** पहिले लिम्बू भाषामा छापिएर पछि मात्र नेपालीमा छापिएको हो (शर्मा, २०६० : २०) । यसरी विभिन्न भाषामा शर्माले आफ्ना कृतिको अनुवाद गरेका छन् भने अन्य भाषाबाट नेपाली भाषामा पनि उनले अनुवाद गरेको पाइन्छ ।

### २.२.४.६ समालोचक व्यक्तित्व

श्याम प्रसाद शर्मा एक समालोचक व्यक्तित्व पनि भएका साहित्यकार हुन् । 'पुराना पुस्ताका साहित्यकारहरू मध्ये वैज्ञानिक र प्रगतिवादी सोच भएका र विचार पक्षलाई अगाडि ल्याउनु नै साहित्य हो' (श्रेष्ठ, २०६५ : ३३) भन्ने मान्यता भएका शर्मा प्रगतिवादी समालोचक हुन् । उनका अहिलेसम्मका समालोचनाहरूमा सैद्धान्तिक, कृतिपरक, जीवनीपरक, वस्तुपरक समालोचना प्रकाशित छन् । शर्माका समालोचनाहरू यथार्थवादी प्रगतिवादमा आधारित छन् भने उनी मुख्यत : सैद्धान्तिक समालोचक हुन् (पाण्डेय, २०५६ : १८) । **'लेखक कसरी बन्ने ?'** (२०१०), **'साहित्य सम्बन्धी दुई-चार कुरा'** (२०२२), **'साहित्यका पात्रपात्रीहरू'** (२०३९), **'जीवित साहित्यकार प्रति हाम्रो कर्तव्य'** (२०५०), **'साहित्यमा सापेक्षता'** (२०५०) र **'साहित्यिक फाँटका मेरा धारणा'** (२०५२) उनका सैद्धान्तिक समालोचनाहरू हुन् (पाण्डेय, २०५६ : १४) ।

जीवनीपरक, कृतिपरक समालोचकको रूपमा यथार्थवादी प्रगतिवादी ठहरिने उनको समालोचना व्यक्ति प्रतिभासँग सम्बन्धित, कृतिसँग सम्बन्धित र मन्तव्य वा भूमिकासँग सम्बन्धित छन् । उनका व्यक्ति प्रतिभासँग सम्बन्धित समालोचना **'केही साहित्यकार र साहित्य'** दोस्रो संस्करण (२०६३) मा सङ्कलित छन् । उनका कृतिसँग सम्बन्धित २०६७ को संस्करण र भूमिका वा मन्तव्यसँग सम्बन्धित २०६६ को संस्करणमा सङ्कलित भएको पाइन्छ (अधिकारी, २०६९क : ५३) । यसरी अन्य लेखनसँगै समालोचना लेखन समेतका बिशिष्ट प्रतिभा श्याम प्रसाद सैद्धान्तिक र प्रायोगिक दुवै समालोचकका रूपमा चिनिन्छन् (सिलवाल, २०५९ : २०४) । यसरी समालोचक शर्मा 'कुनैपनि कृतिको समालोचना गर्नु अघि सो कृतिको लेखक कस्तो विचार वा दर्शनबाट प्रभावित छ र लेखकको भनाइ विचारसम्मत छ छैन जस्ता कुराहरूलाई गहिरिएर विचार गर्नु पर्दछ' भन्ने मान्यता राख्दछन् (पाण्डेय, २०५६ : १४) । त्यसैले शर्मालाई एक विशिष्ट समालोचक पनि भन्न सकिन्छ ।

### २.२.५ सम्पादक व्यक्तित्व

अनेक व्यक्तित्वका धनी श्याम प्रसाद एक सम्पादक पनि हुन् । विद्यार्थी जीवनदेखि भाषा तथा साहित्यमा संलग्न शर्माको सम्पादक व्यक्तित्वको सुरुवात वि.सं. २००६ को हस्तलिखित मासिक पत्रिका **'सन्देश'** बाट भएको हो (अधिकारी, २०६९क : ४७) । राजधानी

भित्रका कारागारमा रहेका बन्दीहरूको निम्ति गुप्त रूपमा पठाइने गरिएको हस्तलिखित पत्रिका **'कोसेली'** (२००६) का सम्पादक पनि उनी नै थिए । जेलभित्र रहँदा पनि उनले आफ्नो कार्य छोडेनन् । नक्खु जेलमा रहँदा उनले **'गुनासो'** (दैनिक), **'ज्वाला'** (साप्ताहिक), **'तरुण'** (साप्ताहिक) जस्ता स्लेटपत्रहरूको पनि सम्पादक बनेर कार्य गरेको पाइन्छ (अधिकारी, २०६९क : ४७) ।

शर्मा पत्रकार पनि भएका नाताले उनले वि.सं. २००४ मा संयोजन गरे तापनि वि.सं. २००८ मा प्रकाशित **'सेवा'** पत्रिकाको प्रकाशन एवं सञ्चालन दुबै गरे (न्यौपाने, २०६१ : ६८) । शशिकलासँगको विहे पश्चात **'स्वास्नीमान्छे'** (२०१५) र **'साहित्य'** (२०६१) पत्रिकाको प्रकाशन गरी सम्पादन समेत गरे । त्यस्तै नेपाल कम्युनिष्ट पार्टीको मुखपत्रको रूपमा प्रकाशित **'जनमत'**, **'मसाल'**, **'नवयुग'** जस्ता पत्रिकाको सम्पादकत्व सम्हालेर पनि शर्मा नै बसेको पाइन्छ (आचार्य, २०६६ : २५) । भूमिगत जीवनमा समेत **'नयाँ पत्रिका'** को सम्पादक बनेका शर्मा **'प्रलेस'** का संस्थापक अध्यक्ष समेत भएका नाताले पूर्णाङ्क १० सम्म प्रधान सम्पादकको रूपमा कार्य गरेका थिए ।

करिब एक दर्जन बढी पत्रिकाको सम्पादन गरेका शर्माले जागिरको रूपमा **'नयाँ समाज'** पत्रिकाको सम्पादकीय लेखेको पाइन्छ (भट्ट, २०६५ : ३७) । दिउँसो १२ बजेतिर पत्रिकाको कार्यालय गई कहिले सम्पादकले दिएको त कहिले आफैले शीर्षक राखेर समयमै सम्पादकीय लेखेर उनी पुऱ्याई दिन्थे । यसरी उनको सम्पादक व्यक्तित्वलाई हेर्दा सम्माननीय, आकर्षक र अनुकरणीय देखिन्छ ।

### २.२.६ पत्रकार व्यक्तित्व

श्याम प्रसाद शर्मा एक विशिष्ट पत्रकार पनि भएको पाइन्छ । विशेषतः साहित्यिक र राजनीतिक पत्रकारितासँग सम्बन्धित शर्मा श्रमजीवी पत्रकारका रूपमा यस क्षेत्रमा लागेका हुन् (पाण्डेय, २०५६ : २४) । आर्थिक विपन्नताको कारण पत्र पत्रिका बेच्दै घर व्यवहार हेर्ने शर्मामा पत्रकारिता क्षेत्रको ज्ञान विकास भयो । शर्माको यस क्षेत्रमा प्रवेश वि.सं. २००४ को वीरगन्जबाट प्रकाशित **'सेवा'** पत्रिका मार्फत भएको हो (कार्की, २०७० : ५४) । आर्थिक अवस्था टार्नका लागि प्रवेश गरेका शर्माको पत्रकार जीवनले स्लेटपत्रबाट २००८ मा मात्र

व्यवस्थित रूपमा फस्टाउने मौका पायो । **‘स्वास्नीमान्छे’**, **‘साहित्य’**, **‘मसाल’**, **‘जन साहित्य’**, **‘नयाँ समाज’**, **‘हाल खबर’** जस्ता दर्जनौँ पत्रिकामा पत्रकारिताको कार्य गर्दथे ।

उनी पत्रिकाको प्रकाशन, सम्पादन गर्ने र पत्रकार समेत भएका नाताले नेपाल पत्रकार सङ्घको नेतृत्व पनि गरे । उनी मोफसलका पहिलो पत्रकार हुन् भने नेपालको पत्रकारिताबारे विदेशमा अवगत गराउने पनि पहिलो पत्रकार हुन् (खनाल, २०५८ : ५) । जर्मनीको भ्रमणका क्रममा वि.सं. १९६२ मा त्यहाँका पत्र पत्रिकामा नेपाली समाज र संस्कृतिका बारेमा उनले लेखहरू प्रकाशित गरे । हङ्गेरीको बुढापेस्टमा ‘नेपालको पत्रकारिता सम्बन्धमा’ (१९६२) भन्ने कार्यपत्र पुस्तिकाका रूपमा छापिएको र त्रि.वि.वि.को पत्रकारिताको पाठ्यक्रममा समेत समावेश भएको थियो (खनाल, २०५८ : ५) । पत्रकार भएकै नाताले विभिन्न देशको भ्रमण गरेका श्याम प्रसाद एक कुशल पत्रकार हुन् भन्न सकिन्छ ।

### २.२.७ प्रबन्धकार व्यक्तित्व

लेखन यात्राका क्रममा श्याम प्रसाद शर्माको विविध व्यक्तित्वमा प्रबन्धकार व्यक्तित्व पनि एक हो । उनले नेपाली वाङ्मयको विभिन्न क्षेत्र राजनीति, अर्थनीति, धर्म, भाषा, साहित्य, शिक्षा, धर्म संस्कृति, जातजाति, बाल, महिला, वृद्ध जस्ता धेरै विषयलाई समेटेर प्रबन्ध रचना गरेको पाइन्छ ।

शर्माको लेखनको थालनी नै गद्य मौलिक रचना **‘गाउँको सफाई’** बाट भएको हो भने त्यसपछिका उनका रचनाहरू **‘स्वास्थ्य रक्षा’** (२००३), **‘विद्यार्थीहरूप्रति’** (२००५), **‘बालशिक्षा’** (२००७), **‘व्यभिचार’** (२००८) जस्ता रचनाहरू हुन् । त्यसपछि पनि विभिन्न पत्र पत्रिकामा उनका लेख रचनाहरू एकपछि अर्को निस्कन थाले । पत्र पत्रिकामा छापिएका उनका लेख रचनाहरू ६३ वटा छन् । ६३ वटा प्रबन्ध रचनामा १० वटा कृतिमा भने प्रबन्ध र साहित्यको मिश्रण भएको पाइन्छ (अधिकारी, २०६९क : ५०) । यसरी श्याम प्रसादले साहित्य लेखनसँगै साहित्येतर विषयमा पनि निरन्तर कलम चलाएर व्यावहारिक ज्ञानप्रद, सन्देशमुलक, प्रगतिवादी धारणाको विकास गर्न मद्दत गरेका छन् (सुवेदी, २०५३ : ७) । यही कारणले उनको प्रबन्धगत योगदानलाई स्पष्ट देख्न सकिन्छ ।

### २.२.८ सम्मान तथा पुरस्कार

बहुमुखी प्रतिभाका धनी, प्रगतिवादी साहित्यकार, प्रलेसका संस्थापक, कुशल पत्रकार, सम्पादक, राजनीतिज्ञ व्यक्ति श्याम प्रसादको झन्डै सात दसक लामो साहित्य साधनामा लागेर नेपाली भाषा तथा साहित्यमा उल्लेख्य र महत्त्वपूर्ण योगदान गरे बापत उनलाई विभिन्न सामाजिक तथा साहित्यिक सङ्घ सङ्गठनले समय समयमा सम्मान तथा पुरस्कार प्रदान गरेको पाइन्छ ।

सर्वप्रथम उनलाई भूमिगत जीवनबाट सार्वजनिक भएपछि 'कृष्णमणि साहित्य पुरस्कार' (२०४७) बाट २०४८ सालमा सम्मान गरिएको थियो । त्यसदेखि बाहेक 'महेन्द्र प्रज्ञा पुरस्कार' (२०५०), 'व्यक्तित्व पुरस्कार' (२०५०), 'नारायणी वाङ्मय प्रतिष्ठानले' प्रदान गरेको 'मुक्ति पुरस्कार' (२०५१), 'नेबासास पुरस्कार' (२०५२), 'वीसाप साहित्यिक स्रष्टा पुरस्कार' (२०५७), 'गोकुल साहित्य पुरस्कार' (२०६६), राष्ट्रिय जन सांस्कृतिक महासंघको 'जन साहित्य पुरस्कार' ( २०६६ ), 'शंकर लामिछाने पुरस्कार' (२०६९), 'धनुषचन्द्र गोतामे पुरस्कार' (२०६९), १२० औं अन्तराष्ट्रिय महिला दिवसको उपलक्ष्यमा 'आमा पुरस्कार' ( २०६८) र भानु जयन्तिका अवसरमा 'भानु साहित्यिक प्रतिष्ठान पुरस्कार' (२०७०) द्वारा सम्मान गरिएको छ (छोरी सम्झनाबाट प्राप्त) ।

पुरस्कार बाहेक उनलाई अन्य सम्मान द्वारा सम्मानित गरी प्रमाणपत्र र आदरपत्र प्रदान गरिएको छ । वि.सं. २०४९ मा गण्डकी साहित्य संगमद्वारा आस्था र साधनाका अचल साधक भन्दै उनलाई आदरपत्र प्रदान गरियो । वि.सं. २०५१ मा पुराना राजनीतिक कार्यकर्ता सम्मान गुठीले 'प्रजातन्त्र सेनानी' उपाधी प्रदान गर्दै उनलाई सम्मान पत्र दियो । बुढानिलकण्ठ स्कुलले रजत जयन्तीका अवसरमा वि.सं. २०५३ मा साहित्यिक योगदानको कदर गर्दै शर्मालाई दोसल्ला ओढाएर सम्मान गऱ्यो । झरना साहित्य परिषद् परिवार छतिवन र हाम्रो सिर्जनशील समाज फापरवारी, मकवानपुरले आफू जन्मेको भूमि प्रति प्रतिभाहरू विमुख नहोउन् र असल कार्य गरेर जीवन बाँचुन् भन्दै २०५३ सालमा उनलाई सम्मान प्रकट गऱ्यो । वि.सं. २०५४ मा 'साहित्यिक पत्रकारिता साधक एवं नेपाली साहित्यका अथक यात्री' को संज्ञा दिदै उनको अभिनन्दन गऱ्यो । त्यसै गरी वि.सं. २०५६ मा उनलाई एक्काइसौं शताब्दीको विश्वलाई नेपालको सन्देश ग्रन्थ प्रकाशन समितिद्वारा पत्रकारिता क्षेत्रमा गरेको योगदानको कदर गर्दै सम्मान प्रकट गरियो । त्यही साल मै

उनलाई दायित्व परिवारबाट आयोजित 'विशिष्ठ साहित्यकार सम्मान' बाट पनि सम्मान गरियो । वि.सं. २०५७ मा उनलाई सिस्नुपानी नेपालबाट संस्थाको सम्मानित सदस्यता ग्रहण गरे बापत प्रमाणपत्र प्रदान गरियो । त्यस्तै शर्मालाई बाल साहित्यको प्रवर्द्धन सम्मान २०५७ प्रदान गरियो । त्यही सालमै उनलाई 'जनमत' वरिष्ठ साधक सम्मान २०५८ मा अभिनव साहित्य समाज जोरपाटीबाट अभिनव सम्मान पत्रद्वारा सम्मान गरियो । वि.सं. २०५९ असोजमा बाल साहित्यका विशिष्ट साधकको सम्मानको क्रममा उनलाई पनि कविताराम बाल साहित्य समाजद्वारा सम्मानित गरियो । वि.सं. २०५९ फागुन १४ गते प्रगतिशील लेखक सङ्घले स्वर्ण जयन्ती वर्षमा आयोजित छैठौं राष्ट्रिय सम्मेलनमा उनलाई सम्मान पत्र प्रदान गऱ्यो ।

उनलाई यसरी नै सम्मान प्रदान गर्ने क्रममा २०६० सालमा नेपाल पत्रकार सङ्घले सम्मान गऱ्यो । नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवाद लेलिनवादले २०६० मा भाषा साहित्यका क्षेत्रमा योगदान गरे बापत उनलाई सम्मान पत्र प्रदान गऱ्यो । त्यस्तै शर्मालाई अन्तराष्ट्रिय बाल अधिकार दिवसको दिन सिविनले 'शान्तिका लागि सिर्जनाहरू' सिविन सम्मान पत्र प्रदान गऱ्यो । बगर फाउन्डेसन नेपालले बगर प्रकाशनको २३ औं वार्षिकोत्सवका अवसरमा उनलाई 'बगर सम्मान-२०६१' प्रदान गऱ्यो । वि.सं. २०६३ फागुनमा हृदयचन्द्र सिंह प्रधानको ९२ औं जन्म जयन्तीका अवसरमा ताम्रपत्र सहित दोसल्ला ओढाएर सम्मान गरियो भने 'साहित्य सदन' नेपालद्वारा त्यही साल हृदयचन्द्र सिंह प्रधान स्मृति सम्मान प्रदान गरियो । वि.सं. २०६४ मा शर्मालाई साहित्य सन्ध्याद्वारा रजत जयन्तीको अवसर पारेर 'जेष्ठ प्रतिभा सम्मान तथा कविता वाचन कार्यक्रममा सम्मानित गरियो । त्यस्तै पत्रकारितामा योगदान गरे बापत उनलाई साहित्यिक पत्रकार सङ्घले २०६४ मा उनलाई दोसल्ला, टोपी र ताम्रपत्रद्वारा सम्मान गऱ्यो । त्यस्तै फेरी उनलाई नेपाली पत्रकारिता, चितवन र साहित्यका क्षेत्रमा योगदान गरे बापत 'अरुणिमा शैक्षिक प्रतिष्ठानले' २०६५ मा अभिनन्दन पत्र दियो । भाषा साहित्यका क्षेत्रमा शर्माले विशेष योगदान पुऱ्याए बापत झर्रोवादी वरिष्ठ साहित्यकार चूडामणि रेग्मी अभिनन्दन तथा नेपाली वर्णविन्यास विचार गोष्ठी चन्द्रगढी झापाले शर्मालाई झर्रो नेपाली दिग्गजका रूपमा सम्मान गर्दै आदरपत्र प्रदान गऱ्यो । उनलाई राष्ट्रिय जन सांस्कृतिक स्रष्टा सम्मानबाट वि.सं. २०६६ मा सम्मान गरियो भने सोही सालमा नै भानु जयन्तीका अवसरमा भानु प्रतिष्ठानले आयोजना गरेको प्रभात फेरी सहितको परिक्रमामा रथारोहण

सहित सम्मान गरियो । शर्मालाई वि.सं.  २०६६ मा महाकवि देवकोटा शताब्दी महोत्सव (१९६६-२०६६) द्वारा 'महाकवि देवकोटा शताब्दी सम्मान' 'सम्झनाको चिनो' प्रदान गरियो । त्यस्तै उनलाई भैरब पुरस्कार गुठीबाट वि.सं.  २०६८ मा सम्मान प्रदान गरियो भने रमा-कृष्ण सिर्जना प्रतिष्ठानबाट विशेष अतिथिको सम्मान सहित उनलाई मायाको चिनो प्रदान गरियो । यसरी अनेक सम्मान र पुरस्कारबाट सम्मानित शर्मालाई ने.प्र.प्र. को आजीवन सदस्यमा पनि मनोनयन गरिएको छ (अधिकारी, २०६९क : ३४) ।

यसरी बहुमुखी प्रतिभाका धनी, साहित्य साधक श्याम प्रसाद शर्मालाई विभिन्न पुरस्कार र सम्मानद्वारा सम्मानित गरिदै आएको छ । त्यसदेखि बाहेक उनको नाममा समेत पुरस्कार कोष खडा गरिएको छ । 'ज्ञानगुन साहित्य प्रतिष्ठानले' शेषराज सिवाकोटीका संयोजनमा ६ वटा पुरस्कार कोष खडा गरेको छ । सो पुरस्कार उनको जन्म दिन असार ६ गते प्रदान गरिन्छ ।

## २.३ निष्कर्ष

श्याम प्रसाद शर्मा मकवानपुरको सोलीथुममा सामान्य परिवारमा जन्मेका हुन् र उनले बाल्यकालका पाँच वर्ष त्यहीँ बिताएका हुन् । पाँच वर्षपछि उनका बाबुले आर्थिक अवस्था कमजोर भएका कारण आफ्नो परिवारलाई वीरगन्जमा बसाइँ सार्दछन् । घरमै अक्षरारम्भ गरेर माध्यमिक तह सम्मको औपचारिक अध्ययन गरेका शर्माले पढाई छाडेपछि पनि स्वाध्ययनले शैक्षिक र बौद्धिक विकास गर्नुका साथै लगनशीलता र परिश्रमका कारण अङ्ग्रेजीमा साथै अन्य विविध भाषामा समेत दक्ष बने ।

पाँच वर्षको उमेरमा आमा र तेह्र वर्षको उमेरमा बुबाको मृत्यु भएका शर्मालाई ठुली आमाको पालन पोषणबाट एक्लो र टुहुरो अनुभव कहिल्यै भएन । बुबाको मृत्युपछि घर व्यवहार र पढाइ खर्च टार्न उनलाई मुस्किल पर्‍यो । त्यसैले उनले रेलको स्टेसनमा गई पत्रिका बेच्ने, गाउँका केटाकेटीलाई ट्युसन पढाउदै, चिठीपत्रहरू लेखिदिने काम गर्दै र 'सेवा' नामक पुस्तक पसल खोलेर आफ्नो माध्यमिक तहसम्मको औपचारिक पढाइ अन्त्य गरे । घर खर्च समेत टार्न मुस्किल हुँदा अनेक दुःख कष्ट आइलाग्दा पनि उनी जीवनमा कहिल्यै निराश भने भएको पाइँदैन ।

प्रगतिशील लेखक सङ्घका संस्थापक अध्यक्ष समेत भएका शर्मालाई साहित्यकारका रूपमा नचिन्ने नेपाली सायदै कम होलान् । उनका साहित्यका अनेक फाँट निबन्ध, कविता, गीत, संस्मरण, डायरी, समालोचना प्रशस्तै प्रकाशित भएका छन् । प्राय : सबैलाई कामलाग्ने उनका साहित्यिक कृति र साहित्येत्तर लेख रचनाहरू प्रकाशित छन् भने बाल बालिकाका लागि त गीतसङ्ग्रह नै प्रकाशित छन् । यसरी लेखन क्षेत्रमा अग्रणी व्यक्तित्वको लेखन आरम्भ वि.सं. २००१ को मौलिक रचना **'गाउँको सफाइ'** बाट भएको हो भने औपचारिक साहित्यिक लेखन आरम्भ भने 'उदय' पत्रिकामा प्रकाशित हिन्दी कविताको अनुवाद **'सन्देश'** (२००२) बाट भएको हो । उनका झण्डै दर्जन निबन्धहरू प्रकाशित छन् भने अन्य कृतिहरू पनि धेरै छन् । उनी बहुभाषी व्यक्तित्व समेत भएका हुनाले उनका कृतिहरू अन्य भाषामा अनुदित छन् र अन्य भाषाबाट उनले नेपालीमा पनि अनुवाद गरेका छन् । यसरी साहित्यका अनेक फाँटमा कलम चलाउने शर्मा साहित्यकार मात्र नभई राजनीतिज्ञ, कुशल पत्रकार, सम्पादक, अनुवादक, समालोचक जस्ता नामले पनि परिचित छन् ।

सानैदेखि समाज सुधारको चाहना गर्ने शर्मामा रुढिवाद र अन्धविश्वासलाई जरैदेखि निमिट्यान्न पार्नु पर्दछ भन्ने धारणा थियो । उनलाई पहिले राजनीतिमा गान्धीको प्रभाव थियो भने पछि मार्क्सवादी चिन्तनले प्रभाव पाऱ्यो । नेपाली काङ्ग्रेसमा संलग्न भई राणा विरोधी आन्दोलनमा लागे बापत उनी जेल परे । वि.सं. २००४ देखि २००७ सम्ममा तिन पटक जेल परेका शर्मा वि.सं. २००९ बाट नेपाल कम्युनिष्ट पार्टीमा विधिवत् संलग्न भए । त्यही पार्टीगत कारण उनी वि.सं. २०२४ मा भूमिगत समेत भए । झन्डै २४ बर्से भूमिगत जीवनपछि बाहिर आएर उनी कुनै पार्टीको निकट नभएर राष्ट्रियता र लोकतन्त्रको पक्षमा समन्वय कर्ताका रूपमा पाइन्छन् ।

सानै उमेरमा आमा र मामाको करमा विवाह गर्न पुगेका शर्मा परिपक्व हुँदै जाँदा पहिलो विवाहबाट जीवन चल्ने देखेनन् र सम्बन्ध बिच्छेद गर्न पुगे । उनीसँग सम्बन्ध विच्छेद गरेर पुनः दोस्रो विवाह लेखिका शशिकला शर्मासँग भएपछि दुई छोरीको जन्म भयो । शर्माको भूमिगत जीवनमा आफ्नी दोस्री श्रीमती शशिकलाले उनलाई छोडेर दोस्रो विवाह गरिन् । यसरी दुई श्रीमतीबाट पनि दाम्पत्य जीवन सफल हुन नसकेका शर्मा हाल छोरी सम्झनाको घर हात्तीसारमा बस्दै आइरहेको पाइन्छ ।

यसरी उनको समग्र मूल्याङ्कन गर्दा उनी एक कर्मठ, सङ्घर्षशील, मिहिनेती, कहिल्यै नआत्तिने र समस्यासँग जुध्दै जाँदा अवश्य सफलता हासिल गर्न सकिन्छ भन्ने मान्यता बोकेका बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । सरल सादा जीवन जिउने, सबैसँग हाँसेर कुरा गर्ने, सबैको आदर गर्ने, सानो ठुलो भनेर पक्षपात नगर्ने उनका बानीहरू अनुकरणीय छन् । भाषा साहित्यका क्षेत्रमा साथै अन्य क्षेत्रमा समेत नाम कमाएका शर्मा विभिन्न सङ्घ संस्थाहरूबाट पुरस्कृत र सम्मानित हुने गरेका छन् भने ने.प्र.प्र. का आजीवन सदस्य समेत रहेका छन् ।

# परिच्छेद तिन

# बाल साहित्यिक कृतिहरूको विश्लेषण

## ३.१ बाल साहित्यको सामान्य परिचय र परिभाषा

भिन्ना भिन्नै अर्थबोध गराउने दुई शब्दहरू 'बाल' र 'साहित्य' को संयुक्त रूप नै बाल साहित्य हो । 'बाल' ले बाल बालिका र 'साहित्य' ले उनीहरूकै सिर्जनशील प्रतिभाद्वारा रचिएको वा प्रौढले उनीहरूका लागि रचना गरेको साहित्य भन्ने बुझिन्छ (तिवारी, २०६१ : ७) । बाल साहित्य बालकहरूका निम्ति लेखिएको विशेष किसिमको साहित्य हो । विशेष गरी बालसाहित्य जन्मेदेखि किशोर कालसम्मका बाल बालिकासित सम्बद्ध साहित्य हो । बालकको पढ्ने पाठ्य पुस्तकलाई बाल साहित्य मानिदैन तर बालकको उपयोगिता अनुसार तयार गरिने साहित्यले उनीहरूलाई मनोरञ्जन हुने, आनन्द आउने र अप्रत्यक्ष रूपमा उनीहरूमा ज्ञान र सिपको विकास हुने भएकाले त्यस्तो साहित्यलाई मुख्य रूपमा बाल साहित्य मानिन्छ (प्रधान, २०५३ : ५) ।

बाल साहित्य बालकलाई लक्ष्य बनाई लेखिएको साहित्य हो । 'बाल' शब्दसँग आएको साहित्यको अर्थ वाङ्मय भन्ने हुन्छ र केटाकेटीका निम्ति उपयुक्त भाषाशैलीमा रचना गरिएका सामग्रीलाई उक्त बाल साहित्य शब्दले जनाउँछ । बाल साहित्य बाल केन्द्रित लेखन हो र त्यो बाल बालिकासित सम्बद्ध विविध उद्देश्यपूर्तिका निम्ति लेखिने साहित्यिक अभिव्यक्ति हो । बाल साहित्य बाल बालिकाको रूचि, आवश्यकता र मनोविज्ञानलाई समेत ध्यानमा राखेर लेखिन्छ (तिवारी, २०५१ : ३८) । बाल साहित्य बालकहरूका निम्ति प्रस्तुत गरिने र त्यस्ता रचनाप्रति स्वाभाविक रूपमा उनीहरूको रूचि हुने भएकाले बाल बालिका अनुकूल विषयवस्तु समायोजन गरी सरल र रोचक भाषामा रचित बाल साहित्यले उनीहरूमा मनोरञ्जन र ज्ञान दुवै एकैसाथ प्रदान गर्न सकिन्छ । बाल बालिकाहरू सानैदेखि रङ्गीचङ्गी र सुन्दर पुस्तकहरूप्रति आकर्षित हुन्छन् र त्यसैमा रमाउँछन् । पछि जति जति उनीहरूलाई अक्षर र शब्दहरूप्रति ज्ञान हुन थाल्छ अनि मात्र विषयवस्तुप्रति आकर्षित हुन थाल्छन् । यिनै बाल बालिकाका रूचि र आवश्यकतालाई टिपेर बाल साहित्यको रचना गरिएको हुन्छ ।

यसरी बाल साहित्य भनेको उनीहरूको उमेर सुहाउँदो तरिकाले बालहितका लागि लेखिने रचना हो । बाल साहित्यका बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नै तरिकाले परिभाषा गरेका छन् । ती परिभाषाहरूमा केही विद्वानहरूले दिएका परिभाषाहरू हेरौ :-

**श्याम प्रसाद शर्मा** :- “राम्रो बाल साहित्य रच्न, आफ्नो उमेर बिर्सेर बालकहरूमा बरोबर मिसिने र भिज्ने गर्नुपर्छ ।” (हुमागाईं, २०५६ : ६८)

**कृष्ण प्रसाद पराजुली** :- “बालकले सजिलैसँग बुझ्न, टिप्न सक्ने र उनीहरूलाई रौस्याउँदै चरित्र निर्माणमा सघाउ पुऱ्याउने सिर्जनात्मक साहित्य नै बाल साहित्य हो ।” ( हुमागाईं, २०५६ : ६८)

**जनक प्रसाद हुमगाईं** :- “बाल साहित्यको उत्थानमा लाग्नु भनेको अन्ध रुढिवादी, अवैज्ञानिक, पछौटे दृष्टिकोणको सट्टा वैज्ञानिक, तथ्यसङ्गत, यथार्थ दृष्टिकोण प्रदान गर्ने कार्यमा लाग्नु हो ।” (हुमागाईं, २०५६ : ६५)

**रमेश विकल** :- “बाल बालिकाहरूका निम्ति रचना गरेका कथा, कविता, नाटक आदि उनीहरूकै संसारबाट टिपेर उनीहरूकै रूचि अनुकूल सजाएर अनि उनीहरूकै संसारमा प्रवेश गरेर उनीहरूलाई दिनु पर्दछ ।” (हुमागाईं, २०५६: ६८)

**जीवेन्द्र देव गिरी** :- “बाल साहित्यबाट पाएका कोसेलीहरूको सदुपयोग गर्दै बाल बालिकाहरू गाउँछन्, नाच्छन्, खेल्छन्, हाँस्छन् र ज्ञानको सिँढी उक्लिन्छन् । छोटो, मिठो र सरल भाषाबाट शक्ति प्राप्त गर्दछन् र लोक साहित्यबाट पनि उर्जा बटुल्छन् ।” (हुमागाईं, २०५६ : ६८)

**चूडामणि बन्धु** :- “बाल साहित्यका निम्ति स्वस्थ, मनोरञ्जन, उपयोगी शिक्षा, व्यावहारिक ज्ञान र नयाँ नयाँ सूचना दिने साहित्य नै बाल साहित्य हो, यसमा पाठकको मानसिक स्तर, उमेर, भाषा जस्ता कुराको विचार गरिन्छ” । (बन्धु, २०५१ : २५)

**भिक्टर प्रधान** :- “बाल साहित्य साहित्यको विशिष्ट प्रकार हो, जुन बाल बालिकाका निम्ति मनोरञ्जनात्मक तथा बाल साहित्यमा आप्लावित ज्ञान, सीप, चरित्र, प्रवृत्ति निर्माणात्मक प्रच्छन्न सत् सन्देश वा मार्ग निर्देशन हो” । (हुमागाईं, २०५६ : ६८)

**विजय चालिसे** :- "बाल साहित्य भनेको बालकहरूका लागि भनेर लेखिएका कथा, कविता, निबन्ध, जीवनी, नाटक, लोककथा र पौराणिक कथाहरूको सरल रूपान्तरण वा प्रौढ साहित्यको सरल रूपान्तरण मात्र हो भन्ने पुरानो मान्यतामा आज निकै परिवर्तन आएको छ" । (चालिसे, २०५३ : १६)

**कपिल लामिछाने** :- "बालक र वयस्कद्वारा बाल उपयोगी हुने गरी रचित साहित्यलाई बाल साहित्य भनिन्छ" । (प्रधान, २०६१ : १५)

**रन्जुश्री पराजुली** :- "भाषाका माध्यमबाट बाल बालिकाका लागि लेखिएको मनोरञ्जनात्मक, नैतिकतापूर्ण, शिक्षावर्द्धक लेखलाई बाल साहित्य भनिन्छ" । (हुमागाईं, २०५६ : ६८)

**अच्युतरमण अर्याल** :- "बाल मनोविज्ञानका आडमा बालरूचि अनुकूलको नैतिक, अध्यात्मिक र वैज्ञानिक चेतना दिने राष्ट्रिय वातावरणयुक्त बाल समस्यालाई ध्यान दिई निर्मित भएको बाल उमेर अनुसारको सिर्जनात्मक साहित्यिक रचना नै बाल साहित्य हो" । (हुमागाईं, २०५६ : ६८)

**दैवज्ञराज न्यौपाने** :- "सहज र सुन्दर भाषामा बाल बालिकाहरूको मनोविनोदलाई ख्याल गर्दै उनीहरूले खेल्ने र रमाउने तरिकाले लेखेको नैतिक एवं चारित्रिक विकासलाई सहयोग पुऱ्याउने साहित्य नै बाल साहित्य हो । यो बालकले बाल भाषामा लेखेको र ठुलाले बाल बालिकाका लागि सरल भाषामा लेखेको भए पनि दुबैको मूल उद्देश्य भने यसमा समान हुन्छ । प्रौढले नैतिकतामा जोड दिने र बाल बालिकाले स्वैर कल्पनामा जोड दिने गर्दछन्" । (हुमागाईं, २०५६ : ६८)

यसरी बाल साहित्य बारे जे जति परिभाषा भए पनि परिभाषाको निचोड भने बाल बालिकाका निम्ति रचिएको, उनीहरूको रूचि स्वभावानुकूल सरल भाषाशैलीमा रचिएको रचना नै हो ।

बाल साहित्य एकै विधामा मात्र सीमित हुँदैन । यो विभिन्न विधामा हुन्छ । जसरी प्रौढ साहित्यका विविध विधाहरू हुन्छन् । त्यसरी बाल साहित्यमा पनि बालगीत, बाल कविता, बाल उपन्यास, बाल नाटक, बालकथा, बाल निबन्ध, बाल चित्रकथा आदि विधा हुन्छन् । तिनै विविध साहित्यका माध्यमबाट बाल बालिकालाई मनोरञ्जन सहित ज्ञान प्रदान

गरिन्छ । यसरी बाल बालिकाका लागि प्रौढद्वारा रचित विविध विधाका साहित्य नै बाल साहित्य हो ।

## ३.२ बाल साहित्यिक कृतिहरूको परिचय

नेपाली बाल साहित्यकार श्याम प्रसाद शर्मा नेपाली बाल साहित्यका क्षेत्रमा अग्र स्थानमा देखिन्छन् । साहित्य, राजनीति र समाजलाई समान रूपले हाँक्ने र एक अर्कासँग विषयलाई गाँस्दै अघि बढाउने शर्माले नेपाली बाल साहित्यका क्षेत्रमा पनि योगदान गरेका छन् । वि.सं. २००१ बाट औपचारिक रूपमा लेखन आरम्भ गरेका शर्माले वि.सं. २००७ बाट बाल साहित्यका क्षेत्रमा समेत लेखन आरम्भ गरे । शर्माले **'बालशिक्षा'** नामक सानो पुस्तिका छपाएर बाल साहित्य लेखनमा प्रवेश गरेका हुन् । त्यसपछि उनका कृतिहरू एकपछि अर्को गर्दै प्रकाशित भइ रहे ।

बाल बालिकाहरूको कर्तव्य र उत्तरदायित्वपूर्ण भूमिका निर्वाह गर्ने शर्माका बाल साहित्यिक पुस्तकाकार कृतिहरू गद्य र पद्य दुवै विधामा देखिन्छन् । उनका बाल साहित्यिक गद्य रचनाहरूमा **'बालशिक्षा'** (२००७), **'बहिनीलाई चिठी भाग-१'** (२००८), **'बहिनीलाई चिठी भाग-२'** (२०१२), **'चीनका पुराना नीतिकथाहरू'** (अनुवाद, २०२४), **'हाम्रा बाल बालिकाहरु : हाम्रो नयाँ पुस्ता'** (२०४७) हुन् । त्यस्तै पद्य रचनाहरूमा **'केही कविता : केही गीत'** (२०४३), **'मेरी सानी साथी'** (२०४३), **'हामी हुन्छौं बलियो'** (२०५२), **'हाम्रो इच्छा'** (२०५६), **'राम्रो - नराम्रो'** (२०६६) **र 'मेरा गीतहरू : तिम्रा स्वरहरू'** (२०६१) रहेका छन् । यी रचनाहरू लेख, निबन्ध, पत्र साहित्य, गीत र कविताका रूपमा छन् । शर्माले आफूलाई बालकका रूपमा उभ्याउँदै र कहिले पथ प्रदर्शकका रूपमा स्थापित गर्दै रचेका यी कृतिहरूले विभिन्न उमेरका बाल बालिका र तीनका अभिभावक र सञ्चालकप्रति पनि लक्षित गरेका छन् (गिरी, २०६९क : २०) ।

## ३.३ बाल साहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण

बाल साहित्य पनि दुई प्रकारका हुन्छन् । एउटा बाल बालिकाले पढ्ने र अर्को बाल बालिका बारेमा प्रौढले पढ्ने । गद्य र पद्य दुवै विधामा कलम चलाएका शर्माको बाल साहित्य लेखनमा पनि दुवै प्रकारका बाल साहित्य पर्दछन् । बाल साहित्य विशेष गरेर बाल बालिकाले पढ्ने साहित्य हो तर पनि दुवै प्रकारका कृतिहरूलाई बाल साहित्यिक कृति भन्दै

आइएको छ । श्याम प्रसाद शर्माका पनि दुवै प्रकारका कृतिहरू बाल साहित्य अन्तर्गत पर्दछन् । त्यसैले प्रौढले पढ्ने बाल साहित्यिक कृति र बाल बालिकाले पढ्ने बाल साहित्यिक कृति भनेर दुई भागमा विभाजन गरेर प्रौढले पढ्ने बाल साहित्यिक कृतिहरूको विषयवस्तु , उद्देश्य र भाषशैलीका आधारमा विश्लेषण गरीएको छ र बाल बालिकाले पढ्ने बाल साहित्यिक कृतिहरूको विधा तत्त्वगत आधारमा अलि गहन अध्ययन गरिएको छ ।

### ३.३.१ बाल बालिकाको अध्ययनका निम्ति सिर्जित बाल साहित्यको विश्लेषण

बालगीत भनेको बाल बालिकाले उनीहरूकै लागि गाउने एक मनोरञ्जनात्मक साहित्य हो । बाल बालिकाका जिज्ञासालाई शान्त पार्ने, उनीहरूका मन मस्तिष्कमा छोटो समयमा पनि छिटो र जबरजस्त छाप छोड्न सक्ने साहित्य छ भने त्यो बालगीत हो (दीप, २०५४ : २७) । बाल बालिकाहरूप्रति अभिभावकको भूमिका निर्वाह गर्ने शर्माले बाल बालिकाहरूप्रति सधैँ सचेत भएर ध्यान दिनु पर्दछ र स्वच्छ प्रेरक रचनाको निर्माण गरेर उनीहरूमा अभिरूचि जगाउनु पर्दछ भन्ने धारणा स्वरूप बालगीत सङ्ग्रहको रचना गरेका छन् । उनका चार वटा बालगीत सङ्ग्रहहरू छन् । शर्माका ती चार वटा बालगीत सङ्ग्रहहरू **'मेरी सानी साथी'**, **'हामी हुन्छौँ बलियो'**, **'हाम्रो इच्छा'** र **'राम्रो-नराम्रो'** हुन् । कसैले यी कृतिहरूलाई बाल कविता सङ्ग्रह भनेका छन् भने कसैले गीत पनि भनेका छन् । यिनीहरूको पाठ कविता जस्तै छ तर जब गाइन्छन्, यिनीहरू गीत बन्दछन् । लेखक स्वयम्द्वारा पनि यी कृतिहरूलाई बालगीत सङ्ग्रह नै भनिएको छ । यी चार सङ्ग्रहहरू चाहिँ केटाकेटीले नै पढ्ने खालका रचना भएकाले गर्दा यी गीतहरूलाई विशेष बाल साहित्य भनेर यहाँ तिनीहरूकै विश्लेषण गरिएको छ ।

कुनै पनि कृतिको रचना गर्दा विभिन्न तत्त्वहरूद्वारा रचना गरिएको हुन्छ । त्यसैले ती रचनाहरूको विश्लेषण गर्दा तत्त्वगत आधारमा गर्नु पर्ने हुन्छ । श्याम प्रसाद शर्माको चार वटा गीतसङ्ग्रहहरूको विश्लेषण पनि गीतितत्त्वका आधारमा गरिएको छ । हुन त बालगीत बाल बालिकाका लागि हुनाले बढी सरल सहज भाषाशैलीमा रचिएको हुन्छ । त्यसैले बालगीतमा सबै तत्त्वहरूको पूर्णता त हुँदैन तापनि गीत विश्लेषणमा गीतितत्त्वलाई नै आधार मानेर विश्लेषण गरिएको छ । यी चार वटा बालगीत सङ्ग्रहलाई शीर्षक, संरचना, विषयवस्तु, भाव, कल्पना, सङ्गीत, विम्ब प्रतीक, भाषाशैली जस्ता गीतितत्त्व ( बराल, २०६१ : २७) का आधारमा विश्लेषण गरिएको छ ।

### ३.३.१.१ 'मेरी सानी साथी' बालगीत सङ्ग्रहको विश्लेषण

श्याम प्रसाद शर्माको बालगीत सङ्ग्रह **'मेरी सानी साथी'** पहिलो पटक वि.सं. २०४३ मा प्रकाशित भयो । त्यसबेला यो परीक्षणका रूपमा प्रकाशित भएको थियो । यसको दोस्रो संस्करण २०४४ मा प्रकाशित भएको थियो । यी दुवै पटक शिक्षा तथा संस्कृति मन्त्रालयको प्राथमिक शिक्षा परियोजना अन्तर्गत प्रकाशित भएको थियो । तेस्रो पटक वि.सं. २०५७ मा यो कृति 'साहित्य सेवा सदन' बाट प्रकाशित भयो । यसको पहिलो र दोस्रो संस्करण शर्मा भूमिगत भएकाले गर्दा कुलमान सिंहको नाममा प्रकाशित भयो र चित्र पनि कुलमान सिंहकै नाममा थियो । पछि वि.सं. २०५७ मा तेस्रो संस्करण प्रकाशित हुँदा मात्र श्याम प्रसाद शर्माका नाममा र चित्र कुलमान सिंह भनेर अन्तराष्ट्रिय बाल दिवसका दिन 'साहित्य सेवा सदन' कमलपोखरी, काठमाडौंले प्रकाशित गरेको हो । लेखकका हाल सम्मका कृतिहरूमध्ये सबैभन्दा धेरै छापिएको कृति पनि यही नै हो (शोध नायकबाट प्राप्त जानकारी) । यसमा सन् १९८० देखि १९८६ सम्म रचना गरिएका गीतहरू छन् ।

यस बालगीत सङ्ग्रहमा जम्मा १५ वटा गीतहरू छन् । यस सङ्ग्रहमा रहेको 'पाइलै पिच्छे जहिले पनि' नामक रचना 'केटाकेटीका गीतहरू भाग २' क्यासेटमा पनि राखिएको छ । यसको सङ्गीत रामेशले गरेका छन् भने गायन स्वर्णिम इङ्लिस स्कुलका विद्यार्थीहरूले गरेका छन् । यस सङ्ग्रहको गीतितत्त्वका आधारमा यसरी विश्लेषण गरिएको छ ।

**(१) शीर्षक**

शीर्षक गीतको केन्द्रीय तत्त्व हो । कुनै पनि गीतको नामकरण गर्नु नै शीर्षक राख्नु हो । शीर्षकले कुनै पनि रचनाको परिचय दिन्छ ।

श्याम प्रसाद शर्माको यस **'मेरी सानी साथी'** बालगीत सङ्ग्रहमा १५ वटा गीतहरू छन् । यी पन्ध्र वटा गीतहरू भिन्ना भिन्नै शीर्षकमा राखिएका छन् । यस बालगीत सङ्ग्रहका गीतहरूलाई अध्ययन गर्दा प्राय : गीतहरूको केन्द्रीय भावलाई आधार मानेर शीर्षक राखिएका छन् भने कतिपय गीतमा गीतको पहिलो श्लोक वा पङ्क्तिलाई आधार मानेर शीर्षक राखिएका पनि छन् । यस सङ्ग्रहका नौ वटा गीतहरूको शीर्षक केन्द्रीय भावलाई आधार मानेर राखिएका छन् । ती गीतहरूका शीर्षकहरूमा 'देशकै प्यारो हुन्छ',

'मेरो प्यारो साथी ऊ', 'खेल्ने ठाउँ हाम्रो', 'मेरो आफ्नै कुरा', 'साथीलाई चिठी', 'विद्या-बुद्धि चाहिने भए', 'पाइलै पिच्छे जहीले पनि', 'जीवितले सास फेर्छन्' र 'सबैले छाड्नै पर्छ' हुन् । त्यस्तै पहिलो पङ्क्ति वा श्लोकलाई आधार मानेर राखिएका शीर्षकहरू ६ वटा छन् । ती शीर्षकहरू 'हामी धेरै पढ्ने गर्छौं', 'मेरी सानी साथी', 'हाम्री आमा', 'चाँडै सुत्ने चाँडै उठ्ने', 'भाषा चाँडो सिक्नलाई' र 'काम गर्न रुचाउँछौँ' हुन् ।

त्यस्तै यस बालगीत सङ्ग्रहका १५ वटै गीतहरूका शीर्षकको संरचना हेर्दा प्राय : चार वटा शब्दबाट निर्मित छन् भने 'मेरी आमा' शीर्षक दुई शब्दबाट निर्मित छ । त्यस्तै कतिपय शीर्षक वाक्यात्मक रूपमा आएका छन् भने कतिपय पदावलीका रूपमा पनि आएका छन् । वाक्यात्मक रूपमा आएका शीर्षकहरूमा 'देशकै प्यारो हुन्छ', 'जीवितले सास फेर्छन्', 'सबैले छाड्नै पर्छ', 'हामी धेरै पढ्ने गर्छौं' र 'काम गर्न रुचाउँछौँ' गरी पाँच वटा छन् । पदावलीका रूपमा आएका शीर्षक यो सङ्ग्रहमा १० वटा छन् । ती शीर्षकहरू 'खेल्ने ठाउँ हाम्रो', 'हाम्री आमा', 'मेरी सानी साथी', 'भाषा चाँडो सिक्नलाई' आदि हुन् ।

यस **'मेरी सानी साथी'** नामक सङ्ग्रहमा समावेश गीतहरूको शीर्षक जसरी राखे तापनि सबै गीतहरू मूल भावकै निकट छन् । त्यसैले यस बालगीत सङ्ग्रहका शीर्षकहरू सार्थक छन् भन्न सकिन्छ ।

(२) **संरचना**

संरचना बालगीतको अर्को महत्त्वपूर्ण तत्त्व हो । संरचना भन्नाले बनावट वा सङ्गठन भन्ने बुझिन्छ । गीतको आफ्नै किसिमको संरचना हुन्छ, जसले गर्दा अन्य विधाभन्दा अलग हुन्छ । संरचनागत दृष्टिमा हेर्दा आन्तरिक र बाह्य संरचना भनेर विभाजन गर्न सकिन्छ । गीतको आन्तरिक संरचनामा भाव, विचार आदि पर्दछन् भने बाह्य संरचनामा भाषा, पङ्क्ति, श्लोक, लय आदि पर्दछन् । समग्रमा गीतको संरचना हेर्दा भाव, भाषा, श्लोक, पङ्क्ति, लय आदि नै देखिन्छन् । गीतमा मुख्यतः दुई भाग हुन्छन् । गीतको केन्द्रीय कथ्य वा भावलाई स्थायी भाग भनिन्छ, जुन गीतको पहिलो श्लोकमा रहने गर्दछ । यो गीतमा बारम्बार दोहोरिएर आउने हुनाले पनि यसलाई स्थायी भाग भनिएको हो भने स्थायी भाग भन्दा अन्य भाग वा श्लोकलाई अन्तरा भाग भनिन्छ, जुन स्थायी भागमा अभिव्यक्त मूल कुरालाई पुष्टि गर्न आउँछ (बराल, २०६० : १४) । त्यस्तै गीतको मूल

भावको विकास स्थायी भागको केन्द्रीयतामा नघुमी क्रमवद्ध रूपमा अगाडि बढ्दछ भने त्यो गीतको क्रमबद्ध बनोट हो ।

श्याम प्रसाद शर्माको बालगीत सङ्ग्रह **'मेरी सानी साथी'** पनि आफ्नै किसिमको संरचनाद्वारा संरचित छ । यस सङ्ग्रहका १५ वटा गीतहरूको संरचनालाई स्पष्ट पार्न यसरी देखाइएको छ ।

| क्र.स. | शीर्षक | पृष्ठ | पङ्क्ति संख्या | श्लोक | बनोट |
|---|---|---|---|---|---|
| १ | चाँडै सुत्ने चाँडै उठ्ने | १ | १६ | ४ | क्रमबद्ध |
| २ | देशकै प्यारो हुन्छ | २ | २० | ५ | क्रमबद्ध |
| ३ | मेरो प्यारो साथी ऊ | ३ | २५ | ५ | स्थायी ४ अन्तरा |
| ४ | हाम्री आमा | ४ | १६ | ४ | क्रमबद्ध |
| ५ | मेरी सानी साथी | ५ | १६ | ४ | क्रमबद्ध |
| ६ | खेल्ने ठाउँ हाम्रो | ६ | १६ | ४ | क्रमबद्ध |
| ७ | मेरो आफ्नै कुरो | ७ | १६ | ४ | क्रमबद्ध |
| ८ | साथीलाई चिठी | ८ | १६ | ४ | क्रमबद्ध |
| ९ | विद्या-वुद्धि चाहिने भए | ९ | १६ | ४ | क्रमबद्ध |
| १० | हामी धेरै पढ्नेगर्छौं | १० | १२ | ३ | क्रमबद्ध |
| ११ | पाइलै पिच्छे जहिले पनि | ११ | १८ | ४ | स्थायी ३ अन्तरा |
| १२ | जीवितले सास फेर्छन् | १२ | १६ | ४ | क्रमबद्ध |
| १३ | भाषा चाँडो सिक्नलाई | १३ | १६ | ४ | क्रमबद्ध |
| १४ | काम गर्न रुचाउँछौं | १४ | १६ | ४ | क्रमबद्ध |
| १५ | सबले छाड्नैपर्छ | १५ | १६ | ४ | क्रमबद्ध |

**'मेरी सानी साथी'** बालगीत सङ्ग्रहलाई हेर्दा १५ वटा बालगीतहरू जम्मा १५ वटा पृष्ठमा छन् । प्रत्येक पृष्ठमा एउटा गीत भएका र ती गीतहरू सबैभन्दा लामो २५ पङ्क्ति र ५ श्लोकको छ भने सबैभन्दा छोटो १२ पङ्क्ति र ३ श्लोकको छ । अरु सबै गीतहरू १६ पङ्क्ति र ४ अनुच्छेदका छन् । यस सङ्ग्रहका बालगीतका बनावट हेर्दा 'मेरो प्यारो साथी ऊ' र 'पाइलै पिच्छे जहिले पनि' गरी दुई वटा गीत स्थायी र अन्तरा भागमा छुट्टिएका छन् भने अरु सबै गीतहरू क्रमबद्ध रूपमा आएका छन् ।

### (३) विषयवस्तु

विषयवस्तु भनेको गीतको प्रकृति हो । गीतले के या कुन विषयमा भन्न खोजेको छ त्यो नै विषयवस्तु हो । विषयवस्तु पनि विभिन्न किसिमका हुन्छन् । श्याम प्रसाद शर्माको बालगीत सङ्ग्रह **'मेरी सानी साथी'** पनि विविध विषयवस्तुमा आधारित छ । ती विविध विषयवस्तुलाई छुट्टाछुट्टै चर्चा गरिएको छ ।

**क) सामाजिक विषयवस्तु**

समाज जगत् वा सामाजिक परिवेशमा आधारित गीतलाई सामाजिक विषयवस्तुमा आधारित गीत भन्न सकिन्छ । यस्ता सामाजिक विषयमा आधारित गीतले समाजमा बस्दा गर्नु पर्ने क्रियाकलाप, समाजमा मानिससँग गर्नु पर्ने व्यवहार आदिका बारेमा जानकारी दिन्छन् । यस **'मेरी सानी साथी'** बालगीत सङ्ग्रहमा समावेश गीतहरूमध्ये 'सबले छाड्नै पर्छ' बालगीत सामाजिक विषयवस्तुमा आधारित गीत हो ।

यो 'सबले छाड्नैपर्छ' नामक बालगीतमा बाटोमा हिँड्दा वा बस्दा मानिसले जहाँपायो त्यहीँ थुक्नु हुँदैन र यदि झुक्किएर थुकेमा सफा गर्नु पर्दछ । यदि अगाडि कोही रहेछ र त्यहाँ थुकियो भने माफी माग्नु पर्छ नत्र जरिवाना मागे भने तिर्नु पर्छ भनिएको छ । त्यस्तै थुकले रुघाखोकी सार्ने हुँदा तोकिएको सीमित ठाउँमा मात्र थुक्ने गरेर सभ्य बन्नु पर्दछ भन्ने सामाजिक सन्देश यस बालगीतले दिएको छ ।

जस्तै, तोकिएको ठाउँमा थुक्ने
सभ्य बन्नुपर्छ,
राम्रो नियम मान्नुपर्छ
शिष्ट बन्नुपर्छ ।

(शर्मा, २०४३ग : १५)

**ख) बाल स्वभाव सम्बन्धी**

केटाकेटीका बानी व्यवहारको वर्णन गरिएको गीतलाई बाल स्वभाव सम्बन्धी विषयमा आधारित गीतमा राख्न सकिन्छ । यस्ता गीतहरूले बाल बालिकाका दैनिक गर्ने क्रियाकलाप, उनीहरूको आनीबानी आदिको बारेमा वर्णन गरेका हुन्छन् । **'मेरी सानी साथी'** बालगीत सङ्ग्रहमा श्याम प्रसादले बाल स्वभावसँग सम्बन्धित गीतहरू पनि समावेश गरेका छन् । यस सङ्ग्रहका 'मेरी सानी साथी', 'मेरो आफ्नै कुरो', 'काम गर्न रुचाउँछौँ' र 'हामी धेरै पढ्नेगर्छौं' चार वटा गीतहरू बाल स्वभावसँग सम्बन्धित विषयमा आधारित जस्ता देखिन्छन् ।

बाल स्वभावसँग सम्बन्धित गीतहरूमध्येमा 'मेरी सानी साथी' शीर्षकको गीतमा आफ्नी सानी साथी दिनहुँ पढ्छिन्, काम सघाउँछिन्, मिठा मिठा गफ गर्छिन्, चटक देखाउँछिन्, चिठी लेखेर खबर सोध्छिन् र आफ्नो पनि सुनाउँछिन् भन्दै साथीको स्वभावको

वर्णन गरिएको छ । बाल स्वभावको वर्णन गरेर शर्माले त्यस्तै बानी सिक्ने प्रोत्साहन बाल बालिकालाई दिएका छन् । त्यस्तै बाल स्वभावसँग सम्बन्धित अर्को शीर्षक 'मेरो आफ्नै कुरो' मा सानो स्वरले कुरा गर्छु, नरम बोल्छु, घरमा बाहिर निस्कदा सँधै ढोका बन्द गर्छु, स्कुलमा अनि घरमा पनि पढ्छु, बाटोमा छेउ लागेर हिँड्छु, छानामाथि चढेर चकचक गर्दिन, खेल खेल्छु र आफ्ना साथीलाई ज्यादै माया गर्छु भनेर बालकले आफ्नै स्वभावको वर्णन गरेको छ । यस सङ्ग्रहको अर्को बाल स्वभावसँग सम्बन्धित शीर्षक 'हामी धेरै पढ्नेगर्छौं' हो । यस शीर्षकमा शर्माले बाल बालिकाद्वारा धेरै पढ्ने गर्छौं, भाइबहिनीलाई माया गर्छौं, नुहाउँछौं, कोठा सधै सफा राख्छौं, सबै चिजहरू मिलाएर राख्छौं, काका फुपूहरूलाई बोलाउँछौं र रमाइलो गर्छौं भनेर बाल स्वभावको वर्णन गरेका छन् । शर्माले बालगीत सङ्ग्रहमा अर्को पनि बाल स्वभावसँग सम्बन्धित गीत समावेश गरेका छन् । त्यो गीतको शीर्षक हो 'काम गर्न रुचाउछौं' यो गीतको शीर्षकमा शर्माले केटाकेटीहरूले कामगर्न रुचाउँछौं, रमाउँछौं, काम गर्नेहरूलाई मायाँ गर्छौं, आफ्नो काम आँफै गर्छौं, काम गर्ने मात्र नभई काम राम्रो पनि गर्न खोज्छौं, जान्नेबाट काम सिक्छौं भने नजान्नेलाई सिकाउँछौं र काम नगरेर अल्छी गरेर बस्नेलाई गिज्याउँछौं भनेर आफ्नै असल बानीलाई वर्णन गरको कुरा समावेश गरेर गीतको सिर्जना गरेका छन् ।

यसरी शर्माले बाल स्वभावहरूको वर्णन गर्दै सबै बाल बालिकालाई तिनै असल बानीहरूको सिको गरेर आफू पनि असल बन्न प्रोत्साहन गरेका छन् । यस्तो बाल स्वभाव सम्बन्धी विषयमा आधारित गीतको केही उदाहरण हेरौं :-

क) हामी धेरै पढ्ने गर्छौं
धेरै बुद्धिमान हुन्छौं
भाइ-बहिनीलाई हेर्छौं
माया गर्छौं, ज्ञानी पार्छौं ।
(शर्मा, २०४३ग : १०)

ख) मेरी सानी साथी
दिनहुँ पढ्छिन्
काम पनि उत्तिकै
सघाउँछिन् ।
(शर्मा, २०४३ग : ५)

यी माथिका गीतांशमा (क) मा हामी धेरै पढ्ने गर्छौं, बुद्धिमान हुन्छौं, भाइबहिनीलाई हेर्छौं, माया गरेर ज्ञानी पार्छौं भन्ने कुरा बाल बालिकाले गरेका छन् भने (ख) मा आफ्नी साथीको असल बानीको वर्णन गरिएको छ ।

**ग) नीति शिक्षा सम्बन्धी**

नैतिक शिक्षा दिने खालको गीतलाई नीतिशिक्षा सम्बन्धी विषयमा आधारित गीतमा राख्न सकिन्छ । यस्ता विषयमा आधारित गीतले बाल बालिकालाई कस्तो काम गर्न हुने, कस्तो काम गर्न नहुने, के गर्दा असल होइन्छ र के गर्दा नैतिकता विहीन अर्थात् खराब मान्छे होइन्छ भन्ने कुराको ज्ञान दिन्छन् ।

यस **'मेरी सानी साथी'** बालगीत सङ्ग्रहमा शर्माले नीति शिक्षा सम्बन्धी ८ वटा गीतहरू गरेका छन् । ती नीतिशिक्षा सम्बन्धी विषयका गीतका शीर्षकहरू 'चाँडै सुत्ने चाँडै उठ्ने', 'देशकै प्यारो हुन्छ', 'मेरो प्यारो साथी ऊ', 'हाम्री आमा', 'साथीलाई चिठी', 'विद्या-बुद्धि चाहिने भए', 'पाइलै पिच्छे जहिले पनि' र 'भाषा चाँडो सिक्नलाई' हुन् ।

यी गीतहरूमा पनि 'चाँडै सुत्ने चाँडै उठ्ने' शीर्षकको गीतमा राम्रो र नराम्रो बानीको शिक्षा दिइएको छ । चाँडै सुत्ने चाँडै उठ्ने बानी, पाठ पढ्ने र बुझ्न खोज्ने, मिहिनेत गरेर चाँडो सिक्ने र ध्यान दिएर कुरा सुनी मनमा लिदा राम्रो तर अबेरसम्म सुत्ने, पढ्दा मन अन्त लाने, सँधैभरी नजानेर एउटै पाठ पढिरहने र जति भने पनि नलाग्ने बानी ज्यादै नराम्रो भनेर शिक्षा दिइएको छ । 'मेरो प्यारो साथी ऊ' नामक शीर्षकमा आफ्नो साथीको बयान गर्दै पढ्दाखेरि  गफ नगर्ने, राम्रो अक्षर लेख्ने गर्छ, परीक्षामा सँधै पहिला दोस्रा हुन्छ, खेल्दा पनि झेल नगर्ने, नखिज्याउने गर्छ, कहिल्यै निहुं पनि खोज्दैन र नरम भई बोल्छ, सारै मिलनसार छ भनेर अन्य बाल बालिकालाई पनि त्यस्तै हुने शिक्षा दिएको छ । त्यस्तै अर्को शीर्षक 'देशकै प्यारो हुन्छ' मा सुग्घर सफा हुने र हँसिलो हुने निरोगी हुन्छ, सीपको काममा र असजिलोलाई पनि सजिलो मानेर काम गऱ्यो भने आँटी होइन्छ । अरुलाई दु:ख दिने नगर्ने, शत्रु मित्र चिन्ने र काम खोज्ने व्यक्ति जहिल्यै पनि देशकै प्यारो हुन्छ भनेर असल बानी गरेर देशको नै असल र प्यारो हुने शिक्षा शर्माले दिएका छन् । यस्तै नीतिशिक्षा दिने अर्को गीतमा 'हाम्री आमा' पनि पर्न आउँछ । यसमा त झन् बाल बालिकालाई आमाको महत्त्व देखाउँदै आमालाई कस्तो व्यवहार गर्नु पर्छ भन्ने कुराको शिक्षा दिइएको

छ । त्यस्तै 'साथीलाई चिठी' नामक शीर्षकमा आफ्नो साथीलाई चिठी लेखेर खबर बुझ्ने, छुट्टीमा आफ्नो घरमा खेल्ने र मनको कुरा पोख्ने कुरा गर्दै शर्माले बाल बालिकालाई साथीलाई गर्ने माया र मित्रता कायम राख्ने साथै चिठी लेख्ने तरिकाको समेत ज्ञान दिएका छ । 'विद्या-बुद्धि चाहिने भए' नामक शीर्षकमा स्कुललाई वा पाठशालालाई मन्दिरको रूपमा ठान्दै पढाइलाई भक्ति पूजा भनिएको छ साथै विद्या चाहिने भए अल्छी भएर स्कुलमा गयल हुनुहुन्न, मिहिनेत गरी पढेर पहिला दोस्रा हुन खोज्नु पर्दछ भन्ने ज्ञान बाल बालिकालाई दिइएको छ । रचनाकार शर्माले बाल बालिकालाई नीति शिक्षा दिने उद्देश्यले मानिसको जाँच स्कुलमा र घरमा मात्र होइन जहाँ पनि हुन्छ । पाहुना भइ जाँदा होस् या पाहुना आउँदा होस् अर्थात् खाँदा, खेल्दा, हिँड्दा जताततै मानिसको जाँच हुन्छ त्यसैले सबै कुरामा विचार पुऱ्याउनु पर्छ भन्ने कुराको शिक्षा 'पाइलै पिच्छे जहिले पनि' नामक गीतमा दिएका छन् । यस बालगीत सङ्ग्रहको अर्को नीतिशिक्षा सम्बन्धी गीत 'भाषा चाँडो सिक्नलाई' हो । यस गीतमा शर्माले भाषा चाँडो सिक्नलाई ध्यान दिइ सुन्ने, उच्चारण मिल्ने गरी पढ्ने, गीत गाउने, शुद्धसँग लेख्न सिक्ने र नजानेमा जान्नेलाई सोध्ने भनेर बाल बालिकालाई उपदेश दिएका छन् ।

यसरी शर्माले नीतिशिक्षा दिने उद्देश्यले विभिन्न शीर्षकका गीतका माध्यमबाट बाल बालिकामा नैतिक शिक्षा र असल बन्ने उपदेश दिएका छन् । यस्तो विषयको एउटा उदाहरण पनि हेरौं :-

क) प्यारो साथी तिमीलाई
सन्चो छ की छैन ?
काका-काकीलाई हाम्रो
नमस्ते छ भन ।

(शर्मा, २०४३ग : ८)

**घ) खेल सम्बन्धी**

खेलसँग सम्बन्धित विषयवस्तु भएको गीतलाई खेलसँग सम्बन्धित गीतमा राख्न सकिन्छ । यस्ता गीतले केटाकेटीलाई कस्तो खेल खेल्दा राम्रो, कस्तो ठाउँमा खेल्ने गर्नु पर्छ, साथै सबैजना मिलेर खेल्ने र समय मिलाएर खेल्ने ज्ञान दिन्छन् ।

**'मेरी सानी साथी'** बालगीत सङ्ग्रहमा खेलमा आधारित गीत एउटा मात्र छ । त्यो खेलसँग सम्बन्धित गीत 'खेल्ने ठाउँ हाम्रो' हो । यस गीतमा केटाकेटीले आफ्नो घर सानो छ, खेल्ने ठाउँ छैन, खेल्नलाई आँगन सानो छ, चउर पनि छैन भनेर गुनासो गरेका छन् । खेल्नलाई त सफा हावा चल्ने र घाम लाग्ने ठाउँ चाहिन्छ साथै फराकिलो चउरमा खेल्न पाउँदा साह्रै मजा हुन्थ्यो । खुल्ला ठाउँमा कपर्दी, भकुन्डो, तेलकासा अनि ब्याड्मिन्टन र टेवुलटेनिस खेल्दा मजा हुन्थ्यो भन्ने कुरा यस गीतमा गरिएको छ ।

जस्तै, पराकिलो चउर

पाएदेखि खेल्न,

कस्तो मजा हुन्थ्यो हकि

उफ्री-दौडी चल्न ? (शर्मा, २०४३ग : ६)

**ङ) बोटविरुवा र पशुपक्षी सम्बन्धी**

रुख बोटविरुवा र पशुपक्षीका बारेमा ज्ञान दिने किसिमका गीतलाई बोटविरुवा र पशुपक्षीका विषयमा आधारीत गीतका स्थानमा राख्न सकिन्छ । यस **'मेरी सानी साथी'** बालगीत सङ्ग्रहमा पनि यस्तो विषयमा आधारित गीत समावेश गरिएको छ ।

शर्माको 'जीवितले सास फेर्छन्' नामक गीत रचनामा बोट विरुवा र पशुपक्षी सम्बन्धी कुरा गरिएको छ । यसमा बोटविरुवा र पशुपक्षी जीउँदा प्राणी हुन्, त्यसैले यिनीहरूले सास फेर्दछन्, खान्छन् पिउँछन्, हल्लिइन्छन्, चल्दछन् र उड्छन् । सजीवले घाम खोज्छन्, बच्चा पाउँछन् भने केही थलमा र जलमा पनि बस्छन् । चराहरूले फुल पार्छन् र चल्ला कोरल्छन् तर बस्तुभाउ चाहीँ व्याउँछन् र विरुवा चाहीँ उम्रन्छन् । यसरी शर्माले यो रचनाका माध्यमबाट केटाकेटीलाई केही मात्रामा भए पनि बोट बिरुवा र पशुपक्षीका बारेमा ज्ञान दिएको छ ।

जस्तै, बोट बिरुवा, पशु पक्षी

जिउँदा प्राणी हुन्,

जिउँदा जीवहरू जति

हुर्की बढ्दछन् ।

(शर्मा, २०४३ग : १२)

यसरी शर्माले **'मेरी सानी साथी'** बालगीत सङ्ग्रहमा एक मात्र नभई विविध विषयका माध्यमबाट मनोरञ्जनका साथै असल बानीबेहोरा र राम्रो काम गर्नतर्फ नै प्रेरित गरेका छन् । यस सङ्ग्रहका सबै गीतका विषय बालसुलभ प्रवृत्ति र बालकको कर्तव्य, दायित्व र आनीबानी कै सेरोफेरोमा छन् ।

**(४) भाव**

भाव गीत तथा गीति कविताका लागि अनिवार्य तत्त्व हो । भावको अभावमा कुनै पनि गीतले उत्कृष्टता प्राप्त गर्न सक्दैन । गीत रचनाको मुख्य गुदी भनेकै यसको केन्द्रीय भाव हो । कुनै पनि गीतमा भावको कुरा गर्नेवित्तिकै रस भावको कुरा आउँछ तर यहाँ बालगीत सङ्ग्रहको विश्लेषण गरिएको हुनाले बाल गीत केटाकेटीको लागि हो त्यसैले रस भाव छुट्याउन गाह्रो पर्दछ । त्यसैले यहाँ भावलाई मात्र केन्द्रीय भाव अर्थात् गीतको केन्द्रीय भाव के हो भनेर भावलाई सामान्य अर्थमा विश्लेषण गरिएको छ ।

यस बालगीत सङ्ग्रहको मूल भाव वा उद्देश्य भनेको केटाकेटीहरूलाई असल कार्य गर्न, उनीहरूमा आपसी सद्भावना र स्नेहको विजारोपण गर्न र सच्चरित्रता र इमान्दारीताको पाठ सरल सहज र मनोरञ्जनात्मक तरिकाले पढाउनु हो । बाल बालिकालाई विचारपक्षसँग जोड्ने र उनीहरूलाई वैज्ञानिक शिक्षा दिनु पर्दछ (अधिकारी, २०६६क : १०१) भन्ने विचारका शर्मा गीतका माध्यमबाट बाल बालिकालाई शिक्षा दिइ रहेका छन् ।

**(५) कल्पना**

बालगीतको अर्को महत्त्वपूर्ण तत्त्व कल्पना हो । कल्पना भनेको मानसपटलमा उत्पन्न हुने नयाँ कुरा हो । कल्पना जगत्का कुराहरूलाई समेटेर नै गीतको सिर्जना हुन्छ । कल्पनालाई शब्दमा उतार्नु नै रचना हो । श्याम प्रसाद शर्माको 'मेरी सानी साथी' बालगीत सङ्ग्रह ससाना केटाकेटीका लागि तयार गरेको सङ्ग्रह हो । त्यसैले यसमा त्यति गहिरो कल्पनाको प्रयोग त छैन तापनि शर्माले उनीहरूको स्वभाव, आचरण, व्यवहारहरूलाई कल्पना गर्दै उनी आफू पनि उनीहरू जस्तै भएर सँगैं खेलेको कल्पना गरेरै गीतको रचना

गरेका हुन् । त्यसैले केही मात्रामा भने कल्पनाको प्रयोग गरिएको छ । केही मात्रामा भएपनि कल्पनाको प्रयोग गरिएको गीतको एउटा उदाहरण हेरौँ :-

फराकिलो चउर
पाएदेखि खेल्न
कस्तो मजा हुन्थ्यो हकि
उफ्री-उफ्री चल्न ?

(शर्मा, २०४३ग : ६)

यस गीतांशमा केटाकेटीले राम्रो, खुल्ला ठाउँ पाए खेल्न कति मजा हुन्थ्यो भन्दै साथीहरूसँग खेल्दाको मजाको कल्पना गरेर शर्माले गीतमा उत्तारेका छन् । त्यसैले यस गीत सङ्ग्रहमा पूर्ण नभए पनि आंशिक रूपमा कल्पनाको प्रयोग शर्माले गरेका छन् ।

(६) **सङ्गीत**

सङ्गीत भनेको गीतको प्राण हो । सङ्गीत गीतमा मात्र पाइने एक प्रमुख तत्त्व हो किनकि गीतको अपूर्णतामा पूर्णता पाउन सङ्गीतको आवश्यकता पर्दछ । सङ्गीतलाई मिठासपूर्ण बनाउने अन्य तत्त्वहरू छन् । ती तत्त्वहरू लय, अनुप्रास, छन्द आदि हुन् । 'मेरी सानी साथी' बालगीत सङ्ग्रह भएकाले गर्दा यसमा लय र अनुप्रास मात्र सामान्य तरिकाले छुट्याइएको छ ।

**क) लय**

गीतमा भएको समय, गति, मात्रा, सुर आदिको प्रयोग नै लय हो । यो **'मेरी सानी साथी'** बालगीत सङ्ग्रहमा पनि केही मात्रामा लयगत विविधता पाइन्छ । यस बालगीत सङ्ग्रहका धेरैजसो गीतहरू मुक्त लय र केही झ्याउरे लयका निकट पनि छन् ।

त्यस्तै गीतमा भएका लयगत विविधतामा अक्षरगत समानताको आधारमा लय तिन प्रकारका हुन्छन् । हुन त गीतको तिन प्रकारको लय व्यवस्थालाई छुट्याउन पनि मात्रा, गति, अक्षरको समानता हेर्नु पर्ने हो तर यहाँ बालगीतको विश्लेषण गरिएको हुनाले बालगीत त्यति व्यवस्थित हुँदैनन्, त्यसैले अक्षरगत समानतालाई मात्र आधार मानेर तिन

वटा लय व्यवस्थामा छुट्याइएको छ । यस सङ्ग्रहका बालगीतलाई पनि अक्षरको समानता मात्र हेर्दा तिन प्रकारको लय व्यवस्थामा विभाजन गर्न सकिन्छ ।

**अ) नियमित लय व्यवस्था**

नियमित लय व्यवस्थामा अक्षरगत, समयगत समानता हुने पङ्क्तिहरू हुन्छन् । **'मेरी सानी साथी'** बालगीत सङ्ग्रहमा अक्षरगत समानतालाई हेर्दा पनि एउटा गीतमा मात्र नियमित लय व्यवस्थामा आधारित श्लोकहरू छन् । त्यो 'सबले छाड्नैपर्छ' शीर्षकको गीत हो । यस गीतमा १४-१४ अक्षरका पङ्क्ति छन् ।

जस्तै,
जहाँ पायो उहीँ थुक्ने
बानी फाल्नुपर्छ,
झुक्किएर थुक्न पुगे
सफा गर्नुपर्छ ।

अघिल्तिर अरु भए
माफी माग्नुपर्छ,
जरिमाना खोजे भने
तिर्नु पनि पर्छ ।

(शर्मा, २०४३ग : १५)

यी माथिका गीतांशमा दुई पङ्क्तिको एक पङ्क्ति मान्दा १४-१४ अक्षरका पङ्क्तिहरू छन् । त्यसैले यहाँ १४ अक्षरे नियमित लय व्यवस्थाको प्रयोग गरिएको छ ।

**आ) मिश्रित लय व्यवस्था**

दुई वा दुइभन्दा बढी लयहरूको मिश्रण भएको लय व्यवस्थालाई मिश्रित लय व्यवस्था भनिन्छ । अर्थात् गीतको स्थाइ र अन्तरा भाग भए ती प्रत्येक श्लोकमा भिन्ना भिन्नै लयको प्रयोग भएमा मिश्रित लय व्यवस्था हुन्छ ।

यस 'मेरी सानी साथी' बालगीत सङ्ग्रहका १५ वटा गीतहरूमा एउटा 'भाषा चाँडो सिक्नलाई' शीर्षकको गीत मात्र मिश्रित लय व्यवस्थाको निकट देखिन्छ ।

जस्तै,  भाषा चाँडो सिक्नलाई
ध्यान दिई सुन्ने गरौँ,
धक नमानी राम्रोसँग
बरोबर बोल्ने गरौँ ।

उच्चारण मिल्ने गरी
पुस्तकहरू पनि पढ्ने गरौँ
गीतहरू मजासँग
गाउन अघि सर्ने गरौँ ।

(शर्मा, २०४३ग : १३)

यी माथिका गीतांशमा प्रत्येक श्लोकमा १५ र १६ अक्षरे पङ्क्तिहरू छन् ।

**इ) अनियमित लय व्यवस्था**

एउटै गीतको पङ्क्ति पङ्क्तिबिच अक्षरगत असमानता हुँदा त्यो अनियमित लय व्यवस्था हुन्छ । अनियमित लय व्यवस्थामा भावको प्रवाह अनुसार अक्षरहरू घटीबढी हुन्छन् । **'मेरी सानी साथी'** बालगीत सङ्ग्रहका प्रायः गीतहरू अनियमित लय व्यवस्थामा आधारित छन् ।

यस सङ्ग्रहमा भएका १३ वटा गीतहरूलाई अनियमित लय व्यवस्थामा राख्न सकिन्छ । यस सङ्ग्रहका 'चाँडै सुत्ने चाँडै उठ्ने', 'देशकै प्यारो हुन्छ', 'मेरो प्यारो साथी ऊ', 'हाम्री आमा', 'मेरी सानी साथी', 'खेल्ने ठाउँ हाम्रो', 'मेरो आफ्नै कुरो', 'हामी धेरै पढ्नेगर्छौं', 'पाइलै पिच्छे जहिले पनि', 'जीवितले सास फेर्छन्', 'साथीलाई चिठी', 'विद्या-बुद्धि चाहिने भए', र 'काम गर्न रुचाउँछौँ' अनियमित लय व्यवस्थाको प्रयोग भएका गीतहरू हुन् । यी गीतहरूमा ११, १२, १३, १४, १५, १६, १७ अक्षरे सम्मका पङ्क्तिहरू छन् ।

जस्तै,  हामी धेरै पढ्नेगर्छौं
धेरै बुद्धिमान हुन्छौं
भाइ-बहिनीलाई हेर्छौं
माया गर्छौं ज्ञानी पार्छौं ।

नुहाउँछौँ, लुगा धुन्छौँ
कोठा, आँगन सफा राख्छौँ,
काका फुपूलाई डाक्छौँ,
हाम्रो काम देखाउँछौँ ।

(शर्मा, २०४३ग : १०)

यस गीतांशमा पहिलो श्लोकमा १५ र १७ अक्षरे पङ्क्ति र दोस्रो श्लोकमा १६ र १५ अक्षरे पङ्क्तिहरूको प्रयोग छ । त्यसैले अक्षरगत असमानता भएको हुनाले यसलाई अनियमित लय व्यवस्था भनिएको हो ।

**ख) अनुप्रास**

समान किसिमको ध्वनिको आवृतिलाई अनुप्रास भनिन्छ । यस बालगीत सङ्ग्रहमा सबै गीतमा अन्त्यानुप्रासको प्रयोग गरेर सङ्गीतलाई मिठासपूर्ण बनाइएको छ । आद्यानुप्रासको प्रयोग कहीँ कतै एउटा श्लोकमा मात्र मिसिएको छ भने मध्यानुप्रास त शून्य नै छ । त्यसैले यस 'मेरी सानी साथी' बालगीत सङ्ग्रहमा शर्माले अन्त्यानुप्रास मिलाएर सङ्गीतमय बनाइएका गीतको रचनाहरू समावेश गरेका छन् ।

जस्तै, क) स्कुलमा गयल पनि
सकभर पर्नु हुन्न,
घरमा पनि दिनका दिन
पढ्न छोड्नु हुन्न ।

(शर्मा, २०४३ग : ९)

यस गीतांशमा प्रत्येक दुई पङ्क्तिका बिच अन्त्यानुप्रास मिलेको छ । 'पर्नु' र 'छोड्नु' को पछाडिका 'हुन्न'-'हुन्न' को अनुप्रास मिलोको छ ।

ख) फुर्सत भए तिमी पनि
छिटो यहाँ आऊ,
बिदाभरी सँगै बसी
अनि मात्र जाऊ ।

(शर्मा २०४३ग : ८)

यस गीतांशमा प्रत्येक दुई पङ्क्तिका बिच 'आ' र 'जा' वर्णपछिको 'ऊ' वर्णको अनुप्रास मिलेको छ ।

यसरी यस बालगीत सङ्ग्रहमा छन्दको नियम नभएको भए पनि लय र अनुप्रासको संयोजनले गर्दा गीतहरू सङ्गीतमय बनेको छन् भन्न सकिन्छ ।

(७) **बिम्ब तथा प्रतीक**

कुनैपनि कल्पनाबाट बिम्बको सिर्जना हुन्छ । कल्पनाबाट दिमागमा बन्ने एक प्रकारको दृष्य नै बिम्ब हो र त्यही बिम्बबाट सिर्जना हुने विशिष्ट रूप नै प्रतीक हो । श्याम प्रसादका बालगीतहरू ज्ञानप्रद वा सूचनामूलक भएकाले गर्दा बिम्ब प्रतीकको त्यति व्यवस्था त छैन तापनि कतै कतै आंशिक रूपमा भने भेटिन्छ ।

यस बालगीत सङ्ग्रहमा 'हाम्री आमा' नामक गीतमा 'आमा' बिम्बका रूपमा आएकी छन् । 'आमा' भन्नेवित्तिकै उनले आफ्ना लागि गरेका कार्यको सम्झना आउँछ ।

जस्तै, जाडोलाई न्यानो लुगा

सिइदिनुहुन्छ,

रोग लाग्दा बैद्यकहाँ

लिइजानुहुन्छ ।

(शर्मा, २०४३ग : ४)

यहाँ आमा भन्ने वित्तिकै आमाका यी अनुकरणीय गुणहरू हाम्रो दिमागमा बस्छन् । त्यसैले यहाँ आमालाई बिम्ब मानिएको छ ।

त्यस्तै प्रतीकका रूपमा 'मेरी सानी साथी' मा 'सानी साथी' लाई असल मान्छेको प्रतीकका रूपमा मानिएको छ भने 'विद्या-बुद्धि चाहिने भए' मा पाठशालालाई प्रतीकको रूपमा ल्याइएको छ ।

जस्तै, क) मन्दिर हो पाठशाला

पढ्नु भक्ति पूजा

पढ्ने बानी गरे मात्रै

पछि बन्छौ ठूला । (शर्मा, २०४३ग : ९)

ख)  मेरी सानी साथी

दिनहुँ पढ्छिन्

काम पनि उत्तिकै

सघाउँछिन् ।

(शर्मा, २०४३ग : ५)

उदाहरण (क) मा पाठशालालाई मन्दिरको प्रतीक र पढाइलाई भक्ति पूजाको प्रतीकका रूपमा राखिएको छ । त्यस्तै उदाहरण (ख) मा सानी साथीलाई असल स्वभाव भएकी बालिकाको प्रतीकका रूपमा ल्याइएको छ । त्यसैले पूर्ण रूपमा नभए पनि आंशिक रूपमा यस सङ्ग्रहमा बिम्ब र प्रतीकको प्रयोग भएको पाइन्छ ।

**(८) भाषाशैली**

भाषा भनेको उच्चार्य र लेख्य दुवै विधिमा प्रयोग हुने तत्त्व हो र शैली भनेको भाषा प्रयोग गर्ने माध्यम  हो । श्याम प्रसाद शर्माको बालगीत सङ्ग्रह **'मेरी सानी साथी'** मा प्रयुक्त भाषाशैली सरल, सहज छन् । हुनत यो बाल बालिकाका लागि भएर पनि होला यस सङ्ग्रहमा जटिल भाषा छैन । यदि जटिल भयो भने पनि बालकको कलिलो मस्तिष्कले बुझ्न गाह्रो पर्दछ ।

शर्माले यस बालगीत सङ्ग्रहमा चलन चल्तीका बालबोलीहरू नानी, बानी, आची, जस्ता शब्दहरूको उचित प्रयोग गरेर गीतहरूलाई मिठासपूर्ण बनाएका छन् । त्यस्तै शर्माले बलियो, निम्ति, काम, आमा, पहिलो, दोस्रो जस्ता तत्भव र बैद्य, ज्ञानी, पुस्तक जस्ता तत्सम शब्दहरूको प्रयोग गरेका छन् । शर्माले यस सङ्ग्रहका बालगीतहरूमा गीतको लयगत प्रवाह मिलाउन र पङ्क्तिमा मिठास ल्याउनका लागि र, नै, नि, कि जस्ता निपातहरूको ठाउँ ठाउँमा प्रयोग गरेका छन् । कहीँ शब्द वा पदावली जोड्नका लागि र, अनि, तर जस्ता संयोजकको पनि प्रयोग गरेको पाइन्छ ।

यी सम्पूर्ण शब्दहरूको प्रयोग गरे पनि समग्रमा यस सङ्ग्रहको भाषाशैली सरल सहज र बोधगम्य छ भन्न सकिन्छ ।

(९) **निष्कर्ष**

बाल साहित्यकार श्याम प्रसाद शर्माको यो बालगीत सङ्ग्रह १५ वटा छुट्टाछुट्टै शीर्षकबाट निर्मित छ । यी गीतहरूका माध्यमबाट शर्माले बाल बालिकालाई आपसी सद्भावना र स्नेहको विजारोपण गर्ने, सच्चरित्रता र इमान्दारीको पाठ पढाउने उद्देश्य राखेका छन् । यस्ता प्रयाः ४/५ श्लोकका छोटा र चेतनामूलक गीतहरू बाल बालिकाका लागि महत्त्वपूर्ण छन् । प्रायः शिशु अवस्थादेखि बाह्र तेह्र वर्ष सम्मका केटाकेटीका लागि रचिएका यी गीतहरूका श्लोकसँगै रहेका चित्रले त झन् अक्षर नचिन्ने बालकका लागि पनि बुझ्न सजिलो भएको छ । त्यसैले समग्रमा भन्दा यो बालगीत सङ्ग्रह सरल भाषाशैलीमा रचित केटाकेटीका मस्तिष्कमा सजिलै पस्ने खालका ज्ञानप्रद र महत्त्वपूर्ण छ साथै बालगीतका क्षेत्रमा उत्कृष्ट पनि छ ।

**३.३.१.२ 'हामी हुन्छौं बलियो' बालगीत सङ्ग्रहको विश्लेषण**

बाल साहित्यकार श्याम प्रसाद शर्माद्वारा रचित **'हामी हुन्छौं बलियो'** बालगीत सङ्ग्रह वि.सं. २०५२ मा प्रकाशित दोस्रो बालगीत सङ्ग्रह हो । यो साझा प्रकाशनद्वारा प्रकाशित सङ्ग्रह हो । यस सङ्ग्रहमा शर्माले जम्मा २४ वटा गीतहरू समावेश गरेका छन् । यस कृतिका सबै गीतहरू पोषण र स्वास्थ्यसँग सम्बन्धित छन् । यी रचनाले के खान हुन्छ, के हुँदैन, कति खाने, कस्तो खानाले रोगसँग लड्न सघाउ पुऱ्याउँछ र शारीरिक र मानसिक रूपमा स्वस्थ रहने उपायहरू के के हुन् भन्ने कुराहरूको ज्ञान दिएका छन् ।

शर्माको यस बालगीत सङ्ग्रहमा चित्र भने कुलमान सिंह भण्डारीले गरेका हुन् । यसमा समावेश भएका २४ वटा गीतहरू सन् १९८१ देखि १९८३ सम्म रचिएका हुन् । यस सङ्ग्रहका गीतहरूलाई पनि गीति तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

(१) **शीर्षक**

यस **'हामी हुन्छौं बलियो'** बालगीत सङ्ग्रहमा जम्मा २४ वटा गीतहरू समावेश छन् । ती २४ वटै गीतहरूमा भिन्ना भिन्नै शीर्षकहरू राखिएका छन् । यस सङ्ग्रहका गीतका शीर्षक प्रायः मूल भावलाई आधार मानेर राखिएको छ । मूल भावलाई आधार मानेर राखिएका शीर्षकहरू १६ वटा छन् । ती शीर्षकहरू 'दुई भाग छ पानी', 'अपच र उपचार',

'गुलियोले शक्ति दिन्छ', 'लुरे नबन', 'दोब्बर शक्ति दिन्छ', 'अमलामा सबभन्दा', 'रोगसँग कुस्ती खेल्छ', 'बिहानको घाम ताप्ता', 'इ र के', 'फलामले रक्तकोष', 'थोरै भए पुग्छ', 'क्यालसियम', 'हामी हुन्छौँ बलियो', 'जीउ त बिग्रन्न', 'पापा थोरै खाऊ' र 'धेरै बाँच्न सकिन्छ' हुन् । यी गीतहरूको शीर्षकबाटै मूल भाव बुझ्न सकिन्छ ।

त्यस्तै यस सङ्ग्रहका ४ वटा गीतहरूमा पहिलो पङ्क्ति वा श्लोकलाई आधार मानेर शीर्षक राखिएको छ । ती शीर्षकहरू 'सय वर्ष मात्रै किन ?', 'बी ले पेट ठीक राख्छ', 'दाल गेडी खाऊ' र 'भटमासले जित्छ' हुन् । यी बालगीतका शीर्षकहरू पहिलो पङ्क्तिलाई आधार मानेर मात्र राखिएको होइन, यिनीहरू मूलभावका निकट पनि छन् । यस सङ्ग्रहका कतिपय गीतहरू अन्तिम पङ्क्तिलाई आधार मानेर पनि शीर्षक चयन गरिएको छ । त्यस्ता गीतका शीर्षकहरू ४ वटा छन् । ती 'सधैं स्वागत गरौँ', 'भोकै नपरौँ', 'पुग्दो पोष जीउले पाए' र 'जित्न किन सकिन्न र ?' हुन् ।

यस सङ्ग्रहका गीतका शीर्षकहरू हेर्दा प्रायः वाक्यात्मक रूपमा र पदावलीका रूपमा आएका छन् । वाक्यात्मक रूपमा आएका शीर्षकहरू एघार वटा छन् भने पदावलीका रूपमा आएका शीर्षक दस वटा छन् । वाक्यात्मक रूपमा आएका शीर्षकहरू 'सधैँ स्वागत गरौँ', 'लुरे नबन', 'भटमासले जित्छ', 'थोरै भए पुग्छ', 'पापा थोरै खाऊ', 'दाल गेडी खाऊ' आदि हुन् भने पदावलीका रूपमा आएका शीर्षकहरू 'अमलामा सबभन्दा', 'अपच र उपचार', 'जीउ त बिग्रन्न', 'दुई भाग छ पानी' आदि हुन् । त्यसैगरी यस सङ्ग्रहमा 'क्यालसियम' जस्तो एक शब्दको पनि शीर्षक छ । त्यस्तै 'सय वर्ष मात्रै किन ?' र 'जित्न किन सकिन्न र ?' दुई वटा शीर्षक प्रश्नात्मक रूपमा पनि आएका छन् ।

यस 'हामी हुन्छौँ बलियो' का गीतका शीर्षकहरू समग्रमा हेर्दा मूल भावबाट निर्मित र अन्य पनि मूल भावकै निकट भएकाले गर्दा यसका सबै शीर्षकहरू सार्थक छन् भन्न सकिन्छ ।

(२) **संरचना**

यस बालगीत सङ्ग्रह **'हामी हुन्छौँ बलियो'** मा २४ वटा गीतहरू समावेश छन् । ती २४ वटै गीतमा आफ्नै खालको संरचना छ । यस सङ्ग्रहको संरचनालाई स्पष्ट पार्न तालिकामा हेर्न सकिन्छ :-

| क.स. | शीर्षक | पृष्ठ | पङ्क्ति सङ्ख्या | श्लोक | बनोट |
|---|---|---|---|---|---|
| १ | सय वर्ष मात्रै किन ? | १ | २० | ५ | क्रमबद्ध |
| २ | दुई भाग छ पानी | २ | १२ | ३ | क्रमबद्ध |
| ३ | अपच र उपचार | ३ | २० | ५ | क्रमबद्ध |
| ४ | सधैँ स्वागत गरौँ | ४ | १० | ५ | क्रमबद्ध |
| ५ | गुलियोले शक्ति दिन्छ | ५ | १६ | ४ | क्रमबद्ध |
| ६ | लुरे नबन | ६ | २० | ५ | क्रमबद्ध |
| ७ | भटमासले जित्छ | ७ | २० | ५ | क्रमबद्ध |
| ८ | दोब्बर शक्ति दिन्छ | ८ | २० | ५ | क्रमबद्ध |
| ९ | अमलामा सबभन्दा | ९ | २० | ५ | क्रमबद्ध |
| १० | रोगसित कुस्ती खेल्छ | १० | १६ | ४ | क्रमबद्ध |
| ११ | बी. ले पेट ठीक राख्छ | ११ | १६ | ४ | क्रमबद्ध |
| १२ | बिहानको घाम ताप्ता | १२ | १६ | ४ | क्रमबद्ध |
| १३ | इ र के | १३ | १६ | ४ | क्रमबद्ध |
| १४ | फलामले रक्तकोष | १४ | १६ | ४ | क्रमबद्ध |
| १५ | थोरै भए पुग्छ | १५ | १२ | ३ | क्रमबद्ध |
| १६ | क्यालसियम | १६ | १६ | ४ | क्रमबद्ध |
| १७ | हामी हुन्छौँ बलियो | १७ | १० | ५ | क्रमबद्ध |
| १८ | जीउ त बिग्रन्न | १८ | १६ | ४ | क्रमबद्ध |
| १९ | भोकै नपरौँ | १९ | १६ | ४ | क्रमबद्ध |
| २० | पापा थोरै खाऊ | २० | ६ | ३ | क्रमबद्ध |
| २१ | दाल गेडी खाऊ | २१ | ६ | ३ | क्रमबद्ध |
| २२ | पुग्दो पोष जीउले पाए | २२ | २० | ५ | क्रमबद्ध |
| २३ | जित्न किन सकिन्न र ? | २३ | १६ | ४ | क्रमबद्ध |
| २४ | धेरै बाँच्न सकिन्छ | २४ | १६ | ४ | क्रमबद्ध |

यस बालगीत सङ्ग्रहका गीतहरूको संरचना हेर्दा २४ वटा गीत, त्यस भित्र पनि प्रत्येक पृष्ठमा एउटा गीत रहेका छन् । यी गीतहरूमा सबैभन्दा बढी २० पङ्क्तिका गीतहरू ७ वटा छन् भने ६ पङ्क्तिका गीतहरू २ वटा छन् । त्यस्तै यी गीतमा सबैभन्दा धेरै श्लोक ५ र थोरै ३ श्लोकका छन् । बनोटका आधारमा हेर्दा यस सङ्ग्रहका २४ वटै गीतहरू क्रमबद्ध छन् ।

(३) **विषयवस्तु**

श्याम प्रसाद शर्माको **'हामी हुन्छौँ बलियो'** बालगीत सङ्ग्रह एउटै विषयमा आधारित छ । यस गीत सङ्ग्रहका २४ वटै रचनाहरू स्वास्थ्य सँग सम्बन्धित छन् । यसका

सम्पूर्ण गीतहरूले केटाकेटीलाई स्वस्थ रहन गर्नु पर्ने नियम पालना तथा निरोगी रहन र दीर्घायूका निम्ति विचार पु्याउनु पर्ने जस्ता विषयमा ज्ञान दिएका छन् ।

यस सङ्ग्रहका गीतहरू 'धेरै बाँच्न सकिन्छ', 'हामी हुन्छौँ बलियो', 'सय वर्ष मात्रै किन ?', 'बी.ले पेट ठीक राख्छ', 'अपच र उपचार', 'भटमासले जित्छ', 'बिहानको घाम ताप्ता', 'पुग्दो पोष जीउले पाए' आदि मा शर्माले धेरै वर्ष बाँच्नलाई राम्रो स्वास्थ्य हुनु पर्छ, सन्तुलित खाना खानु पर्छ, सुग्घर बस्नु पर्छ र सधैँ मनलाई खुसी राख्नु पर्दछ भनेका छन् । त्यस्तै शर्माले यी गीतहरूमा धेरै नखाने, ठिक्क खाने, चिल्लो, गुलियो, काँचो कुरा धेरै नखाने, थकाइ लागेको बेला नखाने, भोक जगाएर खाने र खाएपछि एकछिन आराम गर्ने कुराको जानकारी दिएका छन् । बाल बालिकालाई स्वस्थ राख्ने कुरामा जोड दिने शर्माले मान्छेको शरीरमा चाहिने भिटामिन भटमासमा पाइन्छ साथै माछा मासुमा भन्दा बढी भिटामिन भटमासमा पाइन्छ भन्ने कुरा दिएका छन् । भिटामिनको जानकारी दिने क्रममा शर्माले प्रोटिन, चिल्लो, ए, बी, सी सबै हाम्रो शरीरमा अत्यावश्यक छन् त्यसैले हरियो सागपात, चिल्लो, माछामासु, फलफुल, दुधमा यस्तो भिटामिन पाइन्छ र यस्ता कुराहरू हामीले  सधैँ खाइरहनु पर्दछ भन्ने कुराको शिक्षा दिएका छन् । त्यस्तै जानकारी गराउँदै शर्मा अझ के पनि जानकारी दिन्छन् भने बिहानको घाम ताप्ता भिटामिन डि पाइन्छ र यसले हाड दह्रो बनाउँछ र फलामले रक्तकोष बन्न सहयोग गर्छ, आयोडिनले गलगाण निस्कनबाट बचाउँछ भन्दै यदि आफ्नो स्वास्थ्यमा ख्याल गरे धेरै वर्ष निरोगी भइ बाँच्न सकिन्छ । त्यसैले भिटामिनयुक्त खाना खाएर पापा थोरै खाने र रोगसँग लडेर सय वर्ष बढी बाँच्ने कुराको ज्ञान दिएका छन् ।

जस्तै, क) भिटामिन ज्यान नै हो
खानेकुराको,
रोगसित कुस्ती खेल्छ
हामीहरूको ।

(शर्मा, २०५२ : १०)

ख) हाम्रो जीउको तिन भागमा
दुई भाग छ पानी
खानेकुरा पचाउने
यसको राम्रो बानी ।

(शर्मा, २०५२ : २)

माथिको उदाहरण (क) मा भिटामिनले रोगसँग लडेर मानिसको ज्यान नै बचाउँछ भन्ने सन्देश दिएको छ भने अर्को उदाहरण (ख) मा पनि हाम्रो शरीरमा अत्यावस्श्यक कुरा हो । शरीरको तिन भागमा २ भाग पानी छ र यसले हाम्रो शरीरमा खानेकुरा पचाउने राम्रो कार्य गर्दछ भनेर स्वास्थ्य सम्बन्धी कुरा यस कृतिमा अभिव्यक्त छ । त्यसैले श्याम प्रसादका सम्पूर्ण गीतहरू नै स्वास्थ्य विषयलाई जोड दिएर जानकारी मूलक तरिकाले तयार गरिएका छन् ।

**(४) भाव**

श्याम प्रसाद शर्माको बालगीत सङ्ग्रह **'हामी हुन्छौँ बलियो'** को मूल भाव बाल बालिकालाई स्वास्थ्य सम्बन्धी जानकारी दिनु र निरोगी बनाउन मद्धत गर्नु हो । गीतको माध्यमबाट मनोरञ्जनात्मक तरिकाले उनीहरूलाई भिटामिन, खानेकुरा र पौष्टिक आहार सम्बन्धी जानकारी दिँदै निरोगी हुन गर्नु पर्ने उपायको अवगत गराएका छन् ।

श्याम प्रसादका विचारमा कुनै पनि रोगको निराकरण गर्नु औषधि मात्र होइन सन्तुलित खाना र नियमित व्यायाम पनि हो, त्यसैले यस विषयमा बाल बालिकालाई बाल्यावस्था देखि नै जानकारी दिइ स्वस्थ र निरोगी बनाउनमा जोड दिनु नै यस सङ्ग्रहको मूल उद्देश्य वा भाव हो भन्न सकिन्छ ।

**(५) कल्पना**

श्याम प्रसाद शर्माको **'हामी हुन्छौँ बलियो'** बालगीत सङ्ग्रह बाल बालिकाका लागि जानकारी मूलक सङ्ग्रह हो । यसमा केटाकेटीलाई भिटामिन र स्वस्थ खानेकुरा सम्बन्धी जानकारी दिइएको छ । सरल सहज तरिकाले रचित शर्माको यो कृतिमा भने कल्पना तत्त्वको अभाव छ । हुनत शर्माले सुन्दर र स्वच्छ समाजको कल्पना गरेरै यो कृतिको रचना गरे होलान् तापनि त्यति गहकिलो कल्पनाको गहिराई भने यहाा पाउन मुस्किलै छ । त्यसैले शर्माको यो कृति कल्पना तत्त्वको आधारमा कमजोर छ भन्न सकिन्छ ।

(६) **सङ्गीत**

यस **'हामी हुन्छौँ बलियो'** बालगीत सङ्ग्रह भित्रका गीतहरू स्वास्थ्य सम्बन्धी जानकारीमूलक भएकाले गर्दा सङ्गीतमा हुनु पर्ने तत्त्वहरू पूर्ण त छैनन् तापनि लय र अनुप्रासको संयोजनले गर्दा यी गीतहरू सङ्गीतमय बनेका छन् ।

**क) लय**

**'हामी हुन्छौ बलियो'** बालगीत सङ्ग्रहमा शर्माले लय प्रयोगको दृष्टिमा एकै प्रकारको लयको प्रयोग छैन । भावको आरोह र अवरोह अनुसार अक्षरमा घटबढ हुने गद्य वा अनियमित लय व्यवस्थाको मात्र प्रयोग गरेका छन् । यस सङ्ग्रहमा पनि प्राय त १४ अक्षरकै लय छन् तापनि पङ्क्तिनै पिच्छे १४ अक्षर छैनन् । यसमा ११ देखि १९ अक्षरसम्मका पङ्क्तिहरू पाइन्छन् ।

जस्तै, नुन चाहिँ सोडियम हो
थोरै भए पुग्छ
नपुग भयो भने पनि
मासु फर्कन्छ ।

पसिना धेरै आयो भने
नुन धेरै जान्छ
धेरै नुन हाली पानी
धेरै खानुपर्छ । (शर्मा, २०५२ : १५)

यस उदाहरणमा पहिलो श्लोकका दुवै पङ्क्तिमा १३-१३ अक्षर र दोस्रो श्लोकका पहिलो पङ्क्ति १४ र दोस्रो पङ्क्ति १३ अक्षरको छ । त्यसैले यहाँ पङ्क्ति नै पिच्छे अर्थात् एउटै श्लोकका पङ्क्तिमा पनि अक्षरको समानता नभएको अनियमित लय व्यवस्थाको प्रयोग छ भन्न सकिन्छ ।

**ख) अनुप्रास**

यस **'हामी हुन्छौँ बलियो'** बालगीत सङ्ग्रहमा अनुप्रासको संयोजनले नै गर्दा सङ्गीत प्रदान गरेको छ । गद्य लयमा रचित यस सङ्ग्रहका गीतहरूको अनुप्रास हेर्दा कहीँ कहीँ कुनै

श्लोकमा मात्र मध्यानुप्रासको प्रयोग भएको छ तर पुरै गीतमा भने होइन । त्यसैले यसमा अन्त्यानुप्रासको मात्र प्रयोग पूर्ण रूपमा भएको छ भन्न सकिन्छ ।

जस्तै, क) हाम्रो जिउको तिन भागमा

दुई भाग छ पानी

खानेकुरा पचाउने

यसको राम्रो बानी ।

(शर्मा, २०५२ : २)

ख) सफा हावा, घाम अनि

पोस लाग्ने खानेकुरा

नपुगेमा क्षयरोग

लागिहाल्छ पक्का पुरा ।

(शर्मा, २०५२ : २२)

यी माथिका उदाहरणहरूमा क) मा 'पा' वर्ण पछिको 'नी' र 'बा' वर्ण पछिको 'नि' को आवृति भई अनुप्रास मिलेको छ । त्यस्तै उदाहरण ख) मा 'कु' र 'पु' वर्ण पछिका 'रा' वर्णको आवृति भई अन्त्यानुप्रास मिलेको छ । यसरी यस सङ्ग्रहमा प्रत्येक दुई पङ्क्तिका बिच अन्त्यानुप्रास मिलेको छ । त्यसैले यस सङ्ग्रहमा अन्य तत्त्वहरू कमजोर भए पनि अनुप्रासको भने राम्रो संयोजन छ भन्न सकिन्छ ।

**(७) बिम्ब प्रतीक**

यो बालगीत सङ्ग्रह बाल बालिकालाई स्वास्थ्य बारे जानकारीमूलक सङ्ग्रह हो । यसमा पुरै स्वास्थ्यबारे मात्र अवगत गराइएको छ । त्यसैले स्वास्थ्य सम्बन्धी सिधा शब्दमा कुरा गरिएको हुनाले यसमा बिम्ब प्रतीकको प्रयोग पाइदैन ।

**(८) भाषाशैली**

**'हामी हुन्छौँ बलियो'** बालगीत सङ्ग्रहमा शर्माले बालकको उमेर र त्यो उमेरका बालकका मस्तिष्कलाई ध्यानमा राखेर गीतको सिर्जना गरेका हुनाले यस सङ्ग्रहका गीतहरू सरल भाषामा रचिएका छन् । बालकका बोलीमा प्रयोग हुने शब्दहरू माम, पापा, बुबु, चिची आदिको प्रयोग यहाँ गरिएको छ ।

त्यस्तै शब्द प्रयोगका दृष्टिमा पनि काम, बुढो, धुवाँ, नुन, बाहिर, भित्र, गुलियो जस्ता तद्भव शब्द र बालक, शरीर जस्ता तत्सम शब्दहरूको पनि प्रयोग शर्माले यस कृतिमा गरेका छन् । त्यस्तै गुन्द्रुक, अक्सिजन, पापा, क्यान्सर जस्ता आगन्तुक शब्द पनि प्रयोग गरेका छन् । शर्माले यस सङ्ग्रहमा कुनै पनि शब्दहरू जोड्नका लागि अनि, पनि, तर ,र जस्ता संयोजकको प्रयोग र लयमा मिठास ल्याउनका लागि पनि, नै, त, नि, चाहिँ जस्ता निपातहरू पनि ठाउँ ठाउँमा प्रयोग गरेकाका छन् ।

समग्रमा भन्दा **'हामी हुन्छौँ बलियो'** बालगीत सङ्ग्रहका बालगीतहरूमा सबै उमेर समूहका बाल बालिकाले बुझ्न सक्ने सरल सहज भाषाशैलीको प्रयोग गरिएको छ ।

(९) **निष्कर्ष**

यसरी यस बालगीत सङ्ग्रहका बारेमा निष्कर्षमा के भन्न सकिन्छ भने यसमा जम्मा २४ वटा गीतहरू छन् र ती सबै गीतहरू स्वास्थ्य सम्बन्धी विषयमा रचित छन् । केटाकेटीलाई स्वास्थ्य, आहार, भिटामिन र रोगका बारेमा जानकारी दिएर निरोगी बनाउने उद्देश्यले यस सङ्ग्रहका गीतहरू रचित छन् । अन्य गीतितत्त्वहरू भाव, कल्पना, बिम्ब प्रतीकको व्यवस्था अलि फितलो भए पनि विषयवस्तु, भाषाशैली र अनुप्रासको दृष्टिमा यो सङ्ग्रह उत्कृष्ट छ भन्न सकिन्छ ।

यस सङ्ग्रहको विषयका बारेमा आलोचनाहरू पनि नभएका होइनन् तर शर्माले यस सङ्ग्रहको रचना आफूले गरे पनि डा. विद्यापतिलाई देखाएर संशोधन र परिमार्जन गरेपछि मात्र प्रकाशित गरिएको उनले बताए (अधिकारी, २०६६क : १०५) । जे भए पनि विषयका दृष्टिले साना उमेरका लागि मात्र नभएर अरु प्रौढ उमेरकालाई समेत ज्ञानवर्द्धक भएकाले यो सङ्ग्रह उत्कृष्ट छ । त्यसमा पनि अझ छेउ छेउमा राखिएका आकर्षक र प्रष्ट चित्रहरूले गर्दा स्वास्थ्य सम्बन्धी विषय मात्र भएर बालकलाई अरूचिकर हुने हुँदैन । त्यति अक्षर नचिन्नेलाई पनि चित्रहरूले गर्दा नै धेरै बुझ्ने माध्यम पनि भएको छ ।

### ३.३.१.३ 'हाम्रो इच्छा' बालगीत सङ्ग्रहको विश्लेषण

श्याम प्रसाद शर्माको बालगीत सङ्ग्रह **'हाम्रो इच्छा'** पहिलो पटक वि.सं. २०५६ मा साझा प्रकाशनबाट प्रकाशित भएको हो । शर्माको यो तेस्रो बालगीत सङ्ग्रह हो । यस बालगीत सङ्ग्रहको दोस्रो संस्करण २०६४ र तेस्रो संस्करण २०६८ मा प्रकाशित भयो । यो सङ्ग्रहको चित्र भने टेकवीर मुखियाको छ ।

**'हाम्रो इच्छा'** बालगीत सङ्ग्रहमा जम्मा ३० वटा गीतहरू समावेश गरिएका छन् । यी ३० वटा गीतहरू सन् १९८० देखि १९९० सम्ममा रचना गरिएका हुन् । यस सङ्ग्रहको 'स्कुलमा मात्र हैन' नामक शीर्षकको बालगीत केटाकेटीका गीतहरू भाग-२ मा समाविष्ट छन् । यसमा रामेशको सङ्गीत छ भने गायन स्वर्णिम इङ्लिस् स्कुलका विद्यार्थीले गरेका छन् ।

(१) **शीर्षक**

शीर्षक गीतको केन्द्रीय तत्त्व हो । यो **'हाम्रो इच्छा'** बालगीत सङ्ग्रहमा ३० वटा गीतहरू छन् । यस सङ्ग्रहमा समावेश सबै गीतका शीर्षकहरू भिन्ना भिन्नै छन् । मूल भावलाई आधार मानेर कतिपय गीतहरूको शीर्षक राखिएका छन् भने कतिपय गीतका शीर्षकहरू पहिलो पङ्क्तिलाई आधार मानेर राखिएका छन् ।

मूल भावलाई आधार मानेर राखिएका शीर्षकहरूमा 'कस्तो राम्रो बानी', 'स्कुलमा मात्र हैन', 'सफा सुग्घर गर्ने गरे', 'के छ कारण', 'चराको गीत-१', 'चराको गीत-२', 'चराको गीत-३' 'धेरैलाई खुसी पार्छौं', 'बालटोली चलाउँछौं', 'चाँडै आउनुहोला', 'हाम्रो इच्छा' र 'समाज र सरकारले' गरेर १२ वटा छन् ।

पहिलो पङ्क्तिलाई आधार मानेर राखिएका शीर्षकहरू १८ वटा छन् । ती 'ए नानी यता आऊ न', 'नाच नानी नाच न', 'मिजासिलो मान्छे', 'धुलो खेल्ने नगर', 'हात धोई खाऊ', 'सन्डे माने आइतबार', 'पहिलो महिना जनवरी', 'सरल माने सजिलो', 'A, An र The', 'हजुरबुबा जस्तो जाँगरी', 'जीउको स्थिति राम्रो राखे', 'काकाहरू, फुपुहरू', 'धुलोमूलो धुवाँले', 'दसवटा दस भए', 'खराब मान्छे', 'हाम्रा मामा', 'हाम्रो गुरु' र 'असल मानिस' हुन् । यी शीर्षकहरू पहिलो पङ्क्ति मात्र होइन केही मूल भाव पनि त्यही भएका छन् ।

यस सङ्ग्रहका गीतका शीर्षकहरू हेर्दा ३० वटा शीर्षकहरूमा केही शीर्षक वाक्यात्मक रूपमा आएका छन् भने केही पदावलीका रूपमा पनि राखिएका छन् । त्यस्तै कुनै प्रश्नात्मक रूपमा छन् भने कुनै एक शब्दमा पनि राखिएका छन् । वाक्यात्मक रूपमा आएका शीर्षकहरू ९ वटा छन् । ती शीर्षकहरूमा 'स्कुलमा मात्र हैन', 'ए नानी यता आऊ न', 'सफा सुग्घर गर्ने गरे' 'हात धोई खाऊ', 'धेरैलाई खुसी पार्छौं', 'बालटोली चलाउँछौं' र 'चाँडै आउनुहोला' हुन् । पदावलीगत रूपमा आएका शीर्षकहरू १९ वटा छन् । ती शीर्षकहरू 'समाज र सकारले', 'हाम्रो इच्छा', 'हाम्रा मामा', 'चराको गीत-१', 'कस्तो राम्रो बानी' आदि हुन् । 'के छ कारण' ? 'शीर्षक प्रश्नात्मक रूपमा आएको छ भने 'मामाहरू फुपूहरू' नामक शीर्षक दुई शब्दमा राखिएको छ । यस सङ्ग्रहमा भएको चराको गीत शीर्षकको गीत तिन पटक आए पनि १, २ र ३ भनेर छुट्याएको छ भने सबै उमेरका बाल बालिकाका लागि तयार पारिएको यो सङ्ग्रहमा ' A, An र The' जस्तो अङ्ग्रेजी अक्षरमा पनि शीर्षक राखिएको छ ।

यी सबै शीर्षकहरू जे जस्तो संरचनामा जसरी राखिए पनि सबै शीर्षकहरू मूल भावकै नजिक भएकाले यस सङ्ग्रहका गीतका शीर्षकहरू सार्थक छन् भन्न सकिन्छ ।

(२) **संरचना**

बाल साहित्यकार श्याम प्रसाद शर्माको यस **'हाम्रो इच्छा'** बालगीत सङ्ग्रहमा गठित संरचनालाई स्पष्ट पार्न यस प्रकार राखिएको छ :-

| क्र.सं. | शीर्षक | पृष्ठ | पङ्क्ति | श्लोक | बनोट |
|---|---|---|---|---|---|
| १ | कस्तो राम्रो बानी | १ | १६ | ४ | क्रमबद्ध |
| २ | स्कुलमा मात्र हैन | ३ | १६ | ४ | " |
| ३ | ए नानी ! यता आऊ न | ५ | ६ | ३ | " |
| ४ | नाच नानी नाच न | ६ | ६ | ३ | " |
| ५ | मिजासिलो मान्छे | ७ | १६ | ४ | " |
| ६ | सफासुग्घर गर्ने गरे | ९ | २० | ५ | " |
| ७ | धूलो खेल्ने नगर | १२ | ६ | ३ | " |
| ८ | हात धोई खाऊ | १२ | ६ | ३ | " |
| ९ | के छ कारण ? | १३ | २० | ५ | " |
| १० | सन्डे माने आइतबार | १५ | १६ | ४ | " |
| ११ | पहिलो महिना जनवरी | १७ | २४ | ६ | " |
| १२ | सरल माने सजिलो | २ ० | १६ | ४ | " |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | A, An र The | २२ | २८ | ७ | " |
| १४ | हजुरबुबा जस्तो जाँगरी | २५ | १६ | ४ | " |
| १५ | जिउको स्थिति राम्रै राखे | २७ | २४ | ६ | " |
| १६ | चराको गीत-१ | ३० | १० | ५ | " |
| १७ | चराको गीत-२ | ३२ | ५ | ४ | " |
| १८ | चराको गीत-३ | ३४ | १६ | ४ | " |
| १९ | काकाहरू, फुपूहरू | ३६ | २८ | ७ | " |
| २० | धेरैलाई खुसी पार्छौं | ३९ | १६ | ४ | " |
| २१ | धूलामूलो धुवाँले | ४१ | १४ | ६ | " |
| २२ | दसवटा दस भए | ४४ | १२ | ३ | " |
| २३ | खराब मान्छे | ४६ | १६ | ४ | " |
| २४ | हाम्रा मामा | ४८ | १६ | ४ | " |
| २५ | हाम्रो गुरु | ५० | २० | ५ | " |
| २६ | बालटोली चलाउँछौं | ५२ | १६ | ४ | " |
| २७ | असल मानिस | ५४ | १६ | ४ | " |
| २८ | चाँडै आउनुहोला | ५६ | १२ | ३ | " |
| २९ | हाम्रो इच्छा | ५८ | २० | ५ | " |
| ३० | समाज र सरकारले | ६० | २० | ५ | " |

यसरी **'हाम्रो इच्छा'** बालगीत सङ्ग्रहमा बाह्य संरचना हेर्दा गीतहरू सबैभन्दा बढी २८ पङ्क्तिका छन् र कममा ६ पङ्क्तिका देखिन्छन् । सबैभन्दा बढी ७ श्लोकको गीत छ भने ६, ५,४ र ३ श्लोकका पनि गीतहरू छन् ।

### (३) विषयवस्तु

श्याम प्रसाद शर्माको **'हाम्रो इच्छा'** बालगीत सङ्ग्रह विविध विषयमा रचित गीतहरूको सङ्ग्रह हो । यस सङ्ग्रहमा भएका विविध विषयको चर्चा छुट्टाछुट्टै शीर्षकमा गरिएका छन् :-

### (क) सामाजिक विषयवस्तु

समाजमा गर्नुपर्ने क्रियाकलाप, समाजमा कसरी घुलमिल हुने र समाजमा कसरी असल होइन्छ जस्ता कुराहरू समेटिएका गीतहरूलाई सामाजिक विषयवस्तुमा आधारित गीतमा राख्न सकिन्छ । यस सङ्ग्रहमा सामाजिक विषयमा आधारित गीतहरू ६ वटा छन् । ती शीर्षकहरूमा 'असल मानिस', 'बालटोली चलाउँछौं', 'के छ कारण ?', 'हजुरबुबा जस्तो जाँगरी' र 'खराब मान्छे' हुन् ।

सामाजिक विषयमा आधारित यी गीतहरूको 'असल मानिस' शीर्षकको गीतमा असल मान्छे, केटाकेटी, आइमाई र बूढाबूढीहरूको माया, आदर र मान गर्ने हुन्छन् साथै सहिदका जहानलाई मद्दत गर्ने, बेवारिसे र टुहुरोको हेरविचार र विकलाङ्गहरूलाई सहयोग गर्दछन् भनिएको छ । 'बालटोली चलाउँछौं' शीर्षकको गीतमा टोलका बाल बालिका सबै मिलेर समूह बनाई नाच्छौं, गाउँछौं, मिल्छौं भनेर स्वयम् बाल बालिकाले भनेका छन् भने आफ्नो काम आफैँ गर्छौं र असर खराब चिन्ने कोसिस गरी नियम बनाई अनुशासित भई हिँड्छौं भन्दै सामाजिक व्यवहारको कुरा गरेका छन् । त्यस्तै 'हजुरबुबा जस्ता जाँगरी' मा गाउँकै तगडा हजुरबुबा साह्रै जाँगरिलो हुनुहुन्छ भन्दै नौलो कुरा र पत्र पत्रिका चाख लाएर पढ्नुहुन्छ, गीत गाउनु हुन्छ र जात्रामेला भनेपछि ज्यादै रमाउने अनि ख्याल ठट्टा पनि गर्ने साह्रै असल हुनु हुन्छ भनिएको छ भने 'के छ कारण ?' मा हाम्रो समाजले तल्लो र माथिल्लो दुवै वर्गका मानिस छन् । कसैको घरबार छैन र पाटीमा बास बस्छन् भने कसैको ठुला ठुला घर छन् तर पनि यो किताबमा किन लेखिदैन भनी शर्माले प्रश्न गरेका छन् । सामाजिक विषयमा रचिएको अर्को शीर्षक 'खराब मान्छे' पनि हो । यस गीतमा खराब मान्छेले गुण हैन बैगुन गर्दछन्, अर्काको पैसा खान्छन्, सानो कुरामा ठुलो घमण्ड गर्छन् तर समाजले र दुनियाँले उनीहरूलाई थुकिरहेका हुन्छन् भन्दै खराब बानी त्याग्ने अनुरोध शर्माले गरेका छन् । सामाजिक विषयमा आधारित गीतको उदाहरण हेरौँ :-

भाइ, बैनी अरु पनि<br>
मिल्दा बानीहरू राख्छौं,<br>
बालटोली बनाएर<br>
राम्रोसँग चलाउँछौं ।

(शर्मा, २०५६:५२)

यसरी यी गीतहरूका माध्यमबाट शर्माले समाजमा असल हुने र सबैको प्यारो र मिल्दो हुने ज्ञान दिन खोजेका छन् । समाजमा सामाजिक प्राणी भएर बस्ने आग्रह गरेका छन् ।

**(ख) बाल स्वभाव सम्बन्धी**

यस सङ्ग्रहको गीतहरूमा शर्माले बाल बालिकका स्वभावका कुरा पनि अभिव्यक्त गरेका छन् । यस्ता गीतहरूमा कस्तो स्वभाव राम्रो, राम्रो स्वभाव भए के हुन्छ र

केटाकेटीहरूको स्वभाव कस्तो हुन्छ भन्ने कुराको ज्ञान दिइएको हुन्छ । **'हाम्रो इच्छा'** बालगीत सङ्ग्रहमा शर्माले बाल स्वभाव सम्बन्धी ६ वटा गीतहरू समावेश गरेका छन् ।

यी गीतहरूमा सबै काम ठीक ठीक समयमा गर्ने, खेल्ने, पढ्ने, लेख्ने, कोरीबाटी गर्ने, खानेकुरा बाँडेर खाने, साथीलाई माया गर्ने, सक्ने काम गर्ने र अरुलाई सघाउने बानी भएकी सानी साथी भनेर साथीको वर्णन गरिएको छ । 'ए नानी यता आऊ न' र 'धुलो खेल्ने नगर' दुई वटा गीतमा साह्रै साना केटाकेटीलाई सिँगान पुछ, मुखमा पैसा नहाल, आची छि छ्या गर, हाउगुजी आए बा गर, धुलो नखेल, औंला नचुस, खानेकुरा नपोख जस्ता कुराहरूको ज्ञान दिइएको छ भने 'हात धोई खाऊ' मा पनि माम ल्याऊ हात धोई खाऊ सफा नाना लाऊ, जुत्ता लाएर खेल्न जाऊ जस्ता असल स्वभावको शिक्षा प्रदान गरिएको छ । त्यस्तै 'काकाहरू, फुपूहरू' र 'धेरैलाई खुसी पार्छौं' नामक दुई शीर्षकका गीतमा घरमा काका, फुपूहरू आउँदा खुसी लाग्छ भन्दै केटाकेटीले आफ्नो असल स्वभावको बयान आफैं गरेका छन् । आफ्नो काम आफैं गर्छौं, फोहोर फालेर सफा पार्छौं, काका, फुपूहरूलाई खाना खान दिएर सुत्ने व्यवस्था गरि दिन्छौं साथै सबैतिरका खबर घरमा पुऱ्याउँछौं त्यसैले उहाँहरूले हामीलाई स्याबासी दिनुहुन्छ भन्दै खुसी भएका छन् । उनीहरूले छिटै सुतेर सबेरै उठ्ने, आफ्नो ओछ्यान आँफैं मिलाउने बाहिर जाँदा सोधेर जान्छौं, सक्ने काम सघाउने र उहाँहरूको अर्ती सुन्ने गर्छौं भन्दै असल बानीहरूको बयान गरेका छन् ।

जस्तै :

आमाबुबालाई दु:ख दिन्नौं
अर्ती लिन्छौं, मान राख्छौं,
मन लगाई पढ्ने गर्छौं
धेरैलाई खुसी पार्छौं ।

(शर्मा, २०५६:४०)

यसरी यी गीतहरूका माध्यमबाट शर्माले आफ्ना खराब बानी त्यागेर असल बानी सिक्न बाल बालिकालाई शिक्षा दिएका छन् ।

**(ग) शिक्षादीक्षा सम्बन्धी**

बाल बालिकालाई शिक्षा अर्थात् पढाइसँग सम्बन्धित ज्ञान दिने गीतहरूलाई शिक्षा सम्बन्धी विषयमा आधारित गीतको स्थानमा राख्न सकिन्छ । **'हाम्रो इच्छा'** सङ्ग्रहमा यस्ता शिक्षा प्रदान गर्ने गीतहरू ७ वटा समावेश गरिएका छन् । ती गीतका शीर्षकहरू 'हाम्रो गुरु', 'हाम्रो मामा', 'A, An र The', 'सन्डे माने आइतबार', 'पहिलो महिना जनवरी', 'सरल माने सजिलो' र 'दसवटा दस भए' हुन् ।

यी गीतहरू मध्ये 'हाम्रा मामा' र 'हाम्रो गुरु' मा मामाले सधैँ राम्ररी कुरा गर्ने, असल बानी सिकाउने, काम सघाउने, सफा सुग्घर राखि दिने गर्दै हामीलाई शिक्षा दिनहुन्छ साथै हाम्रो गुरुले पनि गीत गाउने, कथा भन्ने नाच्न सिकाउने, राम्रा ठाउँहरू घुमाउने, देशको सेवा गर्नु पर्छ र घोचपेच गर्ने गर्नु हुन्न भन्ने शिक्षा दिनु हुन्छ भनेर बाल बालिकाले गुरु र मामाबाट असल शिक्षा लिएको कुरा व्यक्त गरेका छन् । यस्ता विषयमा अन्य गीतहरूमा An, An र The कहाँ कहाँ लाग्ने, हप्ताका सात बारको जानकारी र एक वर्षका सबै महिना र ती महिनामा हुने मौसमको जानकारी दिएर अङ्ग्रेजी शिक्षा दिएका छन् भने 'सरल माने सजिलो' र 'दस वटा दस भए' नामक शीर्षकका गीतमा गणित सम्बन्धी शिक्षा दिइएको छ । सरल गर्ने तरिका सिकाइएको छ र अर्को 'दस वटा दस भए' मा पनि दसदेखि एक अर्ब सम्मको गन्ती गर्न सिकाइएको छ ।

जस्तै : सरल माने सजिलो हो,
गाह्रो किन ठानेको ?
पहिले गरौँ कोठाभित्र,
पछि गर्ने बाहिरको ।

(शर्मा, २०५६:२०)

यस उदाहरणमा सरल भनेको सजिलो हो भन्दै सरल गर्ने तरिका सिकाइएको छ । त्यस्तै यस्ता विषयका सम्पूर्ण गीतहरूले अङ्ग्रेजी, गणित र असल हुने शिक्षा दिएका छन् ।

**(घ) पशुपक्षी सम्बन्धी**

पशु वा पक्षीका विषयमा आधारित गीतलाई यस्ता गीतका स्थानमा राख्न सकिन्छ । **'हाम्रो इच्छा'** बालगीत सङ्ग्रहमा तिन वटा गीतहरू चरासँग सम्बन्धित छन् । ती 'चराको गीत-१', 'चराको गीत-२' र 'चराको गीत-३' हुन् । यी गीतहरूमा चराका बारे ज्ञान दिइएको छ ।

चरा कस्तो प्राणी हो देखि प्वाँख, खुट्टा, टाउको, घाँटी कस्तो हुन्छ, चरा कहाँ बस्छन्, के खान्छन्, कोही शाकाहारी र कोही मांसाहारी पनि हुन्छन् भन्ने ज्ञान दिइएको छ । त्यस्तै चराले चुच्चाले चारो टिप्छन्, नचपाई निल्छन् र यिनीहरूले खेतबारीका किरा पनि खाने र बाली पनि खाने गर्छन् भनेर सम्पूर्ण चरा सम्बन्धी ज्ञान दिइएको छ ।

जस्तै : चराहरू चुच्चाले
खानेकुरा टिप्छन्,
जिभ्रो हुन्छ, दाँत हुन्न
नचपाई निल्छन् ।

(शर्मा, २०५६:३४)

यस उदाहरणमा चराहरूले चुच्चाले खानेकुरा टिप्छन् र तिनीहरूको दाँत नहुने हुनाले नचपाई निल्छन् भन्ने कुराको ज्ञान दिइएको छ ।

**(ङ) स्वास्थ्य सम्बन्धी**

यस सङ्ग्रहका गीतहरू स्वास्थ्यसँग सम्बन्धित पनि छन् । यस्ता गीतहरूले स्वस्थ रहँदा सधैँ बलियो होइन्छ भन्ने विषयको ज्ञान दिन्छन् । **'हाम्रो इच्छा'** बालगीत सङ्ग्रहमा यस्ता विषयको गीत दुई वटा छन् । ती गीतका शीर्षकहरू 'जिउको स्थिति राम्रै राखे' र 'सफा सुग्घर गर्ने गरे' हुन् ।

'सफा सुग्घर गर्ने गरे' नामक शीर्षकको गीतमा टाउको फोहोर भएमा जुम्रा परेर हाम्रो रगत चुस्छ, हात मुख राम्रो धोएन भने खटिराले पिरोल्छ, जथाभावी थुक्ने र दिसा पिसाब गर्नाले हैजा फैलन्छ भन्दै सफा सुग्घर गर्ने गऱ्यो भने सधैँ स्वस्थ बन्न सकिन्छ भनिएको छ भने 'जिउको स्थिति राम्रै राखे' नामक शीर्षकमा जिउको स्थिति राम्रै राख्यो भने रक्त सञ्चार राम्रो हुन्छ । त्यसैले राती सुत्दा ढाड सोझो पारेर कुनै पनि अङ्गलाई दख्खल

नपारी सुत्ने गर्नु पर्दछ । नसक्ने र गाह्रो काम गर्नु हुँदैन, थकाइ लाग्ने गरी होइन विस्तारै काम फेर्दै गर्नु पर्दछ भन्दै यति स्याहार शरीरलाई गऱ्यो भने आफ्नो जिउको स्थिति सधैँ राम्रो रहने कुरा भनिएको छ ।

जस्तै,

सिरान अग्लो भयो भने
गर्धन, काँधमा बल पर्छ,
उत्तानो र घोप्टो हैन
कोल्टो परि सुत्नु पर्छ ।

(शर्मा, २०५६:२८)

यस गीतांशमा आफ्नो स्वास्थ्य राम्रो पार्नका लागि सिरान अग्लो होइन ठिक्कको र उत्तानो, घोप्टो होइन कोल्टो परेर सुत्ने गर्नु पर्दछ भन्ने स्वास्थ्यवर्द्धक ज्ञान दिइएको छ ।

**(च) खेल सम्बन्धी**

केटाकेटीलाई खेलाउने वा खेलका विषयमा जानकारी दिने गीतलाई खेल सम्बन्धी विषयमा आधारित गीत भन्न सकिन्छ । **'हाम्रो इच्छा'** बालगीत सङ्ग्रमा खेलका विषयमा आधारित गीत 'नाच नानी नाच न' हो ।

यस गीतले साह्रै सानो, भर्खर उठ्न र हिँड्न लागेको बालकलाई नचाउने र मनोरञ्जन दिई खेलाउने गर्दछ ।

जस्तै,

नाच नानी नाच न,
मुसुमुसु हाँस न ।
हात पनि चलाऊ
गोडा पनि चलाऊ ।
सबैतिर हेर न,
घुमीघुमी नाच न ।

(शर्मा, १०५६:६)

यस गीतमा बच्चालाई नाच्न सिकाइएको छ । केटाकेटीलाई खेलाउने र मनोरञ्जन दिने उद्देश्य यस गीतको छ ।

### (छ) वातावरण सम्बन्धी

हावा, पानी, माटोबारे जानकारी दिने गीत वातावरण सम्बन्धी गीत हो । यस सङ्ग्रहमा 'धुलोमुलो धुँवाले' शीर्षकको गीतलाई वातावरण सम्बन्धी गीतमा राख्न सकिन्छ ।

यस 'धुलोमूलो धुवाँ' मा धुवाँ, धुलोले हावालाई फोहोर पार्दछन् भने रूखविरुवाहरूले त्यसलाई सफा पार्दछन् । फोहोर गऱ्यो भने खानेपानी पनि दुषित हुन्छ । दिसा पिसाब चर्पीमा गर्ने गर्नु पर्छ र धेरै खलबल हल्ला गर्दा वातावरण बिग्रन्छ । त्यसैले सबैले राम्रो र वैज्ञानिक किसिमले बसोबास गर्न पाउनु पर्छ र पाउन् भन्ने कुरा यस गीतमा उल्लेख गरिएको छ ।

जस्तै : दिसापिसाब चर्पीमा नै
गर्ने गर्नुपर्छ,
बनाउन खोज्नेलाई
मद्दत गर्नुपर्छ ।
(शर्मा, २०५६:४२)

यस उदाहरणमा पनि चर्पीमा दिसा पिसाब गर्ने र चर्पी बनाउन खोज्नेलाई सहयोग गर्नुपर्ने कुरा व्यक्त गरिएको छ ।

### (ज) हकहित सम्बन्धी

बाल बालिका र अन्य मानिसका हकहितको कुरा उठाइएका गीतलाई हकहित सम्बन्धी गीत भन्न सकिन्छ । यस्ता गीतहरूमा बाल बालिकाले आफ्नो आफ्नो जन्मसिद्ध अधिकार बाल अधिकारका बारेमा जानकारी दिइएको हुन्छ भने अरुलाई पनि समाजमा सबैले समान किसिमले बाँच्न पाउनु पर्दछ भन्ने विषयमा कुरा उठाइएको हुन्छ । यस **'हाम्रो इच्छा'** बालगीत सङ्ग्रहमा 'हाम्रो इच्छा' र 'समाज र सरकारले' शीर्षकका दुई वटा गीतले हकहितका कुरा उठाएका छन् ।

'हाम्रो इच्छा' शीर्षकको गीतमा बाल बालिकाले संसारका सबै केटाकेटीहरू आफ्नै साथी हुन् भने असल मानिस जति सबै काकाकाकी हुन् । त्यसैले संसारका कोही पनि मानिस दु:खी नरहून् । सबैले खान, लाउन र औषधी गर्न राम्रैसँग पाउन भन्दै बाल

बालिकालाई हेप्ने, कुट्ने चलन हराओस् अनि मात्र नयाँ संसारको सपना विपनामा परिणत हुन्छ भन्ने चाहना गरेका छन् ।

जस्तै, हामीलाई हेला गर्ने
चलन हराओस्
हप्काउने, कुट्ने बानी
चाँडै बिलाओस् ।
(शर्मा, २०५६:५९)

हकहित सम्बन्धी अर्को गीत 'समाज र सरकारले' मा बाल बालिकाहरूलाई सरकारले राम्रो विचार पुऱ्याओस् भन्दै समाज र अदालतले बाल बालिकालाई प्राथमिकता दिउन्, केटा र केटी दुवैलाई पक्षपात नगरी हक र माया सबैले दिऊन् आमा बुबाबाट टाढा नराखेर सँगै राखून् र गरिब बाबु आमालाई पनि छोरा छोरीका लागि समाज र सरकार दुबैले सहयोग गरोस् भन्ने चाहना गरेका छन् ।

जस्तै, समाजले अदालतले
प्राथमिकता दिउन्,
बालहितका कुनै कुरा
छुट्न नपाऊन् ।
(शर्मा, २०५६:६१)

यसरी शर्माले बाल हकहितका पनि कुरा उठाएर यस सङ्ग्रहमा हकहित विषयका गीत पनि समावेश गरेका छन् ।

**(४) भाव**

बाल साहित्यकार श्याम प्रसाद शर्माको **'हाम्रो इच्छा'** बालगीत सङ्ग्रहको मूल भाव बाल बालिकालाई असल विचार लिने, ज्ञानी बन्ने र आफ्नो कर्तव्यमा सधैँ जुट्ने सल्लाह दिनु हो । सबै उमेर समूहका बाल बालिकालाई मध्यनजर गरेर रचना गरिएका यी गीतहरूमा शर्माले मनोरञ्जनका साथ केटाकेटीलाई स्वास्थ्य, खेल, स्वभाव र हकहितका विषयमा जानकारी दिनु नै यस गीतको मूल भाव बनाएका छन् ।

(५) **कल्पना**

श्याम प्रसाद शर्माले **'हाम्रो इच्छा'** बालगीत सङ्ग्रह केटाकेटीहरूको आनीबानी, व्यवहार, पढाइलेखाई र असल मानिस बन्ने जस्ता कुराको ज्ञान दिन रचेका हुन् । त्यसैले यसमा त्यति गहिरो कल्पना तत्त्वको प्रयोग त गरेका छैनन् तापनि उनले केटाकेटी सरह भएर उनीहरूको उज्ज्वल भविष्यको कल्पना गर्दै रचना गरेका हुनाले कल्पना तत्त्वको अभाव नै छ भन्न सकिदैन ।

यस सङ्ग्रहका 'चाँडै आउनुहोस्', 'हाम्रो इच्छा', 'समाज र सरकारले', 'नाच नानी नाच न' र 'ए नानी यता आऊ न' जस्ता गीतमा केही मात्रामा कल्पना तत्त्वको प्रयोग भएको छ । यी गीतहरूमा 'चाँडै आउनुहोला' मा काकालाई सम्बोधन गरेर चाँडै आउनु होला अनि राम्रा गीत, कथा भन्नु होला, धेरै दिन बस्नु होला । साथीहरूलाई पनि बोलाएर रमाएर बसौँला भनेर रमाइलो दिनहरूका कल्पना गरिएको छ ।

जस्तै, राम्रा-मीठा गीत-कथा

टुक्का ल्याउनु होला

धेरै दिन बस्ने गरी

चाँडै आउनुहोला ।

(शर्मा, २०५६:५७)

यस सङ्ग्रहका 'हाम्रो इच्छा' र 'समाज र सरकारले' दुई वटा गीतमा संसारका सबै केटाकेटीहरू एक भई रमाएको, कोही कसैले हेला नगरेको, गरिब धनी सबै समान रहेको कल्पना गरिएको छ ।

जस्तै, कुनै देशका हाम्रा साथी

दुःखी नरहून्,

खान, लाउन, ओखती र

पढ्न पनि पाऊन् ।

(शर्मा, २०५६:५९)

यस सङ्ग्रहका 'नाच नानी नाच न' र 'ए नानी यता आऊ न' दुई वटा गीतमा भर्खर हिँड्न लागेका नानीलाई उनीहरूसँग रमाएको मीठा कल्पना गरेर शर्माले रचना गरेको पाइन्छ ।

जस्तै,		नाच नानी नाच न,

मुसुमुसु हाँस न ।

हात पनि हल्लाऊ,

गोडा पनि चलाऊ ।

सबैरित हेर न,

घुमीघुमी नाच न ।

(शर्मा), २०५६:६)

यसरी शर्माले आफ्ना गीतहरूमा त्यति गहिरो नभए पनि आंशिक रूपमा भने कल्पनाको प्रयोग गरेका छन् भन्न सकिन्छ ।

(६) **सङ्गीत**

**'हाम्रो इच्छा'** बालगीत सङ्ग्रहका गीतहरू केटाकेटीका लागि हुन् । त्यसैले त्यति कसिलो सङ्गीत यिनमा छैन तापनि लय र अनुप्रासले गर्दा यिनमा केही मात्रामा सङ्गीतात्मकता विद्यमान छ भन्न सकिन्छ । त्यसैले त यो सङ्ग्रहका केही गीत रेडियो र क्यासेटमा पनि छन् ।

**(क) लय**

लयको आधामा यो गीत सङ्ग्रह हेर्दा विविध लयको प्रयोग गरिएको छैन । जुनसुकै विषयलाई पनि लयमा ढाल्ने शर्माले यसमा पनि विविध विषयलाई लयमा प्रस्तुत गरेका छन् । यस सङ्ग्रहका गीतहरूमा अक्षरको आधारमा हेर्दा अक्षरगत समानता नभएको पङ्क्ति नै पिच्छे फरक फरक अक्षरको एक पङ्क्ति हुने अनियमित लय व्यवस्थाको प्रयोग गरिएको छ । यस सङ्ग्रहका कुनै पनि गीतहरूमा अक्षरगत समानता पाइदैन । यस्ता गीतहरूमा स्वरको आरोह अवरोह अनुसार अक्षरमा घटीबढी हुन्छन् ।

जस्तै :		जीउको स्थिति राम्रो राखे

रक्तसञ्चार राम्रो हुन्छ,

अरु भित्री अङ्ग पनि

राम्रोसँग चल्ने गर्छ ।

सुत्दा समेत जहिले पनि

ढाड सोझो राख्नुपर्छ,

मुस्ला, जोर्नी, हाडलाई

दख्खल नदिई चल्नुपर्छ

(शर्मा, २०५६:२८)

माथिका उदाहरणमा पहिलो श्लोकको पहिलो पङ्क्तिमा १७ र दोस्रोमा १६ अक्षर छन् भने दोस्रो श्लोकको पहिलो पङ्क्तिमा १६ र दोस्रोमा १६ अक्षरको प्रयोग छ । त्यसैले यस सङ्ग्रहका सबै गीतहरू यस्तै १० देखि १९ अक्षरसम्मका पङ्क्तिहरू भएकाले अनियमित अर्थात् गद्य लयको प्रयोग छ भन्न सकिन्छ ।

**(ख) अनुप्रास**

**'हाम्रो इच्छा'** बालगीत सङ्ग्रहमा शर्माले अनुप्रास प्रयोगमा अन्त्यानुप्रसाको मात्र राम्रो संयोजन गरेका छन् । मध्यानुप्रास र आधानुप्रास कहीँ कहीँ मात्र भेटिन्छ तर अन्त्यानुप्रास भने सबै गीतमा प्रयोग गरिएको छ । त्यसैले त यस सङ्ग्रहका गीतहरू साङ्गीतिक बनेका छन् ।

जस्तै, खराब मान्छे गुणको सट्टा

बैगुन गर्ने हुन्छन्,

धेरैलाई असजिलो

पारी-पारी हिँड्छन् ।

(शर्मा २०५६:४६)

यस उदाहरणमा प्रत्येक दोस्रो, चौथो हरफमा 'हुन्' र 'हिँड्' का पछि 'छन्' को आवृत्ति भई अनुप्रास मिलेको छ । त्यसैले अन्त्यानुप्रास मिलेको छ भन्न सकिन्छ । यस सङ्ग्रहका प्रायः सबै गीतहरू यसरी नै अन्त्यानुप्रासको संयोजनले गर्दा साङ्गीतिक बनेका छन् ।

**(७) विम्ब प्रतीक**

यस बालगीत सङ्ग्रह सरल भाषामा बाल बालिकाका लागि रचिएको हो । त्यसैले विम्ब प्रतीकको सुनियोजित प्रयोग यसमा पनि गरिएको छैन । यदि विम्ब प्रतीकको प्रयोग

गर्ने हो भने बाल बालिकाले सजिलै बुझ्न सक्दैनन् त्यसैले विम्ब प्रतीकको संयोजनमा बाल गीतहरू अलि कमजोर नै देखिन्छन् । यस सङ्ग्रहमा समावेश गीतहरूमा पनि विम्ब प्रतीकको प्रयोग नै छैन त भन्न सकिदैन केही मात्रामा भए पनि प्रयोग गरिएको छ ।

यस सङ्ग्रहमा 'हजुरबुबा जस्तो जाँगरी' मा हजुरबुबालाई असल मान्छेको प्रतीकका रूपमा ल्याइएको छ भने 'हाम्रा मामा' शीर्षकको गीतमा मामालाई पनि असल मान्छेका प्रतीकका रूपमा उभ्याइएको छ ।

जस्तै,

हाम्रा मामा राम्रा कुरा
सिकाउनुहुन्छ,
हाम्रा पनि राम्रा कुरा
मान्ने गर्नुहुन्छ ।

(शर्मा, २०५६:४८)

यस उदाहरणमा मामाको बयान गरेर मामा असल हुनुहुन्छ भन्न खोजिएको छ त्यसैले यहाँ मामालाई असल मानिसको प्रतीकको रूपमा उभ्याइएको छ भन्न सकिन्छ ।

त्यस्तै विम्ब प्रयोगका दृष्टिमा यस सङ्ग्रहमा 'हाम्रो इच्छा' शीर्षकको गीतमा संसारभरका केटाकेटीहरूलाई विम्बका रूपमा उभ्याईएको छ ।

जस्तै,

संसारभरकै केटाकेटी
हाम्रा साथी हुन्
सबै देशका असल मानिस
काका-काकी हुन् ।

(शर्मा, २०५६:५८) ।

यस उदाहरणमा संसारभरका केटाकेटीलाई आफ्ना साथीको रूपमा कल्पना गरिएको हुनाले संसारका सबै केटाकेटीहरूलाई विम्बको रूपमा राखिएको छ ।

### (८) भाषाशैली

बाल साहित्यकार श्याम प्रसाद शर्माको **'हाम्रो इच्छा'** बालगीत सङ्ग्रहमा सरल र सुबोध भाषाको प्रयोग गरिएको छ । विभिन्न उमेरका केटाकेटीलाई आधार मानेर रचिएको हुनाले सबै केटाकेटीले बुझ्ने भाषाको प्रयोग शर्माले गरेका छन् । बाल शब्दहरू आची, भौ, गुजी, छि, हाउगुजी जस्ता शब्दहरूले अझ गीतमा मीठास थपेका छन् ।

यस बालगीत सङ्ग्रहमा बाल बालिकाले बुझ्न सक्ने खालका शब्दहरूको प्रयोग छ । हात, मैलो, साथी, दोस्रो, गाउँ, मासु, चिल जस्ता तत्भव शब्द र गर्धन, शरीर, ज्ञानी, पुस्तक जस्ता तत्सम शब्दहरूको प्रयोग गरिएको छ । त्यति मात्र हैन अन्य स्कुल, क्लास, तारिफ, सहिद जस्ता आगन्तुक शब्द प्रयोग भए पनि भाषामा असहज भएको छैन । भुतुभुतु, खलबल, चकचक जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग पनि पाइन्छ भने गीतमा मीठास ल्याउनका लागि पनि, नि, ए, न, त जस्ता निपात र आवश्यकता अनुसार संयोजकको पनि प्रयोग गरिएको छ ।

सबै उमेर समूहका बाल बालिकाका लागि रचिएको यस गीत सङ्ग्रहमा अङ्ग्रेजी शब्दहरू A, An र The को प्रयोग भएता पनि भाषामा कठिनाइ भने देखिदैन । त्यसैले समग्रमा यस गीत सङ्ग्रहका गीतहरूको भाषाशैली सरल सहज छ भन्न सकिन्छ ।

(९) **निष्कर्ष**

**'हाम्रो इच्छा'** बालगीत सङ्ग्रहको तत्त्वगत आधारमा विश्लेषण गरिसक्दा निष्कर्षमा के भन्न सकिन्छ भने यस सङ्ग्रहमा जम्मा बिस वटा गीतहरू समावेश छन् । ती बिस वटै गीतहरूको शीर्षक मूल भावकै निकट भएकाले गर्दा सार्थक छन् । सामाजिक, स्वास्थ्य, बाल स्वभाव, शिक्षा, खेल, वातावरण र हकहितका विषयलाई समेटेर रचिएका यी गीतहरू कल्पना, विम्ब र प्रतीक प्रयोगमा अलि कमजोर जस्तो देखिए पनि बालगीत सरल र सहज भाषशैलीमा हुनुपर्ने हुनाले यही कमजोरी नै यस सङ्ग्रहको विशिष्टता हो । भाषा, लय र अनुप्रासका दृष्टिमा भने यी गीतहरू उत्कृष्ट र लोक प्रिय बनेका छन् । यस सङ्ग्रहमा भएका गीतका साथै छेउ छेउका चित्रले झन् गीतलाई मनोरञ्जनात्मक बनाएको छ । त्यसैले सम्पूर्ण पक्षबाट हेर्दा यो बाल गीत सङ्ग्रह उत्कृष्ट र बाल रूचि अनुकूल छ भन्न सकिन्छ ।

### ३.३.१.४ 'राम्रो-नराम्रो' बालगीत सङ्ग्रहको विश्लेषण

बाल साहित्यकार श्याम प्रसाद शर्माको बालगीत सङ्ग्रह **'राम्रो-नराम्रो'** वि.सं. २०६६ मा प्रकाशित भएको हो । शर्माको यो चौथो बालगीत सङ्ग्रह हो । यसको प्रकाशन 'विद्यार्थी पुस्तक भण्डार', भोटाहिटी, काठमाडौंबाट भएको हो । यस बालगीत सङ्ग्रहका गीतहरू पहिले बालकोसेली (मासिक पत्रिका) बाट २०४५ मा प्रकाशित **'राम्रो-नराम्रो'**

बालगीत सङ्ग्रहमा समाविष्ट थिए । लेखकको नाम उल्लेख नभएको हुनाले त्यहाँ १८ वटा गीतमा श्याम प्रसादका गीतहरू कुन कुन हुन् छुट्याउन सकिदैनथ्यो । पछि २०६६ मा श्याम प्रसाद आफैँले आफ्नो नाममा 'राम्रो-नराम्रो' (केटाकेटीका गीतहरू) नाममा नौ वटा गीत राखेर प्रकाशित गरे ।

चित्र कसले गरे भन्ने कुरा नखुलेको यस गीत सङ्ग्रहमा जम्मा नौ वटा गीतहरू समाविष्ट छन् । केटाकेटीका राम्रा नराम्रा बानीहरूका बारेमा रचिएको यस सङ्ग्रहको 'कखगघ' 'एबीसीडि' शीर्षकको गीत 'केटाकेटीका गीतहरू भाग-१' क्यासेट र पुस्तिकामा समाविष्ट गरिएको छ । यस सङ्ग्रहका गीतहरू सन् १९८१ देखि १९८५ अर्थात् वि.सं. २०३८ देखि २०४२ सम्म रचिएका हुन् ।

(१) **शीर्षक**

**'राम्रो-नराम्रो'** बालगीत सङ्ग्रहमा जम्मा नौ वटा गीतहरू छन् । ती नौ वटै गीतका शीर्षकहरू भिन्ना भिन्नै छन् । यसका प्रायः सम्पूर्ण गीतहरू पहिलो पङ्क्तिलाई आधार मानेर राखिएका छन् भने त्यही नै गीतको केन्द्रीय भाव पनि हो । त्यसैले यस सङ्ग्रहका गीतहरूको शीर्षक र केन्द्रीय भावलाई तुलना गर्दा सबै शीर्षकहरू सार्थक छन् भन्न सकिन्छ ।

(२) **संरचना**

बाल साहित्यकार श्याम प्रसाद शर्माको **'राम्रो-नराम्रो'** बालगीत सङ्ग्रहको संरचनालाई नियाल्दा सानो कृतिमा नौ वटा गीतहरू, दुई पृष्ठमा एउटा गीत राखिएको प्रायः ४ र ५ श्लोकका गीतहरू छन् । यसलाई स्पष्ट यसरी हेर्न सकिन्छ :-

| क.सं. | शीर्षक | पृष्ठ | पङ्क्ति | श्लोक | बनोट |
|---|---|---|---|---|---|
| १. | जान्न, बुझ्न, सिक्न खोज्ने… | १ | २० | ५ | क्रमबद्ध |
| २. | जाँगर चलाई इलम गरी … | ३ | १६ | ४ | " |
| ३. | माया गर्ने बानी राम्रो… | ५ | १६ | ४ | " |
| ४. | जतन गर्ने बानी राम्रो… | ७ | १६ | ४ | " |
| ५. | चाँडै सुत्ने, चाँडै उठ्ने… | ९ | १६ | ४ | " |
| ६. | बाँडीचुँडी खाने बानी… | ११ | १६ | ४ | " |
| ७. | बुद्धि बढ्ने, बल बढ्ने… | १३ | १६ | ४ | " |
| ८. | कस्तो बानी हुने राम्रो… | १५ | २० | ५ | " |
| ९ | कखगघ, एबीसीडि… | १७ | १६ | ४ | " |

यस सङ्ग्रहको संरचना हेर्दा जम्मा १७ पृष्ठको नौ वटा गीतहरूको सङ्ग्रहमा सबैभन्दा बढीमा २० र घटीमा १६ वटा पङ्क्तिका मात्र गीतहरू ५ र ४ वटा श्लोकमा रचित छन् । यसको बनोट भने नौ वटै गीतहरू क्रमबद्ध रूपमा आएका छन् ।

(३) **विषयवस्तु**

**'राम्रो-नराम्रो'** गीत सङ्ग्रहको विषयवस्तु हेर्दा सबै गीतहरू बाल स्वभाव र बानी व्यवहारसँग सम्बन्धित छन् । लेखकले यस बालगीत सङ्ग्रहमा कस्तो स्वभाव वा व्यवहार राम्रो र कस्तो नराम्रो भन्ने कुराको ज्ञान प्रदान गर्न खोजेका छन् । यी गीतहरूका शीर्षकबाटै स्वभाव र बानी सम्बन्धी विषयमा आधारित गीतहरू भन्ने पत्ता लगाउन सकिन्छ ।

केटाकेटीहरूलाई शर्माले चाँडै सुत्ने र चाँडै उठ्ने, राम्रो काम गर्ने, जाँगर गर्ने, अरुलाई नठग्ने, केटाकेटीहरूलाई माया गर्ने, सामानको जतन गर्ने, चोर्ने ढाँट्ने नगर्ने, पढ्ने लेख्ने काम गर्ने, ज्ञानी बन्ने, अल्छी नहुने, नजानेको कुरा सिक्न खोज्ने, नरिसाउने, बालक, बूढो र बिरामीको विचार गर्ने, सफा हुने, बल, बुद्धि बढ्ने खेल खेल्ने, खाजा खाने, सधैं स्कुल जाने आदि बानीहरू राम्रा हुन्छन् भने अल्छी हुने, फोहोर गर्ने, रिसाउने, स्कुल नजाने, चोर्ने, ढाँट्ने, बसी मात्र रहने, बढी माग्ने, फारोतिनो नगर्ने, अर्कालाई दुःख दिने,

केटाकेटीलाई कुट्ने, हप्काउने, काँतर र उपद्रोहो गर्ने, हेपाहा, मिचाहा, लोसो र जुम्रो नराम्रो भनेर अर्ति दिँदै असल हुन प्रेरित गरेका छन् ।

जस्तै, (क) नजानेको कुरा सिक्ने
बानी साह्रै राम्रो,
साथी भाइलाई सिकाउन्न
भन्ने बानी नराम्रो ।
(शर्मा, २०६६ ख : १५)

यस उदाहरणमा नजानेको कुरा सिक्ने बानी राम्रो हो तर साथीलाई सिकाउँदिन भन्ने बानी नराम्रो हो भनिएको छ ।

(ख) लामो हात गर्ने बानी
सारै सारै नराम्रो
पैसा राखी खेल खेल्ने
बानी पनि नराम्रो ।
(शर्मा, २०६६ख : ७)

यस उदारहणमा पनि लामो हात अर्थात् चार्ने बानी धेरै नराम्रो हो भने पैसा राखेर खेल खेल्ने बानी त झनै नराम्रो हो भन्ने कुराको शिक्षा दिइएको छ ।

त्यसैले यो सङ्ग्रह केटाकेटीका लागि स्वभावसँग सम्बन्धित विषय मात्र भएर पनि प्रेरणाप्रद र उत्कृष्ट छ भन्न सकिन्छ ।

(४) **भाव**

यस **'राम्रो-नराम्रो'** बालगीत सङ्ग्रहको मूल भाव केटाकेटीहरूलाई राम्रो र नराम्रो कार्य वा बानीका बारेमा जानकारी दिनु हो । कस्तो बानी राम्रो र कस्तो बानी नराम्रो हो भनेर प्रस्ट्याइ दिँदा केटाकेटीले आफ्नो खराब बानी त्यागेर असल बानीको विकास गर्दछन् भन्ने नै यसको मूल उद्देश्य हो । त्यसैले मनोरञ्जनात्मक तरिकाले बाल बालिकालाई असल शिक्षा दिएर असल बाटोतिर लाग्न प्रेरणा दिनु नै यसको मूल भाव हो भन्न सकिन्छ ।

(५) **कल्पना**

**'राम्रो-नराम्रो'** बालगीत सङ्ग्रह केटाकेटीलाई राम्रो र नराम्रो बानीको शिक्षा दिने जानकारीमूलक सङ्ग्रह भएकाले गर्दा यसमा कल्पना तत्त्वको अभाव छ ।

(६) **सङ्गीत**

यो बालगीत सन्देशमूलक सङ्ग्रह भएकाले गर्दा भावको आरोह अवरोह अनुसार अक्षरगत भिन्नता भएको ११ देखि १९ अक्षरसम्मका पङ्क्तिका भए पनि स्वतन्त्र लयमा गाइने जस्ता गीतहरू छन् । त्यसैले यसका गीतहरूलाई मुक्त लयमा आधारित भन्न सकिन्छ ।

अनुप्रासको संयोजन हेर्दा यस बालगीत सङ्ग्रहका गीतहरू सबैमा राम्रो र नराम्रोको आवृत्ति गरेर अन्त्यानुप्रास मिलाइएको छ ।

जस्तै,

पाठ पढ्ने, बुझ्न खोज्ने
घोक्ने बानी राम्रो
पढ्दा मन अन्त लाने
गफ गर्ने नराम्रो ।

(शर्मा, २०६६ख : ९)

यस गीतांशमा प्रत्येक दुई पङ्क्तिका बिच 'राम्रो' को आवृत्ति गरेर अन्त्यानुप्रास मिलाइएको छ ।

(७) **विम्ब प्रतीक**

यस बालगीत सङ्ग्रहमा बाल बालिकाका राम्रा र नराम्रा बानीका बारेमा सरल भाषामा जानकारी दिइएको हुनाले विम्ब प्रतीकको प्रयोग शून्य देखिन्छ ।

(८) **भाषाशैली**

यस **'राम्रो-नराम्रो'** बालगीत सङ्ग्रहमा शर्माले सरल र बोधगम्य भाषाको प्रयोग गरेका छन् । जुनसुकै उमेरका बाल बालिकाले बुझ्ने भाषामा दैनिक व्यवहारमा गरिने

क्रियाकलापमा के राम्रो र के नराम्रो भनेर छुट्याइ दिएकाले भाषागत जटिलता कहीँ पनि पाइदैन ।

शब्द प्रयोगका दृष्टिमा हात, जिउ, काम जस्ता तत्भव र बालक, ज्ञानी जस्ता तत्सम शब्दहरूको प्रयोग भएको यस सङ्ग्रहमा करकर, कचकच जस्ता अनुकरणात्मक शब्दको पनि कहीँकहीँ प्रयोग गरिएको छ । वाक्यमा मिठास ल्याउन पो, त जस्ता निपातको प्रयोग गरिएको छ भने आवश्यकता अनुसार र, पनि जस्ता संयोजकको पनि प्रयोग गरिएको छ । 'चोर्नु' शब्दको सट्टा 'लामो हात गर्नु' टुक्का प्रयोग गरे तापनि अन्य जटिल शब्दहरूको भने प्रयोग गरिएको छैन ।

यसरी यस गीत सङ्ग्रहको समग्र भाषाशैली हेर्दा जटिल नभएर बालगीतको विशेषता अनुरूप सरल सहज भाषाशैलीको प्रयोग भएको छ भन्न सकिन्छ ।

(९) **निष्कर्ष**

निष्कर्षमा के भन्न सकिन्छ भने यस **'राम्रो-नराम्रो'** बालगीत सङ्ग्रहमा कल्पना, विम्ब प्रतीकको फितलो प्रयोग भए तापनि विषय, भाषा र अनुप्रासका दृष्टिले गर्दा सङ्गीतमय र उत्कृष्ट नै देखिन्छ । गीतमा भनिएको कुरालाई अझ स्पष्ट पार्नका लागि छेउ छेउमा बनाइएका चित्रले त झन् अक्षर राम्रो नचिन्नेलाई पनि बुझ्न सजिलो बनेको छ ।

## ३.३.२ प्रौढहरूको अध्ययनका निम्ति सिर्जित बाल साहित्यिक कृतिहरूको विश्लेषण

श्याम प्रसाद शर्माका बाल साहित्यिक कृतिहरूमा प्रौढले बाल बालिकाबारे पढ्ने साहित्यिक कृतिहरू अन्तर्गत गद्य विधाका पाँच वटै कृतिहरू र पद्य विधाका दुई वटा कृतिहरू पर्दछन् । गद्य विधाका कृतिहरूमा **'बालशिक्षा'** (२००७), **'बहिनीलाई चिठी भाग १'** (२००८), **'बहिनीलाई चिठी भाग २'** (२०१२), **'चीनका पुराना नीति कथाहरू'** (अनुवाद, २०२४), **'हाम्रा बालालिकाहरू : हाम्रो नयाँ पुस्ता'** (२०४७), हुन् भने पद्य विधाका कृतिहरूमा **'केही कविता : केही गीत'** (२०४३) र **'मेरा गीतहरू : तिम्रा स्वरहरू'** (२०६१) हुन् । यी कृतिहरूको अध्ययन र विश्लेषण विषयवस्तु, उद्देश्य र भाषाशैलीका आधारमा क्रमशः गरिएको छ ।

### ३.३.२.१ बालशिक्षा

बाल साहित्यकार श्यामप्रसाद शर्मालाई बाल साहित्यकारका रूपमा चिनाउने पहिलो प्रकाशित कृति **'बालशिक्षा'** हो । यसको प्रकाशन वि.सं. २००७ मा रमेश विकलद्वारा भएको थियो ।

#### (१) विषयवस्तु

यस कृतिमा बाल बालिकाहरूको बानी व्यवहार र स्वभावलाई कस्तो बनाउने भन्ने कुरालाई विषय बनाइएको छ । बाल बालिकाहरू अभिभावकले जस्तो बनाउन खोज्यो त्यस्तै बन्दछन् । यस कृतिमा अभिभावकमा पनि बाल बालिकाहरूका लागि विशेष भूमिका आमाको हुने गर्दछ भन्ने कुराको चर्चा गरिएको छ । बाल बालिकाहरूलाई वीर, कर्तव्य परायण, ज्ञानी, बुद्धिमान वा चोर फटाहा, छुच्चो, रिसाहा बनाउने भन्ने कुरामा आमाको भूमिका हुन्छ भनेर यस कृतिमा भनिएको छ । आमाले बाहेक केटाकेटीहरूलाई स्कुलमा पनि विशेष संरक्षण गर्नु पर्दछ । घरमा आमाको विशेष भूमिका पछि स्कुलमा पनि केटाकेटीहरूलाई उचित शिक्षादीक्षा प्रदान गरेर भविष्यका उज्ज्वल नक्षत्र बनाउन सकिन्छ । त्यसैले बाल बालिकाहरूका लागि पहिले आमा त्यसपछि परिवारका अन्य सदस्य र स्कुलको भूमिका हुन्छ भन्ने कुरा यस कृतिमा गरिएको छ ।

#### (२) उद्देश्य

यस **'बालशिक्षा'** नामक कृतिको प्रमुख उद्देश्य भनेको बाल बालिकाहरूलाई असल शिक्षा र नीति उपदेश दिनु पर्दछ भन्ने हो । बाल बालिका काँचो माटो सरह हुन्छन् र उनीहरूलाई कस्तो बनाउने राम्रो या नराम्रो भन्ने कुरामा आमाले सधैँ सचेत हुनुपर्ने हुन्छ भन्ने कुराको ज्ञान यस कृतिले दिएको छ । त्यसैले बाल बालिकालाई सानै उमेरदेखि उचित शिक्षा दिएर र नीतिका पाठ पठाएर वीर र साहसी अनि नैतिकवान् बनाउनु पर्दछ भन्ने सन्देश दिनु नै यस **'बालशिक्षा'** नामक पुस्तिकाले दिएको छ ।

#### (३) भाषाशैली

श्याम प्रसाद शर्माको यस बाल साहित्यिक कृतिमा सरल र सहज भाषाको प्रयोग गरिएको छ । ससाना वाक्यमा बाल बालिकाका लागि गहन कुरालाई समेटेता पनि अप्ठ्यारो

महसुस हुँदैन । जस्तो विषयलाई पनि सजिलै साहित्यमा ढाल्ने शर्माको यो कृति भाषाका दृष्टिमा सरल सहज र बोधगम्य छ । धेरै पहिलेको कृति भएकाले गर्दा भाषिक विचलन देखिए पनि त्यसको विषयका दृष्टिले यो कृति उत्कृष्ट छ ।

### ३.३.२.२ बहिनीलाई चिठी भाग १

श्याम प्रसाद शर्माको गद्य बाल साहित्यिक कृतिहरूमध्ये दोस्रो कृति **'बहिनीलाई चिठी भाग १'** हो । यो सङ्ग्रह पहिलो पटक वि.सं. २००८ मा शशिकला शर्माद्वारा प्रकाशित भएको हो भने यसको दोस्रो संस्करण प्रगतिशील लेखक भण्डार, भक्तपुरबाट (२०४३) मा प्रकाशित भएको थियो । यस कृतिमा जम्मा नौ वटा पत्र शैलीका लेखहरू समाविष्ट गरिएका छन् । ती नौ वटा लेखहरूका शीर्षक र मितिहरू यस प्रकार छन् :-

१. 'यो मेरो चिनो हो' (२००७ चैत्र १७)
२. 'लोग्ने मानिस र स्वास्नी मानिस' (२००८ असोज ३)
३. 'बादल पारिको स्वर्ग' (असोज १५)
४. 'महँगो हावापानी' (असोज १५)
५. 'हास्ने पुस्टकारी' (कात्तिक १)
६. 'एउटा हवाइजहाज उडेर आयो' (पुस १८)
७. 'बा-आमालाई पढेको मन पर्दैन' (पुस २१)
८. 'बिहानीको उज्यालो' (पुस २२)
९. 'पुस्तकको एउटा छेउ सकियो' (पुस २५)

यो कृतिलाई कसैले पत्रात्मक निबन्ध भनेका छन् भने कसैले पत्र साहित्यको संज्ञा दिएका छन् तर यसका सबैजसो लेखहरू उत्तर बाल्यावस्थाका बहिनीहरूलाई सम्बोधन गरेर रचना गरिएकाले यसलाई बाल गद्य साहित्य अन्तर्गत राखिएको छ । यसमा वि.सं. २००७ चैत्र १७ गते देखि २००८ पुस २५ सम्म काठमाडौं, वीरगन्ज र पर्साबाट लेखिएका चिठीहरू यस कृतिमा पर्दछन् ।

#### (१) विषयवस्तु

यस **'बहिनीलाई चिठी भाग १'** मा शर्माले तत्कालीन नारीहरूले भोग्न, खेप्न र भेल्न परेका बाधा, रूढि र कुरीतिहरू नै यस कृतिको मुख्य विषयवस्तु हो । तत्कालीन

समयमा नारीहरूलाई सबै कुरामा पछाडि पारिएको हुन्थ्यो । लोग्ने मानिस र स्वास्नी मानिसमा शिक्षा दिने चलन नै फरक थियो । उनीहरू लोग्ने मानिस जस्तो खुलेर हाँस्न, बोल्न र हिँड्न पनि पाउँदैनथे । उनीहरूले सधैँ गाली गलौज सहनु पर्ने हुन्थ्यो भन्ने कुरा शर्मा‍ले कृतिमा समावेश गरेका पत्रहरूका माध्यमबाट उठाएका छन् ।

(२) **उद्देश्य**

श्याम प्रसाद शर्माको यो कृतिले सम्पूर्ण बहिनीहरूलाई समाजका अन्याय, अत्याचार, रूढि, परम्परालाई तोडेर समतामूलक र सरल समाजको निर्माण गर्दै आफ्ना हक अधिकार खोज्ने प्रयत्न गर्न लाग्नु पर्ने कुरामा जोड दिएका छन् । यसरी शर्माले आफ्ना सम्पूर्ण देशका बहिनीहरूलाई एकजुट भएर वैचारिक स्वतन्त्रता र नारी जागरणका लागि उठ्न आह्वान गर्दै समाजमा चेतना फैलाउने कार्य गर्न आह्वान गरेका छन् । त्यसैले बहिनीहरूलाई यसरी उठ्न आह्वान गर्नु नै यस कृतिको मुख्य उद्देश्य हो ।

(३) **भाषाशैली**

बहिनीलाई मुख्य रूपमा सम्बोधन गरेर रचना गरेको यस कृतिको भाषाशैली सरल र बोधगम्य छ । ससाना लेखहरूमा संरचित यी पत्रहरूमा पनि सामान्य बोलचालका भाषाको प्रयोग गरिएको छ । रूढिवादी र परम्पराका कुराहरू गरिएकाले तत्सम र झर्रो शब्दहरूको पनि प्रयोग छ भने बढी मात्रामा तत्भव शब्दकै प्रयोग गरिएको छ । त्यसैले समग्रमा यस कृतिको भाषाशैली सरल सहज र बोधगम्य छ भन्न सकिन्छ ।

**३.३.२.३ बहिनीलाई चिठी भाग २**

**'बहिनीलाई चिठी भाग २'** श्याम प्रसाद शर्माका बाल साहित्यिक कृतिहरू मध्ये तेस्रो प्रकाशित कृति हो । यो पहिलो पटक वि.सं. २०१२ मा केदारनाथ न्यौपाने र बलराम श्रमजीविको प्रकाशनबाट काठमाडौंमा प्रकाशित भएको हो । पत्र शैलीको यो कृतिमा जम्मा ६ वटा ससाना पत्रहरू समाविष्ट छन् । ती पत्रका शीर्षकहरू :-

१. 'यो किताबको मतलब' (वैशाख १३)
२. तिमीलाई बिर्सेको छैन' (२००९ फागुन १२)
३. 'जनताको बिचमा काम' (२००९ फागुन २२)

४. 'बहुविवाह प्रथाको चासो' (२००९ फागुन २६)

५. 'बाबु-छोरी, दिदी-भाइ र पुतलीहरूको विवाह' (२००९ फागुन २७)

६. 'विधवाहरूको कथा गाँसे हिमाललाई माला' (२००९ चैत्र १)

यी नै ६ वटा शीर्षकका पत्रहरूका माध्यमबाट रचित कृति भएर पनि कसैले पत्रात्मक निबन्ध त कसैले पत्र शैली अन्तर्गत समेटेका छन् । विशेषः बहिनीहरूका निम्ति रचिएकाले यसलाई बाल साहित्य अन्तर्गत नै समेटिएको छ । यसमा वि.सं. २००७ वैशाख १३ देखि २००९ चैत्र १ गतेसम्मका पर्साबाट लेखिएका पत्रहरू पर्दछन् ।

### (१) **विषयवस्तु**

यस **'बहिनीलाई चिठी भाग** २' नामक कृतिमा विशेषतः नारी जातिकै विषयमा कुरा उठाइएको छ । नारी जातिहरू बहुविवाह र अनमेल विवाहको थिचोमिचोमा परेका र ती सबैको माला गाँस्दा हिमाललाई पुग्ने गरी हुन्छ भनेर व्यङ्ग्य गर्दै समाजका यी कुरीतिहरूलाई हटाएर लैजानु पर्दछ भन्ने कुरा उठाएका छन् । धनी र गरिब सबैले एकमत भएर राष्ट्रका नकारात्मक पक्षहरू उठाउनु पर्दछ भन्ने कुराहरू नै यहाँ शर्माले मूल विषय बनाएका छन् ।

### (२) **उद्देश्य**

शर्माले यो कृति आइमाई, केटाकेटीपनबाट ठुला हुन लागेका केटीहरुका लागि रचना गरेका हुन् । शर्माले नेपाली किशोरी र युवतीहरूलाई देश र दुनियाँको सेवाका लागि उठेर नकारात्मक पक्षको विरोध गर्दै सधैं सकरात्मक पक्षतिर लाग्न आह्वान गरेका छन् । यी पत्रहरूले कार्यक्षेत्रमा अगाडि बढ्न चाहने बहिनीहरूलाई हौसला प्रदान गरेका छन् । साथै उत्तर बाल्यावस्थाका केटीहरूलाई विशेष समर्पित गरेर हौसला दिएका छन् । त्यसैले यही नै यस कृतिको मुख्य उद्देश्य हो भने शारीरिक र मानसिक रूपमा अस्वस्थ महिलाको सुस्वास्थ्यको कामना  पनि यस कृतिको उद्देश्य हो ।

### (३) **भाषाशैली**

सरलताका खानी शर्माको भाषाशैलीको कुरा गर्दा यो कृति पनि त्यसबाट उम्कन सक्दैन । यस कृतिमा रूढि र परम्पराको विरोध गरिएकाले गर्दा ठेट र चलन चल्तिका

शब्दहरूको प्रशस्तै प्रयोग गरिएको छ । कहीँ कतै प्रचलित उखान टुक्काको पनि प्रयोग गरे तापनि पढ्दा असजिलोपन महसुस हुँदैन । त्यसैले आत्मपरक र वस्तुपरक दुवै शैलीको प्रयोग भएको यस कृतिको भाषाशैली सरल सहज र बोधगम्य जो कोही बहिनीहरूले पनि सजिलै बुझ्ने तरिकाको छ भन्न सकिन्छ ।

### ३.३.२.४ चीनका पुराना नीतिकथाहरू

श्याम प्रसाद शर्माले रचना गरेका प्रौढले बाल बालिकाबारे अध्ययन गर्ने साहित्य अन्तर्गत **'चीनका पुराना नीतिकथाहरू'** (अनुवाद २०२४) पनि पर्दछ । शर्माका बाल साहित्यिक कृतिहरूमा अनुवाद गरिएको कृति पनि हो । चीनका कथाहरूको अङ्ग्रेजीबाट नेपाली अनुवाद गरिएको यो कृतिमा जम्मा त्रिसठ्ठी वटा लघुकथाहरू समाविष्ट छन् । यसको प्रकाशन वि.सं. २०२४ मा **'चीनका पुराना नीतिकथाहरू'** नाममा नेपाल चीन मैत्री सङ्घबाट भएको हो ।

#### (१) विषयवस्तु

इसापूर्व तेस्रो र चौथो शताब्दीलाई आधार मानेर रचना गरिएका यी लघु कथाहरू नीतिशिक्षा सम्बन्धी विषयमा आधारित छन् । मान्छे मात्र नभएर पशुपक्षी र भूतप्रेत समेत पात्र बनाएर यी कथाहरूको रचना शर्माले गरेका छन् । बालकको पहिलो पाठशाला अर्थात् प्रारम्भिक शिक्षा भनेको घर परिवार वा घरका महिलाहरूबाट दिइने शिक्षा हो भन्ने कुरा स्वास्नी मान्छेका पाठहरू प्रारम्भिक शिक्षा हो भनेबाट थाहा हुन्छ । यसरी बाल बालिकालाई नैतिक उपदेश दिने र दिनु पर्दछ भन्ने कुरामा जोड दिने यस कृतिका कथाहरूको मुख्य विषयवस्तु नै नीतिशिक्षा अर्थात् नैतिक उपदेश हो ।

#### (२) उद्देश्य

यस कृतिको मुख्य उद्देश्य बाल बालिकालाई नैतिक उपदेश दिनु साथै अभिभावक समेतलाई बाल बालिकालाई नैतिक उपदेश दिन प्रेरित गर्नु हो । ससाना बाल बालिकादेखि उत्तर बाल्यावस्थाका केटाकेटीहरूलाई समाज, जन जीवन र परिवार सम्बन्धी नीति उपदेश दिनु हो । यसरी यस कथाका माध्यमबाट केटाकेटीहरूलाई आफ्नो देशमा मात्र नभएर

संसारकै सेरोफेरोमा रहेका बाल बालिकाका बारेमा अध्ययन गराउने र जानकारी दिने पनि यस कृतिको प्रमुख उद्देश्य हो ।

### (३) भाषाशैली

शर्माको **'चीनका पुराना नीतिकथाहरू'** नामक कृतिमा सरल सहज भाषाशैलीको प्रयोग गरिएको छ । अङ्ग्रेजी कथाहरू, त्यसमा पनि चीनका कथाहरूको नेपालीमा अनुवाद गरिएकाले केही शब्द र पात्रहरूका नाममा केही जटिलता जस्ता देखिए पनि विषय र कथा सरल छन् । कहीँ कतै लामा वाक्य भएपनि प्रायः छोटा छोटा वाक्य र तत्भव शब्दहरू बढी भए पनि कहीँ कतै आगन्तुक शब्दहरूको पनि प्रयोग पाइन्छ । अलि अगाडिको समयको कृति भएकाले गर्दा व्याकरणिक त्रुटिहरू देखिए पनि क्लिष्ट भने छैन ।

## ३.३.२.५ हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता

**'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता'** नामक पुस्तिका श्याम प्रसाद शर्माको वि.सं. २०४७ मा प्रकाशित कृति हो । 'बालकोशेली' बाट प्रकाशित यस कृतिमा ससाना गरेर जम्मा तेत्तिस वटा लेखहरू छन् । सन् १९८१ देखि १९८८ अर्थात् वि.सं. २०३८ देखि २०४६ सम्मका रचनाहरू यसमा समावेश गरिएको छ । यसका लेखहरू पत्र पत्रिकाहरूमा पनि प्रकाशित भएका थिए ।

### (१) विषयवस्तु

यस कृतिमा विभिन्न विषयलाई आधार मानेर शर्माले भिन्न भिन्न शीर्षकका ससाना लेखहरूको सिर्जना गरेका छन् । सामाजिक, नैतिक, बाल स्वभाव सम्बन्धी र हकहित सम्बन्धी विषयहरू यसमा समाविष्ट गरिएको छ । ससाना छुट्टाछुट्टै शीर्षकका माध्यमबाट शर्माले यस कृतिमा साना शिशुदेखि उत्तर बाल्यावस्थाका केटाकेटीहरूप्रति गर्नुपर्ने व्यवहार, आफूले पनि उनीहरूका अगाडि कस्तो व्यवहार गर्ने र के गर्दा उनीहरू असल मार्गतर्फ उन्मुख हुन्छन् भन्ने कुराहरूको चर्चा गरेका छन् । केटाकेटीहरूको आचरण, स्वभाव, उनीहरूको कामको सिंहावलोकन, उनीहरूको शारीरिक, मानसिक विकास र बौद्धिक विकास, बालकहरूको बोलीवचनदेखि ठिटाठिटीहरूलाई सपार्ने कुराको चर्चा यस कृतिमा गरिएको छ । त्यस्तै नेपालको बाल मृत्युदर, जम्मा जनसङ्ख्या, शिक्षा, स्वास्थ्य सम्बन्धी

तथ्याङ्क साथै चीनको समेत तथ्याङ्कको चर्चा गरेर तुलना गर्न खोजिएको छ । त्यति मात्र होइन बालकको जन्मसिद्ध अधिकार बाल अधिकारका बारेमा चर्चा गरेर अन्तराष्ट्रिय बाल दिवसमा संसारका सम्पूर्ण बाल बालिकालाई समावेश गर्नु पर्दछ चाहे त्यो जुनसुकै वर्ग वा जातको होस् भनेर जात र वर्गको समेत चर्चा गरिएको छ । बाल मजदुरहरूका बारेमा चर्चा गर्दै उनीहरूको हकहित खोस्न पाइदैन भन्ने कुराको ज्ञान प्रदान शर्माले यस कृतिका माध्यमबाट गर्न खोजेका छन् ।

(२) **उद्देश्य**

बाल बालिकाका लागि हामी के गरि रहेका हुन्छौँ र गर्नु पर्ने के हो भन्ने बारेमा अभिभावक र संरक्षकलाई जानकारी प्रदान गर्नु नै यस कृतिको मुख्य उद्देश्य हो । यसका माध्यमबाट शर्माले बाल बालिकाका आचरण, व्यवहार, स्वभाव, हकहितदेखि सम्पूर्ण कुरामा अभिभावक र हामी सबैको भूमिका हुन्छ, त्यसैले हामी सबैले बाल बालिकाबारे गर्नु पर्ने दैनिक व्यवहारको कुरामा ख्याल गरेर बाल बालिकाको भविष्यका निम्ति र हकहितका निम्ति सधैँ जागरूक बन्ने प्रेरणा प्रदान गरेका छन् । त्यसैले बाल बालिकाका निम्ति हामीले सचेत हुनु पर्ने सन्देश दिनु नै यस कृतिको मुख्य उद्देश्य हो ।

(३) **भाषाशैली**

सानो कृति त्यसभित्र  पनि ससाना लेख भएको कृति **'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता'** मा भाषाशैली सरल छ । छोटा छोटा अनुच्छेद र ती अनुच्छेदभित्र पनि छोटा छोटा तर पूर्ण वाक्य र सरल शब्दहरूको प्रयोग गरिएकाले यसको भाषाशैली सरल छ भन्न सकिन्छ । काम, आमा, साथी, पहिलो, गाउँ जस्ता तत्भव र ज्ञान, विधा, पुस्तक जस्ता तत्सम शब्दहरूको प्रयोग भएको यस कृतिमा स्कुल, क्लास, अधिकार जस्ता आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको छ । कहीँ प्रश्नात्मक वाक्यहरू पनि प्रयोग गरिएको छ । समग्र यसको भाषाशैली हेर्दा सरल, सहज र बोधगम्य पाउन सकिन्छ ।

### ३.३.२.६ केही कविता : केही गीत

श्याम प्रसाद शर्माको **'केही कविता : केही गीत'** नामक बाल साहित्यिक कृति वि.सं. २०४३ मा प्रकाशित कृति हो । यो कृति पहिलो पटक २०४३ मा श्रृङ्खला

प्रकाशनबाट प्रकाशित भएको थियो भने यसको दोस्रो संस्करण २०४७ सालमा सोही प्रकाशनबाट प्रकाशित भएको थियो । यस कृतिमा जम्मा बिस वटा रचनाहरू समाविष्ट छन् । कविता र गीतको मिश्रण भएको यस सङ्ग्रहमा बढी जसो कविता र केही मात्रामा गीतको मिश्रण पाइन्छ । यस सङ्ग्रहका रचनाहरू 'सन्देश', 'कृषि उद्धार', 'यथार्थवाद नै लिऊँ', 'तिमी कतापट्टि', 'खिया लागेको प्रतिज्ञा', 'मङ्सिर', सबै नजाती हुँदैनन्', 'म तिमीलाई ढाँट्दिन', 'मानिसको खोलभित्र', 'सत्यको बाटो', 'यहाँ समाजवाद छ !', 'के फाइदा र ?', 'मनुष्य जुनी', 'नेपालको धन', 'रमाइलो', 'पुरानो साइनो', 'मायालु दिदी', 'तिमीले मलाई सुनायौ गीत बेसरी गाएर', 'ए मेरी बैनी' र 'मायालु तिमी' मध्येमा 'ए मेरी बैनी', 'मायालु दिदी', 'रमाइलो' जस्ता गीतहरू बाल विशेष बाल बालिकाका लागि छ भने अन्य पनि उत्तर बाल्यावस्थाका बाल बालिकालाई काम लाग्ने किसिमका पाइन्छन् ।

(१) **विषयवस्तु**

यो कविता र गीतहरूको सङ्ग्रह **'केही कविता : केही गीत'** नामक कृतिमा शर्माले विविध विषयलाई समेटेका छन् । सामाजिक, नैतिक, वर्गीय, जातीय र हकहितका विषयहरू यस कृतिमा भेट्टाउन सकिन्छ । सामाजिक विषयमा सामन्तवादी समाजको अन्धविश्वासी र रूढिवादी मान्यतालाई यहाँ विषय बनाइएको छ । अहिलेको यो समयमा आएर पनि जात र वर्गका कुरा गर्नु अनि ठुला वर्गले सानो वर्गलाई थिचोमिचो गर्ने चलन र रूढिवादी मान्यताको विरोधलाई यस कृतिमा शर्माले आफ्नो मुख्य विषय बिनाएका छन् ।

(२) **उद्देश्य**

श्याम प्रसादको यो कृतिमा समाजका बन्धन, रूढिवादी मान्यता, संस्कार अनि सामन्तवादको थिचोमिचो विरोध गरिएकाले अहिलेका उत्तर बाल्यावस्थाका बाल बालिकाहरूलाई त्यसको घोर विरोध गर्दै सरल समाजको निर्माण गराउने कार्यमा लागि पर्ने सन्देश दिएका छन् । समाजमा रहेको वर्गीय र जातीय द्वन्द्वको विरोध गर्ने शर्माले आफ्ना रचनाहरूका माध्यमबाट समतामूलक समाज निर्माणमा लाग्नु पर्दछ भन्ने सन्देश दिनु नै उनका रचनाहरूको उद्देश्य हो । विचार पक्षलाई लेखनमा विशेष महत्त्व दिने शर्माका यस कृतिका रचनाहरूमा पनि विचार पक्षलाई नै मूल उद्देश्य बनाएका छन् । त्यसैले त्यस्तो

समाजको नकारात्मक सोचलाई हटाएर उज्वल, उर्वर र समतामूलक समाज निर्माणका लागि सम्पूर्ण बाल बालिकालाई आह्वान गरेका छन् ।

(३) **भाषाशैली**

सरल भाषाशैलीका खानी श्याम प्रसादका यस कृतिका रचनाहरूमा पनि सरल भाषाशैलीको प्रयोग छ । सरल भाषाशैलीमा गहन अभिव्यक्ति बोकेका उनका रचनाहरूको भाव, भाषा र विचारमा सन्तुलन पाइन्छ । सामान्य बोलचालको भाषा प्रयोग गरिएका उनका यी रचनाहरूमा विशिष्ट पदावली र जटिल शब्द भन्दा सरल र बोधगम्य भाषाको प्रयोग बढी भएको छ । उनका यी रचनाहरू प्रथम पुरूष शैली र द्वितीय पुरूष शैली दुवैको प्रयोग गरिएको छ । बढीमा छ र घटीमा नौ अक्षरका हरफ र बढीमा तेत्तिस र घटीमा दस हरफका गद्य कविताहरूका भाषिशैली सरल सहज र बोधगम्य छन् ।

**३.३.२.७ मेरा गीतहरू : तिम्रा स्वरहरू**

श्याम प्रसाद शर्माको **'मेरा गीतहरू : तिम्रा स्वरहरू'** नामक सङ्ग्रह २०५९ र २०६३ मा झुल्का प्रकाशन काठमाडौंबाट प्रकाशित सङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा छ्यालीस वटा रचनाहरू समाविष्ट छन् । यसको प्रथम संस्करणमा चौबिस वटा र दोस्रो संस्करणमा अन्य २२ वटा रचना समावेश छन् । यसका छयालीस वटा रचना मध्येमा 'समाज र सरकाले', 'जीवन रक्षक बनौं', 'केटाकेटीहरू कस्ता हुन्छन्' र 'सन्तानलाई आंशिक' नामक रचना बाल बालिकाबारे र उनीहरूका लागि छन् भने अन्य रचनाहरू पनि उत्तर बाल्यावस्थाका बाल बालिकाका लागि महत्त्वपूर्ण छन् ।

(१) **विषयवस्तु**

विविध विषयमा रचित यस कृतिमा शर्माले सारा देशका जनताका हकहित, अन्याय, अत्याचार, मजदुर वर्ग, महिला, बाल बालिकाबारेका कुरालाई समेटेका छन् । समाजका जातीय र वर्गीय विभेदको विरोध गर्दै अन्याय अत्याचार र थिचोमिचोको विपक्षमा लागेर विरोध गर्नु पर्ने कुराहरू यस कृतिका रचनामा उठाइएको छ । 'समाज र सरकारले' नामक रचनामा समाज र सरकारले बाल बालिकालाई हक अधिकार दिनु पर्दछ भन्ने कुरा उठाइएको छ भने 'केटाकेटीहरू कस्ता हुन्छन् ?' नामक रचनामा शिशुदेखि १६ वर्षसम्मका

केटाकेटीका तन मन धन र स्वभावमा आउने परिवर्तनको चर्चा गरेका छन् । त्यस्तै 'जीवन रक्षक बनौँ' र 'सन्तानलाई आशिक' मा पनि बाल बालिकाप्रतिको आदर र कर्तव्यको कुरा उठाएका छन् र आफ्ना सन्तान असल होऊन् भन्ने विचार शर्माले यसरी व्यक्त गरेका छन् :-

हकको निम्ति जुध्ने गरून्
जित्दै पनि जाउन्
नचाहिने कुरामा
छुट पनि नखोजुन् ।

(शर्मा, २०६३ क : ५)

(२) **उद्देश्य**

शर्माले यस कृतिका माध्यमबाट उत्तर बाल्यावस्थाका बाल बालिकालाई समाजको जातीय, वर्गीय र सामन्ती परम्पराको विरोध गर्ने सन्देश दिएका छन् भने बाल बालिकाबारे लेखिएका उनका रचनामा बालकका आनीबानी र स्वभावका विषयमा चिन्तन गरेका छन् । आफ्ना सन्तानहरू असल विचार र भावनाका होउन् भन्ने कुरामा जोड दिएका छन् । त्यसैले बाल बालिकालाई सधैँ असल कार्य गर्ने र समाज र सिङ्गो राष्ट्रको नकारात्मक सोचको विरोध गर्दै समाजलाई सकारात्मक दिशातर्फ उन्मुख गराउने कुरामा लाग्न आह्वान शर्माले गर्नु नै उनको उद्देश्य हो ।

(३) **भाषाशैली**

**'केही कविता : केही गीत'** नामक सङ्ग्रहमा पनि सरल भाषा शैलीको प्रयोग गरिएको छ । गीत र कविता दुबैमा सरल शब्दहरूको संयोजन गरेर शर्माले यो कृतिको सिर्जना गरेका छन् । बढी मात्रामा तत्भव र केही मात्रामा तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरिएको यस सङ्ग्रहमा लयमा मिठास ल्याउनका लागि त,नि,कि, नै जस्ता निपातहरूको र पद वा पदावलीहरू जोड्नका लागि ठाँउ ठाँउमा संयोजकको पनि प्रयोग गरिएको छ । सरल शब्द बाटै गहन अर्थ बोकेका यस सङ्ग्रहका हरफहरू जटिल नभई सरल र बोधगम्य छन् ।

### ३.३.३ निष्कर्ष

श्याम प्रसाद शर्माका बाल साहित्यिक कृतिहरू मध्येमा प्रौढले बाल बालिकाका लागि वा बाल बालिकाका बारे पढ्ने साहित्यहरू **'बालशिक्षा', 'बहिनीलाई चिठी भाग १', 'बहिनीलाई चिठी भाग २', 'चीनका पुराना नीतिकथाहरू', 'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता', 'केही कविता : केही गीत' र 'मेरा गीतहरू : तिम्रा स्वरहरू'** हुन् ।

यी सबै कृतिहरू प्रौढले बाल बालिकाबारे जान्न बुझ्न र उनीहरूलाई आफूले गर्ने क्रियाकलापबारे जान्न पढ्नु पर्ने कृतिहरू हुन् । **'बालशिक्षा' र 'चीनका पुराना नीतिकथाहरू'** मा अभिभावक र आमाले नै बाल बालिकाको स्वभाव र आचरणमा भूमिका खेलेको हुन्छ भनिएको छ । **'बहिनीलाई चिठी' भाग १ र २** मा सम्पूर्ण बहिनीहरूलाई रूढि, कुरीति र अन्धपरम्परा तोड्दै आफ्नो हक अधिकार खोज्न आह्वान गरिएको छ भने नारी जातिमाथि गर्नु पर्ने व्यवहारको कुरा उठाएर सबैलाई सन्देश दिइएको छ । यसका सबै कुराहरूको सारमा 'बहिनीलाई चिठीको कथा' मा 'लहर' साहित्यिक पत्रिकाको वर्ष १६, अङ्क २८, २०५१ मा आफ्ना भनाइहरू श्याम प्रसादले राखेका छन् । त्यस्तै **'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता'** मा सम्पूर्ण कृति बाल बालिकाबारे अभिभावकले गर्नु पर्ने कर्तव्यको कुरा उठाइएको छ । त्यस्तै **'मेरो गीतहरु : तिम्रा स्वरहरू'** र **'केही कविता : केही गीत'** मा राष्ट्रको सामन्तवादी, वर्गीय र जातीय द्वन्द्वको विरोध गर्दै असल समाज निर्माणमा जुट्न उत्तर बाल्यावस्थाका केटा केटीहरुलाई आह्वान गरिएको छ ।

विविध विषयमा समेटिएका शर्माका यी सम्पूर्ण कृतिहरूमा उनले सामाजिक, नैतिक, व्यावहारिक र स्वभाव सम्बन्धी विषयलाई मुख्य आधार बनाएका छन् । सरल सहज भाषाशैलीमा रचित यी सम्पूर्ण कृतिहरू जो कोहीलाई पनि बोधगम्य छन् साथै केही व्याकरणिक त्रुटिहरू देखिए पनि विषय चयन र उद्देश्यका दृष्टिले सम्पूर्ण कृति उत्कृष्ट छन् साथै उत्तर बाल्यावस्थादेखि अभिभावकसम्मलाई ज्ञानवर्द्धक, उद्देश्यमूल र जानकारीमूलक छन् ।

## ३.४ निष्कर्ष

बाल साहित्यकार श्याम प्रसाद शर्मा बाल साहित्यका क्षेत्रमा अग्रणी व्यक्तित्व हुन् । वि.सं. २००७ देखि बाल साहित्य लेखनमा लागेका शर्माले प्रौढ साहित्य जस्तै बाल साहित्यमा पनि रूप वा सीप र विचार वा विषयवस्तु दुवै महत्त्वपूर्ण भए पनि प्रमुख चाहिँ विचार पक्ष नै मानेका छन् । यसरी बाल साहित्यमा लागेका शर्माले गद्य र पद्य दुवै विधातर्फ कृति रचना गरेका छन् ।

बाल साहित्यक कृतिहरू मध्ये उनका गद्य र पद्यमा पद्य साहित्य मात्र बाल बालिकाले नै पढ्ने भएकाले गर्दा यस परिच्छेदमा तिनै चार वटा बालगीत सङ्ग्रहहरूको मात्र गहन विश्लेषण यस गरिएको छ भने अन्य कृतिहरूको विषयवस्तु, उद्देश्य र भाषा शैलीका आधारमा सामान्य अध्ययन गरिएको छ । उनका चार वटा बालगीत सङ्ग्रहहरूमा विविध विषयलाई समेटेर बाल बालिकाका लागि सूचनामूलक र ज्ञानबर्द्धक बनाइएको छ ।

उनको पहिलो बालगीत सङ्ग्रहमा १५ वटा गीतहरू सङ्कलित छन् । ती सामाजिक, नैतिक, स्वभाव सम्बन्धी विषयमा समेटिएका छन् । २४ वटा गीतहरूको सङ्कलन भएको तेस्रो सङ्ग्रह **'हाम्रो इच्छा'** मा पनि सामाजिक, व्यावहारिक, स्वास्थ्य, खेलकुद, वातावरण र हकहितको विषयलाई समेटेर सबै उमेर समूहलाई अनुकूल सरल सहज भाषाशैलीको प्रयोग गरिएको छ । शर्माको चौथो बालगीत सङ्ग्रह **'राम्रो-नराम्रो'** मा भने असल र खराब बानीहरूलाई राम्रो र नराम्रो भनी छुट्याएर बाल बालिकालाई असल बन्ने प्रेरणा प्रदान गरेका छन् ।

त्यसैले श्याम प्रसाद शर्माको यी चार वटा बालगीतहरू कल्पना, विम्ब प्रतीक र भावका दृष्टिमा अलि कमजोर देखिए पनि भाषा, विषय, सङ्गीत र संरचनाका दृष्टिमा उत्कृष्ट छन् साथै केटाकेटीका लागि महत्त्वपूर्ण छन् ।

# परिच्छेद चार

# नेपाली बाल साहित्यमा योगदान

श्याम प्रसाद शर्मा नेपाली बाल साहित्यका क्षेत्रमा एक अग्रणी व्यक्तित्व हुन् । बहुमुखी प्रतिभाका धनी श्याम प्रसाद शर्मा अन्य क्षेत्रमा र अन्य साहित्यमा बाहेक बाल साहित्यका क्षेत्रमा पनि सधैँ सक्रिय देखिन्छन् । वि.सं. २००१ बाट औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका शर्माको २००७ मा प्रकाशित **'बालशिक्षा'** नामक सानो पुस्तिका नै पहिलो बाल साहित्यिक रचना हो । त्यसपछि शर्माका एकपछि अर्को गर्दै बाल साहित्यिक कृतिहरू प्रकाशित हुँदै गए । त्यसरी क्रमशः प्रकाशित हुँदै जाने क्रममा शर्माका लगभग एक दर्जन बाल साहित्यिक कृतिहरू प्रकाशित भएका छन् ।

यस शोधकार्यको मुख्य उद्देश्य नेपाली बाल साहित्यकार श्याम प्रसाद शर्माको बाल साहित्यमा योगदान केलाउनु हो । अन्य साहित्यभन्दा अलि पछाडि परेको बाल साहित्यका क्षेत्रमा विभिन्न कृतिहरूका माध्यमबाट शर्माले योगदान पुऱ्याइ रहे । त्यसैले यहाँ शर्माले बाल साहित्यका क्षेत्रमा पुऱ्याएका योगदानहरूलाई केलाउने जमर्को गरिएको छ । हुनत शर्माद्वारा बाल साहित्यमा योगदान विभिन्न क्षेत्रबाट भएको होला तापनि मुख्य मुख्य योगदानलाई यहाँ छुट्टा छुट्टै उप शीर्षकहरूमा चर्चा गरिएको छ :-

## ४.१ विधागत योगदान

बाल साहित्यकार श्याम प्रसाद शर्मा गद्य र पद्य दुवै विधाका साहित्यकार हुन् । बाल साहित्यका क्षेत्रमा पनि उनले दुवै विधामा योगदान पुऱ्याएका छन् । वि.सं. २००७ को **'बालशिक्षा'** नामक पुस्तिका प्रकाशित गरेर (अधिकारी, २०६९क : ४९) बाल साहित्यमा प्रवेश गरेका शर्माको पहिलो बाल साहित्यक रचना गद्य विधाकै हो । यसरी गद्य विधाबाट बाल साहित्य रचना गर्न थालेका शर्माका एकपछि अर्को गर्दै दुवै विधामा रचनाहरू प्रकाशित भइ रहे । वि.सं. २००७ देखि हालसम्मको ६ दशकजतिको लामो समयमा शर्माले एक दर्जन जति बाल साहित्यक रचनाहरू प्रकाशित गरेर बाल साहित्यका क्षेत्रमा शर्माले योगदान गरेको पाइन्छ ।

शर्माले बाल साहित्यका क्षेत्रमा रचना गरेका दुवै विधाका कृतिहरूलाई हेर्दा उनको गद्य विधातर्फ **'बालशिक्षा'** (२००७) पहिलो रचना अन्तर्गत पर्न आउँछ । त्यसपछिका उनका

रचनाहरूमा **'बहिनीलाई चिठी भाग-१'** (२००८, **'बहिनीलाई चिठी भाग-२'** (२०१२) **'चीनका पुराना नीतिकथाहरू'** (अनुवाद २०२४), **'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता'** (२०४७) हुन् ।

त्यस्तै शर्माका पद्य विधातर्फका बाल साहित्यिक रचनाहरू **'केही कविता : केही गीत'** (२०४३), **'मेरी सानी साथी'** (२०४३), **'हामी हुन्छौँ बलियो'** (२०५२), **'हाम्रो इच्छा'** (२०५६), **'मेरा गीतहरू : तिम्रा स्वरहरू'** (२०६१) र **'राम्रो-नराम्रो'** (२०६६) हुन् ।

शर्माले गद्य र पद्य दुवै विधामा कलम चलाएर बाल साहित्यका क्षेत्रलाई फराकिलो बनाएका छन् । हुन त बाल साहित्य भनेको बाल बालिकाका लागि रचिएको उनीहरूले पढ्ने साहित्य हो तापनि त्यति मात्र नभएर बाल साहित्य भनेर ठुलाले केटाकेटीका बारेमा पढ्ने, केटाकेटीका बारेमा लेखिएको र उनीहरूलाई काम लाग्ने जुनसुकै साहित्यलाई पनि बाल साहित्य नै भन्दै आइएको छ । शर्माका रचना पनि बाल बालिकाले पढ्ने साहित्यका रूपमा पद्य विधामा मात्र छन् भने गद्य विधामा ठुलाले केटाकेटीका बारे लेखेको र पढ्नु पर्ने साहित्य मात्र पर्दछन् । शर्माका पद्य विधा अन्तर्गत पनि **'मेरी सानी साथी'**, **'हामी हुन्छौँ बलियो'**, **'हाम्रो इच्छा'** र **'राम्रो नराम्रो'** मात्र बाल बालिकाले नै पढ्ने खालका कृतिहरू हुन् भने अन्य सबै ठुलाले बाल बालिकाका लागि पढ्नु पर्ने साहित्य हुन् ।

यी सम्पूर्ण गद्य र पद्य विधाका माध्यमबाट शर्माले एकातिर अभिभावक वा संरक्षकले बाल बालिकालाई कस्तो व्यवहार गर्ने, कस्तो शिक्षा दिने, समयानुकूल शिक्षा दिन के गर्ने र असल मान्छे बनाउन कस्ता कदम चाल्नु पर्ने भन्ने कुराको अवगत गराएका छन् भने अर्कातिर बाल बालिकालाई मनोरञ्जनका साथै आफूले गर्नु पर्ने असल बानी व्यवहारदेखि शिक्षा, स्वास्थ्य लगायत विविध कुराको जानकारी दिएका छन् । शर्माका गद्य र पद्य विधाका बाल साहित्य अन्तर्गत पनि कथा, कविता, निबन्ध, प्रबन्ध, गीत जस्ता विधाहरू पर्दछन् । यसरी शर्माले बाल साहित्यमा एक मात्र होइन गद्य र पद्य दुवै विधाका माध्यमबाट महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

### ४.२ कृतिगत योगदान

बाल साहित्यकार श्याम प्रसाद शर्माका बाल साहित्यमा योगदानको आँकलन गर्दा कृतिगत योगदानलाई पनि प्रमुख रूपमा मान्न सकिन्छ । साहित्यका अन्य विधाभन्दा धेरै

पछाडि देखा परेको बाल साहित्यमा कृति प्रकाशन पनि ढिलै भएको हो । बाल साहित्य भनेर औपचारिक रूपमा पहिलो प्रकाशित कृति जय पृथ्वी ब. सिंहको १९५८ मा प्रकाशित **'अक्षराङ्क शिक्षा'** नै हो (गिरी २०६१:९) । उनकै पृष्ठभूमिमा सुरु भएको बाल साहित्यको क्षेत्र अगाडि बढ्दै गयो । यही क्रममा श्याम प्रसादका रचनाहरूले पनि बाल साहित्यलाई अगाडि बढाउन मद्दत गरेका छन् ।

बाल साहित्यको प्रकाशन नियमित रूपले भइ रहनु पर्दछ र बाल पुस्तकालयहरू पनि बनाउँदै जानु पर्छ (शर्मा, २०४०:३६) भन्ने शर्माको पहिलो बाल साहित्यिक रचना **'बालशिक्षा'** (२००७) हो । त्यसपछिका उनका अन्य बाल साहित्यिक कृतिहरूमा **'बहिनीलाई चिठी भाग १'**, **'बहिनीलाई चिठी भाग २'**, **'चीनका पुराना नीतिकथाहरू'**, **'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता'**, **'केही गति : केही कविता'**, **'तिम्रा स्वरहरू : मेरा गीतहरू'**, **'मेरी सानी साथी'**, **'हामी हुन्छौँ बलियो'**, **'हाम्रो इच्छा'** र **'राम्रो-नराम्रो'** हुन् । शर्माका यी सबै कृतिले आआफ्नै तर्फबाट बाल साहित्यका विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

शर्माको सबैभन्दा पहिलो कृति **'बालशिक्षा'** हो । यसमा शर्माले बाल बालिकाहरूलाई सदाचारी, कर्तव्य परायण, वीर, महापुरूष बनाउने वा चोर फटाहा बनाउने भन्ने कुरामा आमाको विशेष भूमिका रहेको हुन्छ साथै घरमा र विद्यालयमा समेत उचित संरक्षण र हेरविचारको खाँचो हुन्छ भन्ने कुराको सन्देश दिएका छन् (गिरी, २०६९ख : १०) । यसबाट शर्माले सानैदेखि बाल बालिकालाई कस्तो व्यवहार गर्ने भन्ने कुराको ज्ञान दिएका छन् ।

शर्माको बाल साहित्यको अर्को कृति **'बहिनीलाई चिठी भाग १'** हो र त्यसैको अर्को भाग **'बहिनीलाई चिठी भाग २'** हो । यी कृतिहरू क्रमशः २००८ र २०१२ मा प्रकाशित भएका छन् । यी कृतिहरूलाई निबन्ध भनेर पत्रात्मक निबन्धका स्थानमा पनि राखिएको छ (कार्की, २०७० : ५४) भने पत्र शैलीमा रचना गरिएको हुनाले पत्र साहित्य अन्तर्गत पनि समेटिएको छ । उमेरगत हिसाबले उत्तर बाल्यावस्थाका बहिनीहरूलाई सम्बोधन गरेर रचना गरिएकाले पनि यी दुई कृतिहरूलाई बाल साहित्यका स्थानमा राखिएको हो । **'बहिनीलाई चिठी भाग १'** मा वि.सं. २००७ चैत्र १७ देखि २००८ पुस २५ सम्म काठमाडौं, वीरगञ्ज र पर्साबाट लेखिएका चिठीहरू पर्दछन् । यस कृतिमा जम्मा नौ वटा पत्रहरू समावेश गरिएका छन् ।

यस कृतिका माध्यमबाट शर्माले तत्कालीन नेपाली नारीले भोग्न, झेल्न र खेप्न परेका बाधा, अड्चन, दुखेसा, रुढि र कुरीतिलाई तहसनहस पार्दै पिछडिएका समाजबाट प्रत्येक बहिनीलाई उठ्न आह्वान गरेका छन् (अधिकारी, २०६६क : २४४) । त्यस्तै **'बहिनीलाई चिठी भाग २'** नामक कृतिमा वि.सं. २००७ बैशाख १३ देखि २००९ चैत्र १ सम्मका पत्रहरू समावेश गरिएका छन् । यस भित्र जम्मा ७ वटा ससाना पत्रात्मक लेखहरू समावेश छन् । यस कृतिका माध्यमबाट शर्माले प्रत्येक बहिनीहरूलाई कार्य क्षेत्रमा अगाडि बढ्न आह्वान गरेका छन् । यसमा शर्माले अझ बाल्यावस्थाका बहिनीहरूलाई हकहितका पक्षमा विचार पुऱ्याएर अरु समान जीवन जिउने शिक्षा पनि दिएका छन् ।

शर्माको अर्को कृति **'चीनका पुराना नीतिकथा'** पनि बाल साहित्यका क्षेत्रमा वि.सं. २०२४ मा अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गरिएको कृति हो । यसमा शर्माले चीनका कथाहरूको अनुवाद गरेर नैतिक उपदेश दिएका छन् । यो बाल साहित्यका परम्परामा अनुवाद लेखनको थालनी पनि हो । शर्माको यस कृतिले नेपाली बाल साहित्यको विकासका साथै अन्तर्राष्ट्रिय ज्ञानले बाल बालिकालाई शिक्षित बनाउने प्रयत्न गरेको छ (पोखरेल, २०७०:२७६) । यस कृतिले बाल साहित्यमा नेपाली बाल बालिकाको मात्र नभएर अन्य देशका बाल बालिकाका कथा समेत थाहा पाउने अवसर प्रदान गरेकाले यो बाल साहित्यका क्षेत्रमा अर्को उपलब्धी हो भन्न सकिन्छ ।

शर्माको अर्को बाल साहित्यिक कृति **'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता'** हो । यो शर्माको वि.सं. २०४७ मा प्रकाशित कृति हो । यस कृतिभित्र ससाना ३३ वटा लेखहरू समाविष्ट छन् (शर्मा, २०४७ : छ) । यी लेखहरूका माध्यमबाट शर्माले प्रत्येक अभिभावकले बाल बालिकाहरूको बसउठ, हिँड्डुल, खानपान, स्वास्थ्य, खेलकुद आदि ससाना सबै कुरामा हरेक समयमा कति विचार पुऱ्याउनु पर्दछ भन्ने कुरा उल्लेख गरेका छन् । बाल बालिकालाई हुर्काउने, बढाउने, खेलाउने र पढाउने जस्ता व्यवहारका कुरालाई शर्माले यस कृतिमा सामान्य किसिमले व्यक्त गरेका छन् (प्रधान, २०४७ : घ) । यो कृतिमा साँझ बिहानका जीवनमा सबै वर्ग, तह र उमेरका व्यक्तिहरूका लागि उपयोगी सामग्री दिनु नै यो कृति अर्थात् शर्माको महत्त्वपूर्ण गुण हो (सुवेदी, २०५३:७) ।

शर्माका बाल साहित्यिक कृतिहरू अन्तर्गत चार वटा कृतिहरू पनि छन् । उनका पद्यात्मक कृतिहरू अन्तर्गत चार वटा बालगीत सङ्ग्रहहरू पर्दछन् । उनका यी कृतिहरू

बाल बालिका आफैँले पढ्ने र ठुलाले रचना गरेका कृतिहरू हुन् । यी कृतिहरूले बाल साहित्यिक गीत विधाका विकासमा महत्त्वपूर्ण स्थान ओगटेका छन् । बाल बालिकालाई मनोरञ्जनात्मक तरिकाले यी गीतहरूले बाल स्वभाव, शिक्षा, स्वास्थ्य, सामाजिक क्रियाकलाप, खेलकुद र हकहित साथै विभिन्न विषयमा शिक्षा दिएका छन् । बाल बालिकालाई मनोरञ्जन दिने मात्र हैन सबै उमेरका बाल बालिकालाई शिक्षा प्रदान गर्ने कार्य यी कृतिहरूले गरेका छन् ।

शर्माका चार बालगीत सङ्ग्रहमा पहिलो कृति **'मेरी सानी साथी'** (२०४३) हो । यस सङ्ग्रहमा शर्माले केटाकेटीलाई स्वास्थ्य खेलकुद, सामाजिक, नैतिक र बाल स्वभावसँग सम्बन्धित असल शिक्षा दिएका छन् । शर्मा भूमिगत अवस्थामा पनि केटाकेटीसँग मिल्ने, खेल्ने र बस्ने हुनाले (शर्मा, २०४७:३७) उनीहरूको स्वभाव र रूचि अनुकूल यो कृतिका गीतहरूको रचना गरेको मान्न सकिन्छ ।

शर्माको दोस्रो बालगीत सङ्ग्रह **'हामी हुन्छौँ बलियो'** (२०५२) हो । यस कृतिका सम्पूर्ण रचनाहरू स्वास्थ्यसँग सम्बन्धित जानकारीमूलक छन् । हुन त उनी प्रगतिवादी साहित्यकार भएर पनि होला उनका सबै कृतिहरू प्रगतिवादोन्मुख जस्ता नै देखिन्छन् । शर्माले केटाकेटीहरूलाई सानैदेखि शारीरिक र मानसिक रूपमा स्वस्थ बनाउने उद्देश्यले यो **'हामी हुन्छौँ बलियो'** बालगीत सङ्ग्रहको रचना गरेर बाल साहित्यका क्षेत्रमा थप योगदान पुऱ्याएका छन् । शर्माको तेस्रो बालगीत सङ्ग्रह **'हाम्रो इच्छा'** (२०५६) हो । ३० वटा छुट्टा छुट्टै शीर्षकका गीतहरू समाविष्ट भएका शर्माको यो कृतिले बाल बालिकालाई विविध विषयको ज्ञान दिन सक्षम छ । साना भर्खर खेल्न र हिँड्न थालेका नानीहरूदेखि पढ्न थालि सकेका केटाकेटीहरूलाई यस कृतिले मनोरञ्जनात्मक तरिकाले शिक्षा प्रदान गरेको पाइन्छ । बाल साहित्यका क्षेत्रमा शर्माको यो कृति अर्को महत्त्वपूर्ण देन हो । शर्माको चौथो बालगीत सङ्ग्रह **'राम्रो-नराम्रो'** (२०६६) हो । यसमा जम्मा नौ वटा छुट्टा छुट्टै शीर्षकका गीतहरू छन् । यी नौ वटा रचनाहरूका माध्यमबाट शर्माले कस्तो बानी राम्रो र कस्ता बानी नराम्रो भन्ने कुराको अवगत गराएका छन् । यो कृति पढेर बाल बालिकाले आफ्ना नराम्रा बानीहरू त्यागेर राम्रो बानीहरू सिक्दछन् । विविध विषयमा रचिएका शर्माका यी कृतिहरूले नैतिक, व्यावहारिक सन्देश साथै स्वास्थ्यसँग सम्बन्धित जानकारीमूलक शिक्षा दिएर बाल साहित्यमा विशेष महत्त्वपूर्ण योगदान गरेका छन् साथै बाल बालिकालाई आफ्नो जन्मसिद्ध अधिकार

'बाल अधिकार' बारे पनि जानकारी गराउन खोज्दै (अधिकारी, २०६६क : ४५४) समयानुकूल अगाडि बढ्ने कुरामा जोड दिएका छन् । यसरी शर्माका यी कृतिहरूले बाल साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिन सफल छन् ।

शर्माका बाल साहित्य अन्तर्गत पद्यात्मक कृतिहरू यति मात्र होइनन् । उनको बाल साहित्यमा कृतिगत योगदानलाई हेर्दा **'केही कविता : केही गीत'** र **'मेरा गीतहरू : तिम्रा स्वरहरू'** पनि पर्न आउँछन् । शर्माका **'केही कविता : केही गीत'** नामक कृतिमा गीत र कविता गरेर जम्मा २० वटा रचनाहरू समाविष्ट छन् । ती बिस वटा रचनाहरू सबै बाल साहित्य अन्तर्गत पर्दैनन् । त्यस कृतिका केही रचना मात्र उत्तर बाल्यावस्थाका केटाकेटीका लागि रचित छन् । यस कृतिका बाल साहित्यिक रचनाहरू 'ए मेरी बैनी', 'मायालु दिदी', 'रमाइलो' आदि पर्दछन् भने यसका प्रायः रचनाहरू जनवादी चेतनाले युक्त छन् (न्यौपाने, २०६१:६८) । शर्माको अर्को कृति **'मेरा गीतहरू : तिम्रा स्वरहरू'** मा जम्मा छयालिस वटा रचनाहरू छन् । यी रचनाहरू पनि सबै बाल साहित्य अन्तर्गत नपरेर केहीलाई मात्र बाल साहित्यका स्थानमा राख्न सकिन्छ ।

यसरी शर्माका समग्र बाल साहित्यिक कृतिहरूका अध्ययनबाट के देखिन्छ भने प्रगतिवादी साहित्यले त्यति राम्रो ठाउँ नलिएको बाल साहित्यका क्षेत्रमा केटाकेटीलाई संक्षिप्त, सरल र स्पष्ट रूपबाट बाल व्यक्तित्वका सकारात्मक विकासतर्फ जोड दिन शर्माले प्रगतिवादी चिन्तनलाई समेत अङ्गिकार गरेर आफ्ना असल विचार दिने प्रयत्न गरेका छन् । सबै उमेरका बाल बालिका र अभिभावक समेतलाई समेटेर शिक्षा दिने शर्माका यी बाल साहित्यिक कृतिहरू बाल साहित्यका क्षेत्रमा सिर्जनात्मक र सैद्धान्तिक रूपबाट उत्कृष्ट योगदान दिन सफल छन् ।

### ४.३ विषयगत योगदान

कुनै पनि कृतिको रचना गर्दा कुनै एक वा विविध विषयलाई आधार मानेर रचना गरिएको पाइन्छ । विषयमा विविधता नै कुनै पनि रचनाको मुख्य विशेषता पनि हो । बाल साहित्यका क्षेत्रमा पनि एक मात्र विषय नभई विविध विषय समेटेर कृतिहरूको रचना गरिएको हुन्छ । ती विविध विषयहरू आआफ्नै ठाउँमा महत्त्वपूर्ण हुन्छन् साथै बाल बालिकालाई विविध विषयको ज्ञान पनि दिइ रहेका हुन्छन् । बाल साहित्यकार श्याम प्रसाद

शर्माका बाल साहित्यिक रचनाहरू पनि विविध विषयमा आधारित छन् । भूमिगत अवस्थामा रहँदा पनि बाल बालिकासँग घुलमिल हुने, खेल्ने र उनीहरूलाई नै साथी बनाउने (शर्मा, २०४७:३७) शर्माले बाल बालिकाका विचार बुझ्रेर त्यही अनुसारको विषयवस्तुमा बाल साहित्यिक कृतिहरूको रचना गरेका पाइन्छ । विभिन्न घरका नानीहरूलाई बोक्दै र हुर्काउँदै आएका शर्माले (प्रकाशक, २०४७ : च) रचना गरेका बाल साहित्यहरू बालोपयोगी विचारसँग नै सम्बन्धित छन् । शर्माका प्रायः बाल साहित्यिक रचनाहरू सामाजिक, व्यावहारिक, नैतिक, शिक्षा सम्बन्धी, स्वास्थ्य, खेलकुद, वातावरण, बालस्वभाव र हकहितसँग सम्बन्धित विषयमा आधारित छन् ।

शर्माका सामीजक विषयमा आधारित कृतिहरूले समाजका घटना, समाजमा बाल बालिकाले गर्नु पर्ने क्रियाकलाप र समाजले बाल बालिकालाई गर्नु पर्ने व्यवहारको ज्ञान दिन्छन् । शर्माका बालगीत सङ्ग्रहहरू **'मेरी सानी साथी'** र **'हाम्रो इच्छा'** का केही गीतहरूले सामाजिक क्रियाकलापको विषयमा ज्ञान दिएका छन् । समाजमा सभ्य र शिष्ट व्यवहार गर्नु पर्दछ भन्ने ज्ञान यी गीतहरूका माध्यमबाट बाल बालिकाले पाउँछन् ।

जस्तै,

मिजासिलो मान्छेलाई
असल भन्दछन्,
त्यस्तालाई धेरैले
माया गर्दछन् ।

(शर्मा, २०५६ : ७)

यस गीतांशमा मिजासिलो मान्छेलाई समाजमा सबैले असल भन्दछन् र माया गर्दछन् भन्दै शर्माले समाजकै प्यारो बन्न केटकेटीहरूलाई आग्रह गरेका छन् ।

त्यस्तै शर्माको अर्को कृति **'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता'** पनि सामाजिक विषयमा आधारित पुस्तिका मानिन्छ । विविध विषयमा रचित यस कृतिका धेरैजसो लेखहरू सामाजिक विषयमा आधारित छन् । बाल बालिकालाई समाजले कसरी हेन पर्दछ र बाल बालिकाका लागि के गर्नु पर्दछ जस्ता कुराहरू यसमा शर्माले समेटेका छन् । जस्तै : "कमिटी भएका ठाउँमा कमिटी र नभएका ठाउँमा व्यक्ति मार्फत भए पनि यस विषयमा हामीले दृष्टि पुऱ्याउन सक्नु पर्दछ" (शर्मा, २०४७ : १३) ।

शर्माका सामाजिक विषयका साहित्य अन्तर्गत **'बहिनीलाई चिठी भाग १ र २'** पनि पर्दछन् । यी कृतिहरूमा पनि बहिनीलाई सम्बोधन गर्दै समाजले बाल बालिका, त्यसमा पनि विशेष बहिनीलाई हेर्ने दृष्टिकोणका कुराहरू उठाइएका छन् ।

विषयमा विविधता पाइने शर्माका कृतिहरूबाट उनले बाल साहित्यका क्षेत्रमा नैतिक शिक्षा दिने रचनाहरूका माध्यमबाट पनि योगदान पुऱ्याएका छन् । उनका नैतिक शिक्षा दिने कृतिले बाल बालिका र अभिभावक दुवैलाई नीति उपदेश र अन्य विविध शिक्षा दिएको पाइन्छ । शर्माको **'चीनका पुराना नीतिकथाहरू'** नामक गद्यात्मक कृति नैतिक शिक्षा दिने कृतिका स्थानमा पर्दछ । वि.सं. २०२४ मा अनुवाद गरिएको यस कृतिबाट शर्माले नैतिक उपदेश दिएका छन् ।

विविध विषयलाई साहित्यमा ढाल्ने शर्माले व्यावहारिक विषयलाई पनि समेटेका छन् । शर्माले बाल साहित्यका क्षेत्रमा व्यावहारिक विषयमा आधारित कृतिको योगदान दिने क्रममा **'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता'** लाई समेट्न सकिन्छ । यस कृतिका धेरै जसो लेखहरूले अभिभावकहरू र संरक्षकहरूलाई समेत बाल बालिकाका लागि गर्नु पर्ने व्यवहार र क्रियाकलापका बारेमा सन्देश दिदै भनेका छन् :-

*बालक बुझ्दैन भनेर उसको अगाडि समेत आमाबाबुले बाभ्न अनकनाउँदैनन् तर सबै कुराकानी नबुझेपनि कुरा गराइको छाँट र हाउभाउबाट यो रिसको कुरा, यो खुसीको कुरा अथवा यो शोकको कुरा हो भनी बालकले थाहा पाइहाल्छ ।*

(शर्मा, २०४७ : ७३)

त्यसैले यस पुस्तिकामा शर्माले बाल बालिकामा हिँड्डुल, खेलकुद, स्वास्थ, बानी, व्यवहार जस्ता कुरामा परिवारले सधैँ सजग रहनु पर्ने कुराहरू औँल्याएका छन् (गिरी, २०६९:१०) । व्यावहारिक ज्ञान दिने उनको पहिलो रचना **'बालशिक्षा'** लाई मानिन्छ । यस कृतिमा बालकको आनीबानी राम्रो हुने या चोर फटाहा हुने कुरामा आमाको ठुलो भूमिका रहेको हुन्छ (गिरी, २०६९ख : १०) भनिएको छ । त्यसैले शर्माका बाल साहित्यमा विषयगत योगदानलाई हेर्दा व्यावहारिक योगदान पनि महत्त्वपूर्ण नै हुन आउँछ ।

शर्माका बाल साहित्यमा विषयगत विविधिता अन्तर्गत स्वस्थ्य सम्बन्धी विषय पनि अघिल्लो स्थानमा नै पर्न आउँछ । उनका धेरै जसो बाल साहित्यिक कृतिहरू स्वास्थ्य

सम्बन्धी विषयका कुराहरू समेटेर रचना गरिएका छन् । त्यसमा पनि शर्माको बालगीत सङ्ग्रह **'हामी हुन्छौँ बलियो'** यसको उदाहरण नै हो । के खाँदा राम्रो हुन्छ, कुन खानेकुरामा कुन भिटामिन पाइन्छ, कुन भिटामिनले कुन रोगसँग लड्न मद्दत गर्दछ र सधैँ स्वस्थ रहन हामीले के उपाय गर्नु पर्दछ भन्ने कुरालाई मनोरञ्जनात्मक तरिकाले समेटेर जानकारी दिन शर्माले यस कृतिका माध्यमबाट खोजेका छन् । उनले स्वास्थ्य सम्बन्धी यस्ता कुराहरू आफ्ना रचनामा समेट्दा अनुभवी डाक्टरसँग परामर्श लिएर मात्र समेटेर कृति प्रकाशन गरेको कुरा व्यक्त गरेका छन् (गिरी, २०६९क : १५) । त्यसैले शर्माका बाल साहित्यमा विषयगत योगदानलाई पनि प्रमुख नै मानिन्छ ।

जस्तै, 'बी' ले पेट ठीक राख्छ
भोक जगाउँछ ।
कलेजो र मिर्गौला
मुटु दरो पार्छ ।
(शर्मा, २०५२ : ११)

शर्माका बाल साहित्यमा विषयगत योगदानलाई केलाउँदै जाँदा बाल स्वभाव सम्बन्धी विषय पनि पर्न आउँछ । शर्माका दुई वटा बालगीत सङ्ग्रह **'मेरी सानी साथी'** र **'हाम्रो इच्छा'** बाल स्वभावसँग सम्बन्धित रचना पनि समेटिएका कृति हुन् । यी रचनाहरूले बाल बालिकाहरू के गर्न रुचाउँछन्, उनीहरूको स्वभाव कस्तो हुन्छ र कस्तो स्वभाव असल हो भन्ने कुराहरू समेटेका छन् । उनको अर्को बालगीत सङ्ग्रह **'राम्रो नराम्रो'** त झन पूरै बाल स्वभावका राम्रा र नराम्रा पक्षहरूका विषयलाई समेटिएको छ । यस्ता विषयले बाल बालिकामा असल चरित्र निर्माण गर्ने प्रेरणा प्रदान गर्दछन् । त्यसका केही नमुना यस्ता छन्:-

(क) सबै काम आफैँ गर्ने
सघाउने पनि,
मान्छे भने साह्रै सानी
कस्तो राम्री बानी ।
(शर्मा, २०५६ : २)

(ख) पाठ पढ्ने, बुझ्न खोज्ने
घोक्ने बानी राम्रो,
पढ्दा मन अन्त लाने
गफ गर्ने नराम्रो ।
(शर्मा, २०५६ : ९)

शर्माले बाल बालिकाको सङ्गतमा जाँदा उनीहरूमा पाएका असल र खराब गुणहरूको विचार गरेर तिनै कुरालाई गीतमा समेटेका छन् ।

शर्माले बाल साहित्यका क्षेत्रमा बाल बालिकाका हकहितलाई पनि ध्यानमा राखेर कृति सिर्जना गरेका छन् । बालगीत सङ्ग्रह **'हाम्रो इच्छा'** का केही गीतहरूमा बाल बालिकाका हकहितका कुरा उठाइएका छन् भने **'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता'** मा पनि हकहितका विषयमा कुरा उठाइएका छन् । बाल बालिकालाई उनीहरूको जन्मसिद्ध अधिकार बाल अधिकार संसार भरका धनी, गरिब सबैले पाउनु पर्दछ, बाल शोषण गर्न हुँदैन र समाज र सरकारले बाल बालिकाका निम्ति केही गर्नु पर्दछ जस्ता कुरा यी कृतिहरूमा उठाइएका छन् । त्यसको केही अंश यस्तो रहेको छ :-

> *समाजमा धनी-गरिब जस्तो ठूलो आर्थिक फाटो छ भन्दैमा आफ्नो सन्तानप्रतिको माया कुनै वर्गको पनि घटीबढी हुँदैन, त्यसैले अन्तर्राष्ट्रिय बाल दिवसलाई वर्गीय पर्व नमानेर संसारभरीका बालकहरूको साझा हितप्रति सजगताको रूपमा लिइन्छ हाम्रो मुलकुमा पनि यो दिवस यस्तै दृष्टिकोणबाट प्रेरित भएर मनाइनु पर्दछ। ।*
>
> *(शर्मा, २०४७ : ५)*

शर्माले **'बहिनीलाई चिठी भाग १ र २'** मा पनि बहिनीलाई सम्बोधन गरेर आफ्नो हकहितको विषयमा उठ्न सल्लाह दिएका छन् । त्यसैले शर्मा आफ्ना बाल साहित्यिक कृतिबाट हकहितका विषयमा पनि बाल बालिकालाई ज्ञान दिँदै आफ्नो अधिकारका लागि जुटेर लड्न आह्वान गरेका छन् । यो पनि बाल साहित्यका लागि शर्माले दिएको ठुलो उपलब्धी नै मान्न सकिन्छ ।

यसरी बहुमुखी प्रतिभाका धनी श्याम प्रसाद शर्माले बाल साहित्यका क्षेत्रमा विविध विषयलाई समेट्ने र जस्तोसुकै विषयलाई पनि सजिलै साहित्यमा प्रवेश गराउने गरेको पाइन्छ । बाल साहित्यमा सामाजिक, व्यावहारिक, नैतिक, स्वास्थ्य, बाल स्वभाव र हकहितदेखि बाहेक खेलकुद, वातावरण, पढाई लेखाई आदि विषयलाई पनि शर्माले आफ्ना कृतिमा समेटेका छन् । शर्माका यी विविध विषयका कृतिहरूले मनोरञ्जन दिने मात्र होइन कि बाल बालिकालाई असल व्यवहार, विचार र ज्ञान पनि प्रदान गरेका छन् । त्यसैले श्याम

प्रसाद शर्माले बाल साहित्यका क्षेत्रमा विविध विषयमा कृतिहरू रचना गरेर विषयगत रूपमा बाल साहित्यको क्षेत्र फराकिलो बनाएका छन् ।

## ४.४ प्रवृत्तिगत योगदान

बाल साहित्यका क्षेत्रमा श्याम प्रसादका योगदानलाई केलाउँदा प्रवृत्तिगत योगदानलाई पनि कम आँक्न मिल्दैन । प्रगतिवादी साहित्यकार तथा प्रगतिशील लेखक सङ्घका संस्थापक अध्यक्ष समेत भएका शर्माका बाल साहित्यिक प्रवृत्ति पनि प्रगतिवाद नै हो । "आफ्नो उद्देश्यबाट अलिकति पनि विचलित नभई नेपाल र संसारकै जनताको काम कुरामा केही न केही योगदान गरि रहन सकूँ" (दुवाल, २०६५:१५) भन्न रुचाउने साहित्यिक व्यक्तित्व श्याम प्रसाद हुन् । त्यही भएर त उनको विचार सधैँ प्रगतिवाद तर्फ नै गइ रह्यो । उनी साहित्यमा विचार पक्षमा जोड दिने भएर पनि होला उनका साहित्य रचनामा सधैँ प्रगतिवादी विचारधारा नै भेटिन्छ । बाल बालिकालाई शारीरिक र मानसिक रूपमा स्वस्थ बनाउनु पर्दछ साथै उनीहरूलाई विज्ञान सम्मत समाजतर्फ उन्मुख गराउनु पर्छ भन्ने विचार श्याम प्रसादका कृतिहरूमा भेटिन्छ ।

शर्माले आफ्ना कुराहरू सरल सहज तरिकाले जनता माझ पुऱ्याए । थोरैमा धेरै भन्न चाहने शर्माका सबै कृतिहरू छोटा र साना तर विषय गहन बोकेका छन् । ठुला ठुला कृति त धनीका लागि मात्र हुन् भन्ने विचारका धनी श्याम प्रसाद ठुला ठुला कृतिहरूबाट अरुको समय र पैसा बर्बाद पार्नु भन्दा थोरैमा चटक्क चाहिने कुरा भन्न पाइयोस् भन्ने मान्यता राख्दछन् । यो विचार पनि उनको प्रगतिवादी विचार नै हो ।

शर्माका कुनै पनि कृति प्रगतिवादी विचार र मान्यताबाट टाढा छैनन् । उनको **'बहिनीलाई चिठी भाग-१'** नामक कृतिमा तत्कालीन नेपाली नारीहरूको पीडा, व्यथा र समस्याहरू अनि बाधा, अड्चन, रूढि र कुरीतिलाई तहसनहस पारेर सबै बहिनीहरूलाई उठ्न आह्वान गरिएको छ भने अर्को कृति **'बहिनीलाई चिठी भाग-२'** मा सबै बहिनीहरूलाई हकहितका पक्षमा अगाडि बढ्न र अरु समान जीवन जिउन आह्वान गरिएको छ । त्यसैले यी दुवै कृतिहरूलाई प्रगतिवादको राम्रो उदाहरणका रूपमा लिन सकिन्छ ।

शर्माको प्रगतिवादी विचारले युक्त अर्को कृति **'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता'** हो । यसमा शर्माका प्रगतिवादी विचार धाराहरू प्रशस्तै पाउन सकिन्छ । बाल बालिकाको बसउठ, हिँडडुलदेखि हरेक क्रियाकलापमा अभिावक वा संरक्षकले ध्यान पुऱ्याउनु पर्दछ भन्ने मान्यता स्वरूप शर्माले यस कृतिको सिर्जना गरेका हुन् । यस पुस्तिकामा जातीय र वर्गीय विभेदको कुरा उठाएर धनी, गरिब र जुनसुकै ठाउँका बाल बालिका समान हुन् भन्ने कुरा यसरी गरेका छन् :-

*संसारका जुनसुकै धर्म मान्ने र मुलुकमा बस्ने भए पनि सबै आमाबाबु आफ्ना बालकहरूलाई उत्तिकै माया गर्छन् र तिनको कल्याणका लागि उत्तिकै सुर्ता र सक्दो प्रयत्न गर्दछन् । समाजमा धनी-गरिब जस्तो ठूलो फाटो छ भन्दैमा आफ्नो सन्तानप्रतिको माया कुनै वर्गको पनि घटीबढी हुँदैन । त्यसैले अन्तर्राष्ट्रिय बालदिवस लाई वर्गीय पर्व नमानेर संसारभरिका बालखहरूको साझा हितप्रति सजगताको रूपमा लिइन्छ । हाम्रो मुलुकमा पनि यो दिवस यस्तै दृष्टिकोणबाट प्रेरित भएर मनाइनुपर्छ ।*

*(शर्मा, २०४७:५)*

बाल बालिकाको हक अधिकारका विषयमा चासो राखि रहने शर्माले शिक्षाप्रति राज्यको चासो भएमा बाल बालिकाले कुनै पनि कारणले बाध्यताबस शिक्षा लिनबाट वञ्चित हुनु पर्दैनथ्यो भन्ने विचार यस पुस्तकमा उठाएका छन् । यस विषयमा उनी भन्दछन् :-

*"पढ्नुपर्ने र खेल्नुपर्ने केटाकेटीले यसरी ज्याला तलबमा काम गर्नुपर्ने अवस्था रहनुको मुख्य कारण गरिबी नै देखिएको छ । सबै आमा बाबुको निमित्त काम-मामको राम्रो व्यवस्था भएमा र केटीकेटीहरूको निमित्त निम्न माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुन सकेमा बाल मजदुर बढ्नुपर्ने अवस्था प्रायः आउने छैन" ।*

*(शर्मा, २०४७:१९)*

शर्मा आफ्ना कृतिहरू मार्फत वैज्ञानिक र जनवादी शिक्षाको माग गर्दछन् । उनी भन्दछन् - "केटाकेटीहरूलाई वैज्ञानिक र जनवादी तवरबाट हुर्काउन र तिनका अभिभावक र शिक्षकहरूलाई पनि यस विषयमा राम्ररी शिक्षा तथा तालिम दिनु आवश्यक छ ।

अहिलेको यो समयमा आइपुग्दासम्म बाल बालिकालाई परम्परागत विचार र शिक्षामा नै अल्मल्याउनु भन्दा वैज्ञानिक र जनवादी शिक्षा नै उचित हुन्छ भन्ने उनको मान्यता छ ।

शर्माका अन्य चार वटा बालगीत सङ्ग्रहहरू बाल रूचि, मनोरञ्जन, खेलकुद, पशुपक्षी, बाल स्वभाव, स्वास्थ्य जस्ता विविध विषयका बारेमा जानकारी दिइएका छन् । यी चार वटा बालगीतका माध्यमबाट शर्माले समानता, न्याय र बाल अधिकारका लागि समेत क्रियाशील भई प्रदान गरेको बालगीतहरू प्रगतिशील चेतनाका उदाहरण हुन् (प्रधान, २०६१:६४) । शर्माले यी कृतिहरूमा त्यतिमात्र होइन कि वैज्ञानिक शिक्षा प्राप्त गर्ने अधिकार, शिक्षा, स्वस्थ र गाँसबासमा राज्यले गर्नुपर्ने दायित्वका बारेमा पनि कुरा उठाएका छन् भने यी कृतिहरूका माध्यमबाट बाल बालिकाका शारीरिक र मानसिक विकासका लागि पनि जोड गरेका छन् ।

शर्माले आफ्ना बाल साहित्यिक कृतिहरूमार्फत अभिभावक, संरक्षक र राज्यले बाल बालिकाका पक्षमा गर्नुपर्ने दायित्व र व्यवहारको उल्लेख गरेर सही व्यवहार र असल शिक्षा दिएर बालकलाई भविष्यका उज्ज्वल नक्षत्र बनाउन सल्लाह र सुझाव दिएका छन् । उनका कृतिहरूले बाल बालिकालाई हेप्ने र बेवास्ता गर्ने पुरानो चलनको ठाउँमा नयाँ जनवादी भावनाको विकास गरेका छन् (अधिकारी, २०६६क:४२३) त्यस्तै शर्माले आफ्ना कृतिहरूका माध्यमबाट बाल बालिकाका विकासमा अभिभावकको भूमिका तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्वलाई समेत स्पष्ट पारेका छन् (गिरी, २०६९ख:१०) ।

शर्माका सबै कृतिहरूको अध्ययन गर्दा उनको मूल प्रवृत्तिका रूपमा प्रगतिवाद नै देखिन्छ । सामाजलाई सधैँ परिवर्तनतिर धकेल्न चाहने परिवर्तनकारी साहित्यकार जसले प्रगतिवादको मान्यतालाई स्थायित्व प्रदान गर्न ठुलो योगदान गरे, ती मध्ये एक व्यक्तित्वको नाम श्याम प्रसाद शर्मा हो (गिरी, २०६१:६९) । विशेष मनोरञ्जनलाई मात्र साहित्यमा प्राथमिकता दिने नेपाली बाल साहित्यका क्षेत्रमा शर्माका कृतिहरूले मनोरञ्जन साथै परिवर्तनमूलक र जानकारीमूलक कृतिहरू दिएर प्रगतिवादी प्रवृत्तिद्वारा बाल साहित्यमा महत्त्वपूर्ण योगदान गरेका छन् ।

## ४.५ भाषागत योगदान

भाषा कुनै पनि साहित्यको एक महत्त्वपूर्ण अङ्ग हो । भाषाका माध्यमबाट नै साहित्य बुझ्न सकिन्छ । यदि कुनै पनि साहित्यमा भाषा जटिल र अस्पष्ट छ भने त्यो साहित्य जो कोहीले बुझ्न गाह्रो पर्दछ । त्यसैले साहित्य लेखनको महत्त्वपूर्ण तत्त्व नै भाषालाई मान्न सकिन्छ । बाल साहित्य त केटाकेटीका लागि तयार गरेको साहित्य हो, त्यसैले बाल साहित्यमा भाषा जटिल र अप्ठ्यारो भयो भने बालकका कलिला मस्तिष्कले भन्न खोजेको कुरा बुझ्न गाह्रो पर्दछ ।

बाल साहित्यकार श्याम प्रसाद शर्माका विचारमा आफ्ना भावना र विचारलाई रसिलो किसिमले मीठो भाषाका माध्यमबाट प्रस्तुत गरिएको रचना नै बाल साहित्य हो (अधिकारी, २०६६क : ४३४) । त्यसैले होला उनका सम्पूर्ण बाल साहित्यिक कृतिहरू सरल र स्पष्ट भाषामा गहन विषयलाई लिएर आएका हुन्छन् । शर्माका बाल साहित्यिक कृतिहरू ठुलाले बाल बालिकाका निम्ति पढ्ने मात्र नभएर ससाना बाल बालिकाले पढ्ने पनि छन् । त्यसैले उनका सबै रचनामा बोधगम्य भाषाको प्रयोग गरिएको छ । भर्खर अक्षर चिन्ने बालकलाई पनि शर्माका भाषाले अड्काउँदैन । त्यही भाषागत सरलताले गर्दा नै होला उनका कुनै पनि कृति बाल बालिकालाई बढी जानकारीमूलक भएर पनि अरूचिकर छैनन् । उनी मान्छे जति बाहिरबाट हेर्दा सरल र सादा देखिन्छन्, उनका कृतिहरूको भाषा पनि त्यस्तै सरल र सबैले बुझ्ने किसिमका छन् (विष्ट, २०६५:८१) ।

बाल बालिकाका स्वभाव र रूचि अनि उनीहरूका क्रियाकलापलाई सजिलैसँग कृति रचनामा ल्याउन सक्ने शर्मा बाल बालिकालाई शुद्ध भाषाको प्रयोग, मान्यजन र गुरुजनप्रति आदर सम्मान तथा शिष्टाचारको पालना जस्ता कुराहरूमा जोड दिन्छन् (शर्मा, २०४७:६१) । त्यसैले त उनका कृतिहरू पनि सोही विचार अनुकूल नै देखिन्छन् । केटाकेटीहरूसँग खेल्न, बोल्न र उनीहरूलाई साथी बनाउन रुचाउने शर्मा उनीहरूका हर विचारलाई अनुगमन गरिरहेका हुन्छन् । केटाकेटीहरूलाई यिनीहरू के जान्दछन् र भन्ने सोच्नु हुन्न, उनीहरूले त हामीले जस्तो व्यवहार गऱ्यो त्यस्तै सिको गर्ने हुन् (हुमागाइँ, २०४८:३४) भन्ने विचारका शर्माले आफ्ना बाल साहित्यिक कृतिहरूमा पनि सभ्य भाषाको प्रयोग र शिष्ट व्यवहारकै कुरा उठाएका छन् ।

उनका बाल साहित्यिक कृतिहरू प्रायः छोटा छोटा पदावली र छोटा र मीठा वाक्यका छन् । यिनै छोटा र मीठा वाक्यमा गहकिलो सन्देश रहेको हुन्छ । शर्माले प्रायः एउटा र दुइटासम्म पदावलीका अर्थपूर्ण वाक्यको प्रयोग गरेका छन् । लामा लामा घुमाउरो वाक्यको प्रयोग नगरी छोटा र अर्थपूर्ण वाक्यको प्रयोग गरेका छन् । लामा लामा वाक्य र घुमाउरो अर्थ उनका कृतिबाट टाढै छन् । शर्माका प्रायः रचनामा सामान्य बोलीचालीको भाषा प्रयोग गरेकाले जो कोही सर्वसाधारणले पनि सजिलै बुझ्न सक्दछन् । भन्नु पर्ने कुरा थोरैमा भन्न पाइयोस् (चाम्लिङ, २०६२ : २) भन्ने विचारका धनी श्याम प्रसादका कृतिका वाक्यहरू त्यस्तै नै छन् । उनका कृतिमा प्रयोग भएका शब्दहरूमा सबैभन्दा बढी तत्भव शब्दकै प्रयोग छ भने बालक, पुस्तक, ज्ञान, पाठशाला जस्ता तत्सम शब्दहरूको प्रयोग पनि गरिएका छ । त्यस्तै उनका रचनामा अनुकरणात्मक शब्दका साथै चिची, पापा, माम, आची, भौ जस्ता बाल भाषाको पनि प्रयोग गरिएका छन् । शब्दहरूलाई मीठासपूर्ण बनाउन नै, त, नि, पनि, चाहिँ जस्ता निपातहरूको प्रयोग र पदावलीलाई जोड्नका लागि संयोजकको प्रयोग पनि गरिएको छ । आवश्यकता अनुसार अल्पविराम, अर्धविराम, विस्मयादि बोधक र पूर्ण विराम चिन्हहरू पनि प्रयोग उचित रूपमा गरेका शर्माका कृतिहरु भाषा र व्याकरणका दृष्टिले उत्कृष्ट छन् ।

त्यसैले शर्माका बाल साहित्यमा भाषागत योगदानको आँकलन गर्दा उनका कृतिका भाषाशैली सरल, सहज, स्पष्ट र ससाना बाल बालिकादेखि सबै उमेर समूहका बाल बालिकाका लागि बोधगम्य छन् भन्न सकिन्छ ।

## ४.६ लयगत योगदान

श्याम प्रसाद शर्माका बाल साहित्यिक कृतिहरूमा पद्य विधा अन्तर्गत लयको आँकलन गर्न सकिन्छ । प्रौढ साहित्यमा जस्तै बाल साहित्यमा रूप वा सीप र विचार वा विषयवस्तु दुवै महत्त्वपूर्ण छन्, त्यसमा पनि विचार पक्ष नै प्रमुख हो र यसको अभ्यासका लागि बाल बालिकासँग घनिष्ठता र सङ्गत नै गर्नु पर्दछ (शर्मा, २०४७:६१) भन्ने मान्यता शर्माको थियो सोही अनुरूप उनका कृतिहरू पनि बाल बालिकासँगको घनिष्ठता, हिचमिच, ख्यालठट्टा र रमाइला कुराकानीकै अनुभवहरू तयार पारिएका हुन् भन्न सकिन्छ ।

सामान्यतः बाल बालिकालाई एउटै कृतिमा विविध लयभन्दा एउटै लयको प्रयोग भयो भने बुझ्न सजिलो हुन्छ जस्तो लाग्छ तर केटाकेटीहरू पनि छन्दमा परिवर्तन नै

चाहन्छन् । "केटाकेटीहरूले अरु किसिमका छन्दमा पनि गीतको चाहना गरे र बालकहरू पनि छन्दमा विविधता खोज्दा रहेछन् भन्ने मैले थाहा पाएँ" (शर्मा, २०४७:५५) भन्ने शर्माको भनाई अनुसार केटाकेटीहरू छन्दमा परिवर्तन त चाहन्छन् तर उनीहरूले गाउन रुचाउने खालका छन्दको पनि चाहना राख्दछन् । केटाकेटीका रूचि र चाहना बुझेर उनीहरूका रूचि अनुकूलकै छन्दको प्रयोग गरेर शर्माले रचनाहरूको सिर्जना गरे । उनका प्रायः गीतहरू झ्याउरे र मुक्त लयमा छन् । धेरै जसो उनका गीतहरूमा १४ अक्षरका लयको प्रयोग गर्न खोजिएको छ तर स्वरको आरोह अवरोहले गर्दा अक्षरमा घटबढ हुन आउँछ । उनका गीतहरूमा ११ देखि २१ अक्षर सम्मका पङ्क्ति छन् । जे भए पनि शर्माका गीतहरूमा प्रायः १४ अक्षर सम्मको लयको प्रयोग भएको पाइन्छ । त्यसदेखि बाहेक उनका रचनाहरूमा अक्षरगत समानता नहुने भावको प्रवाह अनुसार निर्मित गद्य लयको पनि प्रयोग गरिएको छ ।

शर्माले बाल साहित्यिक कृतिहरूको रचना गर्दा केटाकेटीहरूका रूचि अनुकूल गरेका हुनाले उनका रचनाहरू लयगत दृष्टिले उत्कृष्ट छन् । उनले "प्रौढ मित्रहरूसँग मेरा गल्तीहरू औंल्याइ दिनोस् भन्दा एउटा पनि आलोचना खुस्किएन तर बाल मित्रहरूले नधकाई गल्ती देखाइ दिनाले सुधार्ने मौका पाए" (शर्मा, २०४७:५१) भनेबाट पनि बाल बालिकाकै सहयोगमा शर्माले कृतिको रचना गरेको प्रष्टिन्छ । त्यसैले शर्माका कृतिहरूमा लयको संयोजनले पनि बाल साहित्यका विकासमा बाल रूचि अनुकूल महत्त्वपूर्ण स्थान पायो । यसर्थ शर्माका बाल साहित्यमा लयगत योगदान पनि महत्त्वपूर्ण मान्न सकिन्छ ।

### ४.७ संरचनागत योगदान

बाल साहित्यकार श्याम प्रसाद शर्माका बाल साहित्यमा योगदानको अर्को पक्ष संरचनागत योगदान पनि हो । शर्माले बाल साहित्यमा संरचनागत रूपमा पनि योगदान पुऱ्याएको छन् । बाल बालिकालाई लामा लामा रचनाहरू भन्दा छोटा छोटा रचना नै रूचि अनुकूल हुन्छन् र श्याम प्रसादका गद्य रचनाहरूको बाह्य संरचना हेर्दा प्रायः ससाना कृतिहरू साथै त्यस कृतिभित्र पनि ससाना लेखहरू समाविष्ट छन्, जसले गर्दा पढ्न बसेपछि दिक्क मानेर उठ्नु पर्ने अवस्था आइ पर्दैन । तिनै ससाना र छोटा छोटा अनुच्छेदमा ठुला ठुला विचार शर्माका आफ्ना कृतिमा अभिव्यक्त हुन्छन् । उनका रचनामा थोरैमा धेरै

कुरा व्यक्त हुनु र गहन विषयलाई पनि सरल ढङ्गले व्यक्त गर्नु उनको विशेषता नै हो ( गिरी, २०६९खः१३)

उनका पद्य साहित्यतर्फ पनि बाह्य संरचनाका रूपमा साना आकारका कृतिभित्र छोटा छोटा रचनाहरू समाविष्ट गरिएका छन् । शर्माका चार वटा बालगीत सङ्ग्रहहरू पनि छोटा, एक पृष्ठमा एउटा रचना भएका, बढीमा २ पङ्क्ति र घटीमा १२ पङ्क्तिका साथै ३ देखि ७ श्लोक सम्मका देखिन्छन् । ती सम्पूर्ण रचनाहरूको बनोट चाहिँ कुनै कुनै मात्र स्थायी र अन्तराको प्रयोग छ भने प्रायः रचनामा क्रमबद्ध रूपमा छन् ।

त्यसैले श्याम प्रसाद शर्माका रचनाहरूको संरचना हेर्दा बाह्य संरचनामा छोटा, मीठा, थोरै समयमा पढेर सकिने छोटा छोटा अनुच्छेद र श्लोकका रचनाहरू पाइन्छन् भने भित्री संरचना त भाषगत योगदानमा पनि धेरै उल्लेख गरिएको छ । 'ठुला ठुला रचना त धनीका लागि मात्र हुन्, ठुला कृति सिर्जना गरेर अरुको समय बर्बाद पार्नुभन्दा थोरैमा धेरै कुरा भन्न सकियोस्' (चाम्लिङ्ग, २०६२:२) भन्ने उनको भनाइले नै के स्पष्ट पार्दछ भने लामो घुमाउरो संरचना शर्माका कृतिमा पाइदैन र उनका कृतिहरू ससाना हुन्छन् । तिनै संरचनागत गुणहरूले गर्दा नै शर्माका कृतिहरूले बाल साहित्यमा राम्रो स्थान ओगटेका छन् ।

**४.८ अन्य योगदान**

वरिष्ठ बाल साहित्यकार श्याम प्रसाद शर्मा नेपाली बाल साहित्यका क्षेत्रमा अग्रणी व्यक्तित्व मानिन्छन् । उनका बाल साहित्यिक कृतिमा बाल बालिका स्वयम्ले पढ्ने र बाल बालिकाबारे रचिएको सामग्री ठुलाले पढ्ने दुवै किसिमका कृतिहरू पर्दछन् । त्यस्तै उनका कृतिहरू सबै उमेरलाई उपयोगी छन् ।

बाल साहित्यका हस्ती श्याम प्रसाद शर्माका योगदानलाई कृतिगत, विधागत, विषयगत, भाषागत, लयगत र संरचनागत योगदान भित्र मात्र सीमित गरेर पुग्दैन । यी त प्रमुख योगदान मात्र हुन् । यी देखि बाहेक पनि अन्य आधारहरूमा पनि शर्माका योगदानहरूको मूल्याङ्कन गर्न सकिन्छ । शर्माले विभिन्न पत्र पत्रिकामा बाल बालिकाको निम्ति लेख रचनाहरू प्रकाशित गरेर आफू मात्र होइन अरुलाई पनि बाल साहित्य रच्ने प्रेरणा प्रदान गरेका छन् । ती **'भूत बनेर तर्साइदिन्थेँ'** (शर्मा, २०५८:घ), **'बहिनीलाई चिठीको**

**कथा'** (शर्मा, २०५१:१८), **'तपस्या कसरी गर्ने'** (शर्मा, २०५४:५), **'विद्यालय बेलाका केही सम्झना'** (शर्मा २०५४/५५:३०), **'भूतको भिनाजु कहाँ बस्दा'** (शर्मा, २०५५:७१) आदि लेखहरू हुन् । यस्ता लेखहरू बाल बालिका र बाल साहित्यमा समेत महत्त्वपूर्ण हुन्छन् ।

शर्माले बाल साहित्यमा विभिन्न पत्र पत्रिकाको सम्पादन र प्रकाशनका माध्यमबाट पनि योगदान पुऱ्याएका छन् । ती पत्र पत्रिकाहरूले बाल साहित्यलाई विकसित गर्दै अगाडि बढाउन मद्दत गर्दछन् । 'प्रलेस' का संस्थापक अध्यक्ष समेत भएका शर्मा पूर्णाङ्क १० सम्म प्रधान सम्पादक भएर सेवा गरे भने अन्य धेरै पत्र पत्रिकामा पनि उनले सम्पादक र प्रकाशक भएर कार्य गरे । ती पत्र पत्रिकाहरूले बाल साहित्यलाई पनि राम्रो स्थान दिएका थिए । त्यसैले अन्य योगदान झैं शर्माले पत्र पत्रिकाका माध्यमबाट पुऱ्याएको योगदानलाई पनि छुटाउन मिल्दैन ।

शर्माको विचार अनुसार "बाल साहित्यमा चाहे गद्यमा होस् या पद्यमा चित्र अनिवार्य हुनु पर्दछ" (शर्मा, २०४७:५६) भन्ने मान्यता अनुरूप उनका बाल साहित्यिक रचनाहरू त्यसमा पनि बालगीतमा श्लोक नै पिच्छेका छेउ छेउका चित्रले अक्षर चिन्न नसक्ने जो कोहीलाई पनि बुझ्न सजिलो भएको छ । त्यसैले शर्माले आफ्ना रचनामा चित्र राख्न लगाएर बाल बालिकालाई झन रूचिकर बनाएका छन् । शर्माको यो चित्रगत विचार पनि बाल साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान ठहर्छ ।

### ४.९ निष्कर्ष

बहुमुखी प्रतिभाका धनी, वरिष्ठ साहित्यकार श्याम प्रसाद शर्मा बाल साहित्यका क्षेत्रमा पनि एक अग्रणी व्यक्तित्व हुन् । उनको नाम बाल साहित्यका क्षेत्रमा अग्र स्थानमा आउँछ । वि.सं. २००१ देखि औपचारिक रूपमा लेखन क्षेत्रमा लागेका शर्मा वि.सं. २००७ वि.सं. २००७ देखि बाल साहित्य लेखनमा समेत प्रवेश गरे । अन्य प्रौढ साहित्यभन्दा अलि पछि परेको अवस्थाको बाल साहित्यका क्षेत्रमा उनले आफ्ना रचनाहरू प्रकाशित गरेर साथै अन्य विविध माध्यमबाट विधागत, कृतिगत, प्रवृत्तिगत, विषयगत, भाषागत, लयगत र संरचनागत रूपमा पुऱ्याएका योगदानलाई प्रमुख योगदान मान्न सकिन्छ ।

गद्य र पद्य दुवै विधामा कृतिहरूको रचना गरेर शर्माले बाल साहित्यको क्षेत्र फराकिलो बनाएका छन् । उनको कृतिगत योगदानमा वि.सं. २००७ मा प्रकाशित

**'बालशिक्षा'** नामक सानो पुस्तिका पहिलो कृति हो भने त्यसपछिका छ दशक जति लामो समयमा करिब एक दर्जन जति बाल साहित्यिक कृतिहरू प्रकाशन गरे । उनका अन्य कृतिहरूमा **'बहिनीलाई चिठी भाग १'**(२००८) **'बहिनी चिठी भाग २'** (२०१२), **'चीनका पुराना नीति कथाहरू'** (अनुवाद २०२४), **'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता'** (२०४७), **'केही कविता : केही गीत'** (२०४३), **'मेरी सानी साथी'** (२०४३), **'हामी हुन्छौँ बलिया बलियो'** (२०५२), **'हाम्रो इच्छा'** (२०५७) **'मेरा गीतहरू : तिम्रा स्वरहरू'** (२०६१) र **'राम्रो-नराम्रो'** (२०६६) हुन् । यिनै कृतिहरूका माध्यमबाट शर्मा बाल साहित्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सफल छन् । शर्माले आफ्ना रचनाहरूमा एक मात्र नभइ विविध विषयलाई आधार मानेर कृति रचना गरेका छन् । उनले मुख्य रूपमा सामाजिक, व्यावहारिक, नैतिक, स्वास्थ्य सम्बन्धी, खेलकुद सम्बन्धी, बोटविरूवा सम्बन्धी र बाल हकहित सम्बन्धी विषयलाई आफ्ना कृतिमा समावेश गरेर ती विषयहरूको जानकारी प्रदान गरेका छन् । मनोरञ्जनका साथै ज्ञान पनि प्रदान गर्नु शर्माको मुख्य उद्देश्य हो ।

शर्माका कृतिहरूमा प्राय छोटा छोटा अनुच्छेद वा संरचनामा गहकिलो अर्थ लुकेको पाइन्छ । सामान्य बोलीचालीको भाषा प्रयोग सबै उमेर र स्तरका पाठकका लागि बोधगम्य बन्न पुगेको छ । भाषागत सरलता शर्माको बाल साहित्यमा अर्को योगदान हो भने लय प्रयोगका दृष्टिमा पनि बाल बालिकाका रूचि अनुकूलको लय प्रयोग गर्दै गीतको सिर्जना गर्नु र छोटा छोटा श्लोक हुनु प्रमुख विशेषता र लयगत योगदान पनि हो ।

बाल साहित्यका क्षेत्रमा शर्माले विभिन्न पत्र पत्रिकाको प्रकाशन र सम्पादन गरेर पनि योगदान गरेका छन् । त्यस्तै उनका विभिन्न पत्र पत्रिकामा प्रकाशित आफ्ना लेख रचनाहरूले साहित्यमा लाग्न खोज्ने सर्जकहरूलाई समेत हौसला प्रदान गरेका छन् । शर्माका कृतिहरूमा साथमा राख्न लगाएको चित्रले त झन् बाल बालिकालाई मनोरञ्जन साथै भर्खरै अक्षर चिन्न लागेका बाल बालिकाले समेत बुझ्ने मौका पाएका छन् ।

यसरी बाल साहित्यकार श्याम प्रसाद शर्माको बाल साहित्यका क्षेत्रमा योगदानको आँकलन गर्दा के स्पष्ट हुन्छ भने उनी बाल साहित्य रचना मात्र निर्माण गर्ने नभई बाल रूचि अनुकूलका रचना पनि सिर्जना गर्ने साहित्यकार हुन् । उनी एक विधाका रचनाहरू नभएर बहुविधामा रचना गर्ने र मनोरञ्जन मात्र दिने नभई बाल बालिकालाई शारीरिक र मानसिक दुवै रूपमा सक्षम बनाउने कार्यमा जोड दिने साहित्यकार हुन् ।ससाना विषयदेखि

लिएर अधिकार, कर्तव्य र राज्यको दायित्व समेतलाई आफ्ना रचनामा समावेश गरेर नयाँ किसिमका कृतिहरूको सिर्जना पनि उनले गरे भने एकै उमेरका नभई सबै उमेर समूह र अभिभावक समेतलाई ज्ञान दिने किसिमका कृतिहरूको सिर्जना पनि उनले गरे । त्यसैले शर्मालाई आफूले मात्र बाल साहित्यको सिर्जना नगरेर अरुलाई पनि प्रेरित गर्ने र राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत बाल बालिकालाई परिचित गराउने कार्यमा जुटेका एक अनुकरणीय व्यक्तिका रूपमा लिन सकिन्छ । वास्तवमा सिर्जनात्मक र सैद्धान्तिक दुवै पक्षबाट हेर्दा उनले बाल साहित्यका क्षेत्रमा गरेका योगदानलाई उत्कृष्ट मान्न सकिन्छ ।

## परिच्छेद पाँच

# उपसंहार

प्रस्तुत शोधपत्र नेपाली बाल साहित्यकार श्याम प्रसाद शर्माका बारेमा तयार पारिएको हो । बहुमुखी प्रतिभाका धनी, वरिष्ठ साहित्यकार श्याम प्रसाद शर्माले साहित्यका अन्य क्षेत्रसँगै बाल साहित्यका क्षेत्रमा पनि वि.सं. २००७ बाट अनवरत रूपमा लागि रहेको पाइन्छ । त्यसैले उनले ६ दशक लामो अन्तरालमा बाल साहित्यका क्षेत्रमा गरेको योगदानलाई आधार मानेर **"नेपाली बाल साहित्यमा श्याम प्रसाद शर्माको योगदान"** शीर्षकमा यो शोधपत्र तयार गरिएको छ ।

### ५.१ सारांश

प्रस्तुत शोधपत्र जम्मा पाँच वटा परिच्छेदमा तयार गरिएको छ । यसको पहिलो परिच्छेदमा 'शोधको परिचय' शीर्षक राखिएको छ । यस शीर्षक अन्तर्गत विषय परिचय, समस्या कथन, शोधपत्रको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोध कार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

यस अन्तर्गत 'नेपाली बाल साहित्यमा श्याम प्रसाद शर्माको योगदान' शीर्षकमा रहेर उनका बाल साहित्यिक कृतिहरू कुन कुन हुन् ? र बालगीतहरू के कस्ता छन् ? र श्याम प्रसाद शर्माले बाल साहित्यमा के कस्तो योगदान गरेका छन् ? भन्ने समस्याको अध्ययन गरेर शर्माका बाल साहित्यिक कृतिहरूको परिचय र बालगीतको विश्लेषण गर्नु र श्याम प्रसाद शर्माका बाल साहित्यमा योगदानको निरूपण गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ । शोधपत्र तयार गर्न श्याम प्रसाद शर्माका जीवनीपरक, कृतिपरक र समालोचनापरक सामग्रीहरू सङ्कलन गरेर व्याख्यात्मक र विश्लेषणात्मक विधिमा शोध तयार गर्ने भनी पाचौँ परिच्छेदसम्मको रूपरेखा प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा श्याम प्रसाद शर्माको 'जीवनी र व्यक्तित्व' शीर्षक राखिएको छ । यस परिच्छेदमा शर्माका जीवनी र व्यक्तित्वका विशिष्ट पक्षहरू समेटिएको छ । जीवनी पक्षमा आठ र व्यक्तित्वमा ६ वटा पक्षको परिचय दिइएको छ । वि.सं. १९८६ असार ६ गते मकवानपुरको मन्थली गा.वि.सं.  अन्तर्गत सोलीथुम गाउँमा जन्मेका श्याम

प्रसाद शर्मा पिता जोगनाथ उपाध्याय लामिछाने र माता हुत कुमारी देवी लामिछानेका एक मात्र सन्तान हुन् । शर्मा पाँच वर्षका हुँदा आमा र १३ वर्षका हुँदा बुबाको मृत्यु भयो । आमाको मृत्यु भएपछि उनको सम्पूर्ण लालनपालनको जिम्मा ठुली आमा जीवप्रिया देवीले लिएपछि उनलाई कहिल्यै टुहुरो हुनुको अनुभव भएन । सोलीथुमबाट आमाको मृत्यु हुनु अघि नै उनका बाबुले वीरगन्जको श्रीपुरमा बसाइँ सारेका थिए । त्यस पछिको उनको सम्पूर्ण बाल्यकाल त्यहीँ श्रीपुरमै बित्यो ।

निम्न वर्गीय परिवारका श्याम प्रसादले पहिले घरमै आफ्ना पिताबाट अक्षराम्भ गरे पछि औपचारिक रूपमा दरबार हाइ स्कुलमा संस्कृत पढ्नका लागि भर्ना भएका थिए तर अङ्ग्रेजी शिक्षा लिएर योग्य बनाउने उद्देश्यले उनका बाबुले त्रिजुद्ध हाइ स्कुलमा कक्षा ४ मा भर्ना गरिदिए । त्रिजुद्ध हाइ स्कुलमा पढ्ने क्रममा जब उनी १३ वर्षका भए, उनका पिताको पनि मृत्यु भयो । बाबुको मृत्यु भएपछि शर्माले गरिबीका बाबजुद पनि रेल स्टेशनमा पत्रिका बेच्दै र वरिपरिका केटाकेटीलाई ट्युसन पढाउँदै आफ्नो पढाइलाई निरन्तरता दिन भने छाडेनन् । पढाइलाई निरन्तरता दिइरहँदा पछि उनी राजनीतिमा पनि सक्रिय भए बापत उनलाई स्कुल निकाला गरियो । भारतको पटना विश्व विद्यालय अन्तर्गत मोतीहार केन्द्रबाट म्याट्रिकुलेसन परीक्षा दिए पनि उनी सफल हुन सकेनन् । त्यसपछिको उनको औपचारिक पढाइ आर्थिक अवस्था र पारिवारिक जिम्मेवारीका कारण अगाडि बढाउन नसकी अन्त्य गरे । औपचारिक पढाइ छाडे पनि उनले स्वाध्यायन र लगनशीलताले गर्दा आफूमा शैक्षिक र बौद्धिक विकास गर्दै गए ।

शर्मा चौध वर्षका हुँदा आफ्नी आमा र मामाका करमा मावलीघर चाबहिल नजिकैको एक कुलीन पण्डितकी छोरी जीव मञ्जरी देवीसँग उनको विवाह भयो तर पछि परिपक्व हुँदै जाँदा उनीहरूको व्यवहार र विचार मिल्ने जस्तो लागेन । वि.सं. २०१० मा श्याम प्रसाद आफैँले कानुन बमोजिम पारपाचुके गरे । पहिलो विवाहबाट असन्तुष्ट भई पारपाचुके गरी सकेका शर्माले पुनः बी.ए. पास गरेकी एक लेखिका शशिकलालाई भेटे । उनीहरूका बिचको त्यो भेटघाट विस्तारै प्रेममा परिणत भई पछि विवाहसम्म पुग्यो । वि.सं. २०१३ फागुनमा विवाह बन्धनमा बाँधिएका उनीहरूको क्रमशः १४ र १५ सालमा दुई छोरीहरूको जन्म भयो । छोरीहरु ४/५ वर्षका हुँदा शशिकला कारणवश वीरगन्जमा बस्न पुगीन् भने त्यही बेलादेखि नै उनीहरूमा केही विचार नमिलेको अनुभव हुन थाल्यो । वि.सं.

२०२४ देखि शर्माले पार्टीका कारण भूमिगत हुनु पऱ्यो भने यता शशिकलाले पनि दोस्रो विवाह गरिन् । यसरी दुई श्रीमतीबाट पनि पारिवारिक जीवन सफल नभएपछि शर्मा तेस्रो विवाहतिर भने लागेनन् ।

वरिष्ठ बाल साहित्यकार श्याम प्रसाद शर्मा एक व्यक्तित्वका धनी होइनन् , उनी त विविध व्यक्तित्वका धनी प्रतिभा हुन् । साहित्यका क्षेत्रमा पनि विविध विधामा कलम चलाउने शर्माका अन्य व्यक्तित्वहरू पनि साथै छन् । वि.सं. २००१ बाट औपचारिक रूपमा लेखनमा लागेका शर्माको पहिलो साहित्यिक रचना 'उदय' पत्रिमा प्रकाशित हिन्दी कविताको अनुवाद **'सन्देश'** (२००२) हो । त्यसपछि त उनका साहित्यिक कृति, लेख रचनाहरू फटाफट प्रकाशित हुन थाले । उनका साहित्यमा कविता, निबन्ध डायरी, गीत, बालगीत, संस्मरण, अनुवाद लेखन र समालोचना जस्ता विधाका रचनाहरू प्रकाशित छन् ।

शर्मा साहित्यकार व्यक्तित्वदेखि बाहेक राजनीतिक व्यक्तित्व पनि हुन् । पहिले काङ्ग्रेस त्यसपछि कम्युनिष्ट पार्टीमा सक्रिय शर्मा पार्टीकै कारण तिन पटक जेल परे भने २४ बर्से भूमिगत जीवन पनि जिउन बाध्य भए । साहित्यिक र राजनीतिक व्यक्तित्व बाहेक उनका सम्पादक, पत्रकार, समाज सुधारक, पथ प्रदर्शक जस्ता व्यक्तित्व पनि सफल नै पाइन्छन् । शर्माका यी सबै व्यक्तित्वहरू उत्तिकै सम्मानीय र अनुकरणीय देखिन्छन् ।

बहुमुखी प्रतिभाका धनी विविध व्यक्तित्वका शर्मालाई नचिन्ने सायद कमै नेपाली होलान् । एक क्षेत्रमा मात्र होइन विविध क्षेत्रमा लगनशील शर्मालाई वि.सं. २०४७ मा भूमिगत जीवनबाट बाहिर आएपछि झन्डै पाँच दशक लामो साहित्य साधनमा लागेर भाषा तथा साहित्यका क्षेत्रमा उल्लेखनीय कार्य गरे बापत विभिन्न सामाजिक तथा साहित्यिक सङ्घ, सङ्गठनहरूले उनलाई पुरस्कार र सम्मानपत्र प्रदान गरेका छन् । उनी 'कृष्णमणि साहित्य पुरस्कार' 'महेन्द्र प्रज्ञा पुरस्कार', 'व्यक्तित्व पुरस्कार', 'मुक्ति पुरस्कार', 'वीसाप साहित्य स्रष्टा पुरस्कार', 'नेबासास पुरस्कार', 'गोकुल साहित्य पुरस्कार', 'जन साहित्यिक पुरस्कार', 'अर्जुन घले साहित्य पुरस्कार', 'ध्रुबचन्द्र गोतामे पुरस्कार', 'शंकर लामिछाने पुरस्कार', 'धनुषचन्द्र गोतामे पुरस्कार', 'आमा पुरस्कार' र 'भानु साहित्यिक प्रतिष्ठान पुरस्कार' बाट पुरस्कृत भएका छन् भने अन्य सम्मान र प्रमाण पत्र त उनका कति छन् कति छन् । यसरी सम्मानित हुने क्रममा उनलाई ने.प्र.प्र. का आजीवन सदस्यमा पनि मनोनयन गरिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा श्याम प्रसाद शर्माका बाल साहित्यिक कृतिहरूको सामान्य परिचय र प्रौढले अध्ययन गर्ने कृतिहरूलाई विषयवस्तु, उद्देश्य र भाषा शैलीका आधारमा विश्लेषण गरिएको छ भने बालगीतहरूको विश्लेषण विधा तत्त्वका आधारमा गरिएको छ । यस परिच्छेदमा जम्मा तिन वटा उपशीर्षक र अन्य ससाना शीर्षकहरू समेटिएको छ । पहिले 'बाल साहित्यको सामान्य परिचय र परिभाषा', दोस्रोमा 'श्याम प्रसाद शर्माका बाल साहित्यिक कृतिहरूको परिचय' र तेस्रो उप शीर्षकमा बालगीत सङ्ग्रहहरूको विश्लेषणलाई समेटिएको छ ।

बाल साहित्य भनेको केटा केटीहरूले पढ्ने साहित्य हो साथै केटाकेटीका बारेमा लेखिएको ठुलाले पढ्ने साहित्यलाई पनि बाल साहित्य भनिन्छ । श्याम प्रसाद शर्माका पनि गद्य र पद्य दुवै विधामा बाल साहित्यिक कृतिहरू प्रकाशित छन् । उनका गद्यतिरका बाल साहित्यिक कृतिहरूमा **'बालशिक्षा'** (२००७) पहिलो कृति हो, त्यसपछिका उनका कृतिहरू **'बहिनीलाई चिठी भाग १'** (२००८), **'बहिनीलाई चिठी भाग २'** (२०१२), **'चीनका पुराना नीतिकथाहरू'** (अनुवाद २०२४) र **'हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता'** (२०४७) हुन् भने पद्य साहित्य तर्फका बाल साहित्यक कृतिहरू **'मेरी सानी साथी'** (२०४३), **'केही गीत केही कविता'** (२०४३), **'हामी हुन्छौँ बलियो'** (२०५२), **'हाम्रो इच्छा'** (२०५६) **'मेरा गीतहरू : तिम्रा स्वरहरू'** (२०६१), र **'राम्रो-नराम्रो'** (२०६६) हुन् । शर्माका यी सम्पूर्ण कृतिहरूमध्ये विशेष बालिकाले नै पढ्ने कृति अन्तर्गत चार वटा बालगीत सङ्ग्रहहरू **'मेरी सानी साथी'**, **'हामी हुन्छौँ बलियो'**, **'हाम्रो इच्छा'** र **'राम्रो-नराम्रो'** पर्दछन् । त्यसैले यस तेस्रो परिच्छेदमा केटाकेटी स्वयम्ले पढ्ने चार वटा बालगीतको गहन विश्लेषण गरिएको छ भने अन्य प्रौढले बाल बालिकाका लागि पढ्ने साहित्यको विषयवस्तु, उद्देश्य र भाषाशैलीका आधारमा सामान्य विश्लेषण गरिएको छ ।

शर्माका चार वटा बालगीतहरूको अध्ययन गर्दा नौ वटादेखि तिस वटासम्म गीत समावेश गरिएका छन् भने ती गीतहरू छोटा छोटा संरचनामा बढीमा २८ पङ्क्ति र घटीमा ६ पङ्क्ति सम्मका र बढीमा ७ श्लोक र घटीमा ३ श्लोक सम्मका रचना छन् । विविध विषयमा रचित यी चार वटा गीत सङ्ग्रहहरूमा कल्पना, भाव, विम्ब प्रतीकको प्रयोग अलि कमजोर देखिन्छ । हुन त बाल साहित्यिक कृति हुन् तापनि शून्य नै भने होइन आंशिक रूपमा भने विम्ब प्रतीकको पनि प्रयोग छ भने कल्पना विना त पक्कै कृति रचना गरेनन् ।

जुनसुकै विषयलाई समेटेर पनि शर्माले सरल सहज भाषाशैलीका गीत रचना गरेका छन् । त्यसैले विषयवस्तु चयन, भाषा प्रयोग र लयका दृष्टिले भने ती चार वटा बालगीतहरू उत्कृष्ट छन् ।

यस शोधपत्रको चौथो परिच्छेदमा आइपुग्दा शोधपत्रको प्रमुख उद्देश्यसम्म आइ पुगिन्छ । यस परिच्छेदमा नेपाली बाल साहित्यकार श्याम प्रसाद शर्माको योगदानलाई निर्क्योल गरिएको छ । यसमा शर्माका विधागत, लयगत, कृतिगत, भाषागत, प्रवृत्तिगत, विषयगत र संरचनागत योगदानलाई केलाइएको छ ।

नेपाली बाल साहित्यको क्षेत्र प्रौढ साहित्य भन्दा तुलनात्मक रूपमा अलि पछाडि नै छ भन्न सकिन्छ । थालनीका आधारमा पनि यो अलि पछाडि नै परेको साहित्य हो । त्यसैले अलि पछिल्लो स्थानमा परेको बाल साहित्यका क्षेत्रमा श्याम प्रसाद शर्माले पनि सैद्धान्तिक र सिर्जनात्मक दुबै तर्फबाट योगदान गरेका छन् । सर्वप्रथम उनको बाल साहित्यमा योगदानको आँकलन गर्दा गद्य र पद्य दुवै विधामा कृति सिर्जना गरेर उनले बाल साहित्यको क्षेत्र फराकिलो बनाएका छन् । उनका गद्य र पद्य विधामा पनि कविता, कथा, गीत, निबन्ध जस्ता विधागत कृतिहरू पर्दछन् साथै विभिन्न लेख रचनाहरूबाट गरेको योगदान पनि उल्लेखनीय पाउन सकिन्छ । विविध विषयमा साहित्य रचना गर्ने शर्माका सामाजिक, व्यावहारिक, नैतिक, स्वास्थ्य सम्बन्धी, असल स्वभाव सम्बन्धी, खेलकुद सम्बन्धी वातावरण र हकहितका विषयहरू महत्त्वपूर्ण छन् । सबै उमेरका बाल बालिका साथै अभिभावकसम्मलाई सन्देशमूलक यी रचनाले बाल साहित्यका क्षेत्रमा राम्रो योगदान पुऱ्याएका छन् । उनका बाहिरैबाट साना कृति, ससाना रचना साथै ती रचनाभित्र पनि छोटा वाक्य तर तिनै वाक्यमा अर्थपूर्ण र गहकिला भनाइहरू पाइन्छन् । थोरैमा धेरै भन्न पाइयोस् भन्ने मान्यताका शर्माका यिनै प्रवृत्तिहरूले गर्दा कृतिहरू अरूचिकर भने छैनन् ।

प्रगतिवादी प्रवृत्तिका शर्माको विचार सधैँ प्रगतिवादोन्मुख नै देखिन्छ । प्रगतिवादी विचारका शर्माका बाल साहित्यिक कृतिहरू पनि प्रगतिवादी प्रवृत्तिकै देखिन्छन् । बाल बालिकालाई मनोरञ्जन दिने मात्र नभई, मनोरञ्जनका साथ उनीहरूमा शारीरिक र मानिसक रूपले स्वस्थ साथै असल बानी व्यवहार र विज्ञानसम्मत समाजतर्फ उन्मुख हुने प्रेरणा प्रदान गर्नु पर्दछ भन्ने मान्यता बोकेका शर्माका कृतिहरूले अभिभावक समेतलाई सधैँ

बाल बालिकाका हकहित र उनीहरूलाई सानैदेखि कस्तो व्यवहार गर्दै लैजाँदा पछि स्वस्थ समाजको निर्माण हुन्छ भन्ने कुराको जानकारी दिएका छन् ।

यसरी शर्माले यति मात्र होइन हरेक पक्षबाट बाल साहित्यमा योगदान दिइरहे । उनले बाल पत्र पत्रिकामा अनेक लेख रचनाहरू प्रकाशित गरेर आफू मात्र हैन अरुलाई पनि बाल साहित्य रच्ने प्रेरणा प्रदान गरे । उनले बाल बालिकाका लागि भनेर 'राम्रो-नराम्रो' नामक स्तम्भ नै खडा गरेका थिए भने हाल त्यसैको अनुकरण गरेर धेरैले यस्ता स्तम्भ चलाइ रहेका छन् । यो स्तम्भ बाल बालिकाका लागि महत्त्वपूर्ण योगदानको रूपमा सावित हुन्छ । उनले विभिन्न पत्र पत्रिकाहरूका सम्पादन र प्रकाशन गरेर पनि बाल साहित्यमा विशिष्ट योगदान पुऱ्याएका छन् । उनको बाल साहित्यमा सैद्धान्तिक र सिर्जनात्मक दुवै पक्ष सबल मान्न सकिन्छ । यसरी यस चौथो परिच्छेदमा श्याम प्रसाद शर्माका बाल साहित्यमा योगदान शीर्षकलाई ८ वटा उप शीर्षकहरूमा विभाजन गरेर मूल्याङ्कन गरिएको छ ।

यस शोधपत्रको पाँचौं परिच्छेद 'उपसंहार' राखिएको छ । उपसंहार भागमा पनि सारांश, प्राप्ति र सम्भावित शीर्षकहरू तिन वटा उप शीर्षकहरू समेटिएको छ । सम्पूर्ण शोधपत्र तयार पारिसक्दा निष्कर्षमा के भन्न सकिन्छ भने वरिष्ठ बाल साहित्यकार श्याम प्रसाद शर्माको सम्पूर्ण मूल्याङ्कन गर्दा उनी मान्छे जति सरल र उच्च विचारका धनी छन् त्यस्तै उनका सम्पूर्ण बाल साहित्यिक कृतिहरू पनि उनी जस्तै सरल, सहज र उच्च विचारका छन् । उनका भाषाशैलीगत जटिलता पनि नभएका कृतिहरू सरलताका उदाहरण हुन् । विविध व्यक्तित्वमा सशक्त र सक्रिय शर्मा सबै क्षेत्रमा उतिनै लोकप्रिय त छन् नै अझ साहित्यका फाँटको बाल साहित्यका क्षेत्रमा त झन् बाल बालिकाका प्यारा नै बनेका छन् । अभिभावक समेतलाई उपयोगी हुने कृतिहरू बाल बालिकाका लागि त झन् नौलो विचारका छन् । बाल बालिकालाई नचाउने, खेलाउनेदेखि हकहितका कुरासम्म उठाइएका उनका बाल साहित्यिक कृतिहरू कति महत्त्वपूर्ण छन् भने यी कृतिहरू पढ्ने बाल बालिका र अभिभावक जो कोही पनि उनका असल प्रेरणाबाट उम्कन सक्दैनन् । त्यसैले नेपाली बाल साहित्यका क्षेत्रमा श्याम प्रसाद शर्मा एक पथ प्रदर्शकका भूमिकामा रहेका असल साधक र बाल बालिकाका लागि त झन् अभिभावक नै हुन् भन्दा पनि फरक पर्दैन ।

## ५.२ प्राप्ति

यो शोधपत्र तयार पारिसक्दा श्याम प्रसाद शर्मा र उनका बाल साहित्यिक कृतिहरूको सम्पूर्ण अध्ययन भएको छ । वि.सं. २००७ बाट बाल साहित्य लेखनमा प्रवेश गरेर आजसम्मको ६ दशक लामो अन्तरालमा करिब एक दर्जन साहित्यिक कृतिहरू प्रकाशित गरेर र अन्य क्षेत्रबाट बाल साहित्यका क्षेत्रमा उनले योगदान पुऱ्याएका छन् । त्यसैले शर्माले बाल साहित्यका क्षेत्रमा पुऱ्याएका योगदानको मूल्याङ्कन यसमा भएको छ ।

शोध समस्यामा रहेर शर्माका बारेमा सम्पूर्ण अध्ययन गरिसक्दा के भन्न सकिन्छ भने शर्माले ६ दशक अघिदेखि बाल साहित्यका क्षेत्रमा लागेर अनवरत रूपमा बाल साहित्यिक रचनाहरू सिर्जना गर्दै आइ रहेका छन् । उनले गद्य र पद्य दुवै विधामा बाल साहित्यिक कृतहिरू रचना गरेका छन् । सरल, सहज भाषाशैलीमा थोरैमा धेरै भनिने उनका कृतिहरू विविध विधा र विषयमा समेटिएका छन् भन सबै उमेर समूह र अभिभावक समेतलाई शिक्षा दिने चेतनामूलक पनि छन् । बाल बालिकाका शारीरिक र मानसिक विकासको खोजी गर्ने शर्माका कृतिहरूमा असल, कुशल र ज्ञानी पात्रहरूको प्रयोग गर्दै बाल बालिकालाई शिक्षित र जिम्मेवार नागरिक बनाउने प्रयत्न गरिएको छ ।

शर्माका बाल साहित्यिक कृतिहरू गद्य र पद्य दुई विधाका छन् । गद्य विधा अन्तर्गत **'बालशिक्षा'** (२००७), **'बहिनीलाई चिठी भाग-१'** (२००८), **'बहिनीलाई चिठी भाग-२'** (२०१२), **'चीनका पुराना नीतिकथाहरू'** (अनुवाद २०२४) र **'हाम्रा बाल बालिकाहरु : हाम्रो नयाँ पुस्ता'** (२०४७) गरेर पाँच वटा पर्दछन् भने पद्य विधा अन्तर्गत **'मेरी सानी साथी'** ( २०४३), **'केही गीत : केही कविता'** (२०४३), **'हामी हुन्छौँ बलियो'** (२०५२), **'हाम्रो इच्छा'** ( २०५६), **'मेरा गीतहरू : तिम्रा स्वरहरू'** (२०६१) र **'राम्रो-नराम्रो'** (२०६६), गरी छ वटा छन् । त्यसैले तुलनात्मक रूपमा गद्य भन्दा पद्य साहित्य बढी छन् ।

शर्माका यी सम्पूर्ण बाल साहित्यमा प्रायः सबै विषय समेटिएका छन् भने ती विषयहरूमा पनि बाल स्वभाव र स्वास्थ्य अनि हकहितका विषय बढी छन् । गद्य साहित्य अन्तर्गत शर्माले, अभिभावकले बाल बालिकालाई हिँड्डुल, बस, उठ खानपान सबै कुरामा विचार पुऱ्याउनु पर्दछ भन्ने कुरा अभिव्यक्त गरेका छन् भने त्यसभन्दा बढी बाल बालिकाका हकहितका कुरा उठाएर उनीहरूलाई आफ्नो अधिकारका लागि उठ्न आह्वान गरेका छन् ।

पद्य साहित्यतर्फ हेर्दा उनका कृतिहरू सामाजिक, नैतिक, खेल, वातावरण, बाल स्वभाव, स्वास्थ्य र हककहितका विषयमा छन् भने त्यसमा पनि सबैभन्दा बढी स्वास्थ्य र बाल स्वभावका विषयमा आधारित छन् ।

प्रायः छोटा छोटा कृति र ती कृतिभित्र पनि ससाना रचना भएका श्याम प्रसाद शर्माका कृतिहरूमा पनि गद्य साहित्य अन्तर्गत एउटा कृतिभित्र ससाना अरु रचनाहरू समाविष्ट गरिएका छन् र ती रचनाहरूमा पनि छोटा छोटा तर धेरै कुराहरू समेटिएका अनुच्छेदहरू छन् भने पद्य साहित्यमा पनि ससाना रचनाहरू, थोरै पङ्क्तिका, बढीमा ७ श्लोक र घटीमा ३ श्लोक सम्मका रचनाहरू पाइन्छन् । शर्माका पद्य साहित्यमा समावेश गरिएका रचना, त्यसमा पनि बालगीतहरूमा प्रायः १४ अक्षरे लयको प्रयोग छ साथै स्वरको आरोह अवरोहले गर्दा १० देखि २१ अक्षरसम्मका पङ्क्तिहरू भएका अक्षरगत असमानता हुने गद्य लयको प्रयोग गरिएको छ । विम्ब, भाव, कल्पना र प्रतीकका दृष्टिमा अलि कमजोर भए पनि अनुप्रास प्रयोगको उचित संयोजनले गर्दा गीतमा लयको मीठास आउँछ । विम्ब प्रतीकको त्यति प्रयोग नगरी  सरल सहज भाषाशैलीको प्रयोग गरे तापनि बाल साहित्य भएकाले गर्दा कमजोरी नभई बालसाहित्यको विशिष्टता पनि हो ।

भाषा प्रयोगका दृष्टिमा पनि बाल साहित्य त्यसै पनि सरल हुने नै भयो, त्यसमा पनि शर्मा सरल सहज भाषाशैलीका खानी भएकाले जटिलता भन्ने कुरा नै उनका साहित्यमा आउँदैन । शब्द प्रयोगका आधारमा शर्माका सम्पूर्ण बाल साहित्यिक कृतिहरूमा तत्भव शब्दहरूको बढी प्रयोग छ भने केही मात्रामा तत्सम र आगन्तुक शब्दहरू पनि पाइन्छन् । शर्माले चार वटा बालगीतमा बाल बोली पनि प्रयोग गरेर अझ गीतमा मीठास थपेका छन् । ठाउँ ठाउँमा प्रयोग भएका निपात र आवश्यकता अनुसार प्रयोग गरिएका संयोजकले त झन् वाक्य वा श्लोकमा अझ मीठास ल्याएका छन् । यी कृतिहरूमा आवश्यकता अनुसार अल्पविराम, अर्धविराम, विस्मयादि बोधक जस्ता चिन्हहरू पनि ठाउँ ठाउँमा प्रयोग गरिएका छन् ।

शर्माका यी कृतिहरू प्रगतिवादी प्रवृत्तिका उदाहरण हुन् । बाल बालिका सहित अभिभावक वा संरक्षकलाई समेत शिक्षा दिने शर्माका कृतिहरूले समाज परिवर्तनको चाहना राखेका छन् । बाल बालिकाका हकहित, वर्गीय विभेदको अन्त्य र समानता तथा न्यायका विषयमा कुरा उठाएका यी कृतिहरू प्रगतिवादी प्रवृत्तिका उदाहरण हुन् । स्वास्थ्य जस्तो

विषयलाई अगाडि सारेर रूढि, कुरीति र अन्धविश्वासी परम्परालाई हटाएर नयाँ विज्ञान सम्मत समाजको निर्माण गर्ने प्रयत्नमा शर्मा यी कृतिहरूका माध्यमबाट जुटेका छन् ।

त्यसैले शर्माका गद्य र पद्य साहित्यको अध्ययन गर्दा गद्यमा बाल बालिकाबारे लेखिएका हुनाले पढ्नु र जान्नु पर्ने साहित्य पर्दछन् भने पद्य साहित्य अन्तर्गत धेरै जसो कृतिहरू बाल बालिका स्वयम्ले पढ्ने र दुई वटा मात्र ठुलाले पढ्ने रचनाहरू समाविष्ट छन् । शर्माले त्यति मात्र नभई राजनीति, पत्रकार, सम्पादन र लेख रचनाका माध्यमबाट बाल साहित्यमा योगदान पुऱ्याएका छन् ।

अन्त्यमा के भन्न सकिन्छ भने सरलताका उदाहरण शर्माका बाल साहित्यिक कृतिहरूले बाल बालिकालाई मात्र नभएर अभिभावक र संरक्षक समेतलाई ज्ञान प्रदान गरेका छन् । बाल बालिकाहरूसँग खेल्दै र सङ्गत गर्दै आएका शर्माले बाल साहित्य सिर्जना मात्र होइन बाल रूचि अनुकूलका साहित्य पनि सिर्जना गरेका छन् । उनी एक विधामा मात्र नभई बहुविधाका रचना गर्ने र मनोरञ्जन मात्र दिने नभई बाल बालिकालाई शारीरिक र मानसिक दुवै रूपमा सक्षम बनाउन प्रयत्न गर्ने साहित्यकार हुन् । ससाना विषयदेखि अधिकार, कर्तव्य र राज्यको दायित्व समेतलाई आफ्ना रचनामा समेटेर शर्माले नयाँ किसिमका कृतिहरू सिर्जना गरेका छन् । आफू मात्र बाल साहित्य सिर्जना गर्ने नभई अरुलाई पनि प्रेरित गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म बाल बालिकालाई परिचित गराउने व्यक्तिका रूपमा श्याम प्रसाद शर्मालाई लिन सकिन्छ । यी सबै विशेषताहरू नै श्याम प्रसाद शर्माले बाल साहित्यमा पुऱ्याएका योगदान हुन् भने यसका सम्पूर्ण अध्ययन पूरा हुनु नै यस शोधपत्रको प्राप्ति पनि हो ।

### ५.३ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू

यो शोधपत्र नेपाली बाल साहित्यमा श्याम प्रसाद शर्माको योगदानमा केन्द्रित रहेको छ । भविष्यमा उनका बाल साहित्यिक क्षेत्रका विविध पक्षहरूलाई केलाएर अध्ययन गर्ने सम्भाव्य शीर्षकहरू यस प्रकार छन् :-

१. श्याम प्रसाद शर्माका बाल साहित्यिक कृतिहरूमा भाषा प्रयोग ।

२. श्याम प्रसाद शर्माका बाल साहित्यिक कृतिहरूको कृतिगत अध्ययन ।

३. प्रगतिवादी बाल साहित्यमा श्याम प्रसाद शर्मा ।

४. श्याम प्रसाद शर्माका बाल साहित्यमा विषय चयन ।

# सन्दर्भ कृति सूची


अधिकारी, धर्मराज (२०४३), 'श्याम प्रसाद शर्माको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन', एम.ए. शोधपत्र, त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग ।

... ... ... (२०६३), **आँखीभ्यालबाट हेर्दा श्याम प्रसाद,** काठमाडौं : रमला स्मृति कोष ।

... ... ... (२०६६क), 'प्रगतिवादी नेपाली साहित्यमा श्याम प्रसाद शर्माको योगदान' अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्व विद्यालय ।

... ... ... (२०६६ख), 'साँच्चीकै सम्माननीय', **श्यामप्रसाद**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

... .. ... (२०६९क), **श्याम प्रसाद शर्माको जीवनी/व्यक्तित्व,** काठमाडौं : माधुरी मानन्धर ।

... ... ... (२०६९ख), **श्याम प्रसाद शर्माको प्रबन्धगत योगदान,** काठमाडौं : साहित्य सेवा सदन ।

अधिकारी, नानी मैयाँ (२०६५), 'आँखामा राख्दा नबिभ्काउने व्यक्ति', **श्यामप्रसाद : अक्षरको अभिवादन,** काठमाडौं : ज्ञानगुन साहित्य प्रतिष्ठान ।

अधिकारी, वासुदेव (२०४७), 'युग निर्माणको पुस्तक', **लहर,** वर्ष २४, अङ्क १२, पृ. ४३-४५ ।

आचार्य, विजयराज (२०६६), **श्यामप्रसाद**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

कार्की, कर्ण (२०७०), 'आइमाई साथी' निबन्धको सांस्कृतिक अध्ययन', **प्राज्ञिक संसार,** वर्ष १, अङ्क ८, पृ. ५३-५५ ।

कोइराला, बद्री (२०६१), 'साहित्यबाट समाजसुधार चाहने साहित्यकार', **तरुण,** कात्तिक १६, वर्ष ८, अङ्क २८, पृ. ५ ।

खनाल, केशव (२०५८), 'श्याम प्रसाद शर्मा : प्रगतिशील साहित्यिक आन्दोलनका धरोहर', **छलफल,** वर्ष १९, अङ्क ५०, पृ. ५ ।

गिरी, जीवेन्द्र देव (२०४८), 'प्रगतिशील लेखक सङ्घका सभापति श्याम प्रसादसँग अन्तर्वार्ता', **रातो थुङ्गा,** वर्ष १, अङ्क १, पृ. ७-९ ।

... ... ... (२०६१), **नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

... ... ... (२०६९क), **नेपाली प्रगतिवादी साहित्यका विशिष्ट आयाम** काठमाडौं : मध्य पश्चिमाञ्चल साहित्य परिषद् ।

... ... ... (२०६९ख) **रचनामा विवेचना,** काठमाडौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।

चाम्लिङ, भोगीराज (२०६३), 'स्रष्टाहरूको आन्दोलनलाई सशक्त बनाएर लैजानुपर्छ', **जनएकता** साप्ताहिक, वर्ष ११, अङ्क २६, पृ.२ ।

चालिसे, विजय (२०५३), 'विविध नेपाली वाङ्मय विगत र वर्तमान', **मधुपर्क**, वर्ष ३५, अङ्क १, पृ. १६-१८ ।

ज्ञवाली, राम प्रसाद (२०५३), '१९९५ का रचनामा स्रष्टा तथा द्रष्टा श्याम प्रसादको मूल्याङ्कन', **प्रलेस,** वर्ष ४, पूर्णाङ्क ७, पृ. ६७-८१ ।

तिवारी, प्रेमनाथ (२०६१), "नेपाली बाल साहित्यमा 'मुना' पत्रिकाको योगदान, एम.ए. अप्रकाशित शोधपत्र, त्रिभुवन विश्व विद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

दुवाल, मोहन (२०६५), 'वरिष्ठ प्रगतिशील साहित्यकार : श्याम प्रसाद', **श्यामप्रसाद अक्षरको अभिवादन,** काठमाडौं : ज्ञानगुन साहित्यिक प्रतिष्ठान ।

नेपाल, शारदारमण (२०४७), 'बाल बालिकाहरूका निमित्त बूढा कविताहरू', **जनमत,** वर्ष ७, अङ्क ८, पूर्णाङ्क ३६, पृ.१५ ।

न्यौपाने, घनश्याम (२०६१), 'साहित्य र राजनीतिका परिवृतमा श्याम प्रसाद' **मधुपर्क**, वर्ष ३७, अङ्क १०, पूर्णाङ्क ४२९, पृ. ६१-६९ ।

पराजुली, कृष्ण प्रसाद (२०५३), 'श्याम प्रसाद फेरि आँखामा', **यथार्थ कुरा,** वर्ष १, अङ्क ११, पृ. ३-५ ।

पाण्डेय, डिल्लीराम (२०५६), 'श्याम प्रसाद शर्माको निबन्धकारिता', अप्रकाशित एम.ए. शोधपत्र, त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

पोखेरल, राममणि (२०७०), 'बाल साहित्यका साधक श्याम प्रसाद', **प्राज्ञिक संसार,** पूर्णाङ्क ६०, बैसाख-असार, पृ. २७६-२८० ।

प्रकाशक (२०४७), 'भूमिका' **हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता,** श्याम प्रसाद, काठमाडौं : बालकोसेली ।

प्रधान, गौरी (२०४७), 'भूमिका' **हाम्रा बाल बालिकाहरू : हाम्रो नयाँ पुस्ता,** काठमाडौं : बालकोसेली ।

प्रधान, प्रमोद (२०६१), **नेपाली बाल साहित्यको इतिहास,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

प्रधान, भिक्टर (२०५३), 'बाल साहित्यको अर्थ, उद्देश्य र आधुनिकता', **बाल साहित्य,** वार्षिक, पृ. ५ ।

बन्धु, चूडामणि (२०५१), 'बाल साहित्य उद्देश्य र चर्चा', **बाल साहित्य,** वर्ष ७, अङ्क ५, पृ. २५-२६ ।

बराल, कृष्णहरि (२०६१), **गीत सिद्धान्त र इतिहास,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्ट, भीमदेव (२०६५), 'होचो कदका अग्ला व्यक्तित्व **श्यामप्रसाद : अक्षरको अभिवादन,** काठमाडौं : ज्ञानगुन साहित्य प्रतिष्ठान ।

लुइटेल, नरनाथ (२०६८), 'डायरीका पानाहरूमा श्याम प्रसाद', **मेरा डायरीका पाना,** काठमाडौं : सेवा सदन ।

वाग्ले, अनन्त प्रसाद (२०५८), 'भूत बनेर तर्साइ दिन्थे' **कोपिला,** असोज २६, पृ.च ।

विविध, तारा (२०६५), 'श्याम प्रसादसँगको एक भेट', **श्याम प्रसाद : अक्षरको अभिवादन,** काठमाडौं : ज्ञानगुन साहित्य प्रतिष्ठान ।

विष्ट, नानीमैयाँ (२०६५), 'मेरो आँखामा श्याम प्रसाद शर्मा', **श्यामप्रसाद : अक्षरको अभिवादन,** काठमाडौं : ज्ञानगुन साहित्य प्रतिष्ठान ।

शर्मा, श्याम प्रसाद (२०१२), '**बहिनीलाई चिठी भाग २**', काठमाडौं : केदारनाथ न्यौपाने र बलराम श्रमजीवी ।

… … … (अनु. २०२४), **चीनका पुराना नीतिकथाहरू,** काठमाडौं : नेपाल चीन मैत्री सङ्घ ।

… … … (२०४३क), **केही गीत : केही कविता,** काठमाडौं : नेपाल चीन मैत्री सङ्घ ।

… … … (२०४३ख), **बहिनीलाई चिठी भाग १,** दो.स. भक्तपुर : प्रगतिशील लेख भण्डार ।

… … … (२०४३ग), **मेरी सानी साथी,** काठमाडौं : साहित्य सेवा सदन ।

… … … (२०४७), **'हाम्रा बाल बालिकाहरू हाम्रो नयाँ पुस्ता'**, काठमाडौं : बालकोसेली ।

… … … (२०५१), 'बहिनीलाई चिठीको कथा', **लहर** वर्ष १६, अङ्क २, पृ.ग ।

… … … (२०५२), **हामी हुन्छौं बलियो,** काठमाडौं : साझा प्रकाशन ।

… … … (२०५४), 'तपस्या कसरी गर्ने' **मुना मासिक,** २०५४, भदौ पृ. ५ ।

… … … (२०५४/५५), 'विद्यालय बेलाका केही सम्झना', **नव प्रज्ञापन** वर्ष ६, सयुक्ताङ्क, पृ. ११-१५ ।

… … … (२०५४/५५), 'दसैं, तिहार जस्ता पर्वलाई कसरी लिने', **नव प्रज्ञापन**, वर्ष ६, सयुक्ताङ्क, पृ. ४७-४८ ।

… … … (२०५४/५५), 'स्वास्थ्य सम्बन्धी मेरा केही धारणा' **नव प्रज्ञापन,** वर्ष ६, सयुक्ताङ्क, पृ. ४८-५१ ।

… … … (२०५६), **हाम्रो इच्छा**, काठमाडौं : साझा प्रकाशन ।

……….(२०५७), **मेरा डायरीका पाना (१९६१-६५),** काठमाडौं : साहित्य सेवा सदन ।

… … … (२०५८), 'भूत बनेर तर्साइदिन्थे', **कोपिला,** असोज २६, पृ.ज

… … … (२०६१), **मेरा गीतहरू : तिम्रा स्वरहरू,** काठमाडौं : झुल्का प्रकाशन ।

… … … (२०६४), **मेरा डायरीका पाना (१९९२),** काठमाडौं : साहित्य सेवा सदन ।

… … … (२०६६क), **आजको हाम्रो कर्तव्य,** काठमाडौं : विनोद अधिकारी ।

… … … (२०६६ख), **राम्रो-नराम्रो,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

… … … (२०६८), **'मेरा डायरीका पाना** (सन् १९९३)', काठमाडौं : साहित्य सेवा सदन ।

श्रेष्ठ, कृष्णप्रसाद (२०६५), 'श्यामजी मेरो सम्झनामा', **श्यामप्रसाद : अक्षरको अभिवादन**, काठमाडौं : ज्ञानगुन साहित्य प्रतिष्ठान

सिलवाल, नकुल (२०५९), 'सिद्धिचरण : केही स्मरण, केही मूल्याङ्कन' **सर्वश्रेष्ठ दश,** काठमाडौं : बगर फाउन्डेसन नेपाल ।

सुवेदी, राजेन्द्र (२०६१), **नेपाली समालोचना परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन ।

सुवेदी, होम (२०५३), 'व्यावहारिक लघु वार्तिककार : श्याम प्रसाद', **यथार्थ कुरा** वर्ष १, अङ्क १०, पृष्ठ ६-७ ।

हुमागाईं, जनक प्रसाद (२०४८), 'म कहाँ भरे एक जना साथी आउँदै हुनुहुन्छ', **मधुपर्क**, वर्ष ७, अङ्क ९, पृ.३४ ।

… … … (२०५६), **नेपाली बाल साहित्यको इतिहास,** काठमाडौं : सुनकोशी साहित्य प्रतिष्ठान ।